कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो
saptahik.ekantipur.com
# साप्ताहिक
• वर्ष २४ • अंक ४७ • FRIDAY, 19 APRIL 2019 • काठमाडौं शुक्रबार, वैशाख ०६, २०७६ • पृष्ठ ३२ • मूल्य रु. १५/-



# मिस नेपालका २५

## यस भित्र


- हाम्रो पात्रो कसरी जन्मियो ?
- टाटु मोहितहरुको भेला
- सन्दीप इमर्जिङ प्लेयर एवार्डमा
- टिकटक क्वीन अन्जुसँग गफगाफ
- दुलही बन्दै रेनेशा
- २०७६ मा कस्ता चलचित्र आउँदैछन् ?




## YouTube ट्रेन्डिङ

| क्रम | शीर्षक | च्यानल |
|---|---|---|
| १ | स्टुडेन्ट अफ द इयर-२ | धर्मा प्रोडक्सन |
| २ | वास्ते सङ | टी-सिरिज |
| ३ | बटरफ्लाई | हाइलाइट्स मुभिज |
| ४ | कान्छी | बूढासुब्बा |
| ५ | जिग्री एण्ड पाँडे | केबिसी नेपाल |
| ६ | भद्रगोल-२०६ | मिडिया हब |
| ७ | २०७६ सालमा | प्राइम टाइम्स |
| ८ | दोहोरी ब्याटल-२ | प्रकाश सपूत |
| ९ | मायाभन | वामइन्डियामुभिज |
| १० | हिन्दी डब्ड | स्टुडियो टिभी |

## फोटो अफ दि विक



■ **समाजसेवी अभिनेत्री** : हालै सिन्धुपाल्चोकमा आफ्नै पहलमा पुस्तकालयको निर्माण थालेकी अभिनेत्री जान्वी बोहोराको पछिल्लो फोटोशुट ।



■ **अर्का कान्छा बालक** : बागलुङका मनोज विक आठ वर्षका भए पनि निकै होचा छन् । झट्ट हेर्दा उनी विश्वकै होचा दिवंगत कलाकार दिपेन शाहजस्तै देखिन्छन् । उनी अहिले विभिन्न मेला महोत्सवहरूमा सहभागी भैरहेका छन् ।



■ **रोमान्टिक जोडी** : चलचित्र निर्देशक ऋषि लामिछाने तथा अभिनेत्री सरिता लामिछाने रोमान्टिक मुडमा ।




नियम मान्नु पर्छ , मनाउनु पर्छ । कति नलेखिएका नियम प्राकृतिक न्यायको सिद्धान्तले भन्छ र मान्न बाध्य बनाउँछ । नेपालमा विदेशी चलचित्र को सेन्सरको सिस्टमको प्रकृया नै प्रश्न चिन्ह बोकेर बसेको छ । यस बिषयमा सम्बन्धित निकायसंग कुनै प्लेटफर्ममा पछि कुरा गरौंला र कमजोरीलाई हटाउँला । तर कुनै पनि नयाँ चलचित्र शुक्रवार रिलिज हुन्छ र हुनुपर्छ । प्रभावशाली समुह, व्यवसायी अथवा व्यक्तिको प्रभावमा विशेष दिन, विशेष समय, विशेष फिल्म भन्दै 'तैं चुप मैं चुप' बसेर निरीह थुक घुटुक्क निल्ने समय होइन यो । वर्षौंदेखिको पेशागत लडाईंमा अस्तित्व कायम गर्न एउटा सुरुवाति कदम हो-चलचित्र कलंकको रिलिजको नियमन । अडान नछोड, खुट्टा नकमाउ 'बोर्ड' ।

**दिनेश डिसी**



■ **अमिरासँग दीपक** : गायक दीपक बज्राचार्य आफ्नी धर्मपत्नीसँग ।



बालुवाटारको जग्गा केस प्रतिनिधि पात्र हो । देशभर राजनीति दलका कार्यकर्ता भूमाफियासँगको साँठगाँठबाट टाढा छैनन् । जो राजनीति गर्छन्, निश्चित कुनै पेसामा छैनन्, तर ठूलो घर र चिल्लो गाडीमा हुइँकिन्छन् । राजनीतिमा लागेर सुखी जीवन बिताउनेहरूको सम्पत्ति छानबिन गरे भूमाफिया पत्ता लगाउन गाह्रो छैन ।

**सरस्वती सुब्बा**

सरकारी जग्गा, खासगरी सरकारले मुआब्जा तिरी अधिग्रहण गरेको जग्गा, भूमाफिया र शक्तिशाली व्यक्तिहरूले आफ्नो नाममा लिएका प्रमाण भेटिएपछि सरकारी जग्गा कहाँ-कस्तो अवस्थामा छन् विवरण दिनु भनेर अर्थ समितिबाट मागेका थियौं, तर सम्बन्धित कार्यालयले आजसम्म विवरण दिएन- कथा डरलाग्दा छन् ।

**रामकुमारी झाँक्री**

भूमाफिया ढकाल र सुवेदीले बालुवाटारको ४-४ आना जग्गा (जम्मा आठ आना) एक जना श्रद्धेय नेतालाई जम्मा ४ लाखमा किन्न लगाएर ठगेछन् । नेतालाई ठग्ने भूमाफिया मुर्दावाद ।

**धनराज गुरुङ**

राजधानीका विभिन्न भागमा अवस्थित नेपाल सरकारको स्वामित्वमा रहेको बहुमुल्य जग्गा राजनीतिक नेतृत्व, कर्मचारी, व्यवसायी तथा भू-माफियाको मिलेमतोमा अपचलन हुनु डरलाग्दो संकेत हो ।

**रवीन्द्र मिश्र**

भ्रष्टाचारका मुद्दा कहिल्यै न्यायालयको प्राथमिकतामा पर्दैनन्...र त भ्रष्टाचारी र भूमाफियाहरू हौसिएर लोकतन्त्रमा लुटतन्त्र मच्चाइरहेका छन् । जय होस् तिनको ।

**राम जिसी**

अस्ति रवीन्द्र अधिकारी हवाई माफियाबाट फसाइए, हिजो प्रम ओलीलाई सांस्कृतिक माफियाबाट होली वाइन पिलाइयो, आज विष्णु पौडेल भूमाफियाबाट ठगिए । केही त दया गर माफिया हो, सोझासिधा नेताहरूलाई आनन्दले देश चलाउन देऊ ।

**द टकला**

महासचिव विष्णु पौडेलले नवलपरासीस्थित बर्दघाटको आठ कट्ठा जग्गा दिएर उक्त जग्गा लिनुभएको हो । प्रचलित कानुन बमोजिम खरिद गरेकोमा भूमाफियासँग साँठगाँठ भन्ने समाचार आउनुमा के रहस्य छ ? कसैको चरित्र हत्या गरी समाचार बनाएर पेट पाल्ने प्रवृत्तिको पत्रकारिता मान्य हुँदैन ।

**अर्जुन आचार्य**

म पनि दुई-चार जना भूमाफिया बटुलेर प्रधानमन्त्री निवासको जग्गा खरिद गर्न जानुपर्‍यो । झुक्किएर उपहार पो दिइहाल्छन् कि ?

**रोनिश सामी घले**

कांग्रेसका सन्त नेता कृष्णप्रसाद भट्टराईको पालादेखि सुरु भएको सरकारी जग्गा हडप्ने षड्यन्त्रका विरुद्ध जुनसुकै पार्टीका जग्गा दलाल र भूमाफिया भए पनि यो सरकारले शक्तिशाली आयोग बनाएर फटाहाहरूको पाता फर्काउने हो भने त्यो नै देश र जनताको पक्षमा सही काम गरेको मानिनेछ ।

**ओमकुमार थापा**

ओलीले राजीनामा दिनु पर्ने रे ? तिमी भूमाफिया हौ कि कांग्रेस कार्यकर्ता ? सन्त नेताले गुमाएको जग्गा छानबिन गर्न लगाउने प्रम उल्टै दोषी भए ?

**इलाइट आकाश**

मुलुकमा जे-सुकै तन्त्र आए पनि यी भूमाफिया र हुतिहारा भ्रष्ट कर्मचारीतन्त्रले देशलाई भित्रभित्रै खोक्रो पारी खाइसकेका छन्, हन कस्तो सञ्जाल छ हौ यो भित्र, तैट । यी माफियाले कुन दिन नेपालै बेची खान बेर लाउन्नन् ।

**पिंकी श्रेष्ठ**

सालको पनि अन्त्य भो, मान्छेको पनि अन्त्य भनेको देखियो तर भूमाफिया र भ्रष्टाचारको अन्त्य भएको कहिल्यै देख्न पाइएन । २०७६ सालमा यसको पनि अन्त्य भएको देख्ने ठूलो रहर छ ।

**शक्ति न्यौपाने**

मलाई पनि अलि पछि राजनीति गर्ने मन थियो, तर केही दिन भयो अचानक त्यो आइडिया ड्रप गरेको छु । के भर छ र भूमाफियाहरूले सरकारी जग्गा मलाई जबर्जस्ती भिडाए भने ?

**तरकारी माफिया**

सत्य युगमा भगवान् विष्णुले अन्त कतै जग्गा नपाएर समुन्द्रमा पानीमाथि सर्पको ओछ्यान लगाएर सुत्नुपर्‍यो । कलियुगमा महासचिव विष्णुले अन्त कतै जग्गा नपाएर वालुवाटारको सरकारी जग्गा भूमाफियासँग मिलेर लुट्नुपर्‍यो ।

**निर्मला घोडासैनी**

रेल पहिले आउला कि बालुवाटार (प्रम निवास) पहिले जाला ? थाहा चाहियो ।

**नयनराज पाण्डे**

बालुवाटारको जग्गा सरकारको नाममा फिर्ता गरेर मात्र पुग्ला ? भूमाफियामार्फत चलखेल र सरकारी जग्गा अपचलन गर्ने नेकपाका महासचिव विष्णु पौडेल, भाटभटेनीका मालिक मिनबहादुर गुरुङ, रामकुमार सुवेदी र शोभाकान्त ढकाललाई कारबाही हुनु पर्दैन ?

**डाइफोरगूनर**

हाम्रो बाग्मती पनि यस्तै हुन सक्थ्यो । शिरदेखि पुछारसम्म हरियो पार्क । सरकारका मन्त्रीको खाँचो चैं यस्तो पार्कभन्दा ६-८ आनाको घडेरी थियो । भू-माफिया र चारखाल अड्डका हाकिमले नदीका बगरलाई घडेरी बनाइदिए । राजनीतिमा सार्वजनिक भन्दा समुह/व्यक्तिको स्वार्थ हावी भएपछि हुने यस्तै हो ।

**सूर्यराज आचार्य**

भूमाफिया र भ्रष्ट कर्मचारीलाई कारवाही नगर्ने हो भने प्रधानमन्त्री ज्यू, तपाईं यो सरकारी निवासबाटै अन्यत्र सर्न बाध्य हुनुहुनेछ । तपाईं जहाँ बसेर प्रतिवेदन बुझिरहनुभएको छ, त्यो जग्गा नै व्यक्तिको नाममा सरिसकेको छ ।

**नारायण वाग्ले**

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर को
# करोडपति
## सिजन-३
बनौं होइन त फेरि करोडपति!

**कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्रबाट जित्नुहोस्**

१० लाख — मासिक पुरस्कार
१ करोड — बम्पर पुरस्कार
१ लाख — साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछन्।

**पक्का पुरस्कार**
- शिखर ईन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा
- स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance
Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ




BALTRA एलइडी टिभी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

**ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"**

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बननको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र)। एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन्।

कान्तिपुर kathmandu post

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३


We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY | THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app
2 Scan this code, confirm the payment details and make quick payment.

eSewa
www.esewa.com.np

यात्रा सन्दर्भ



किशोर नेपाल

# सिनेमामा पैसा छ, लोभ लागिहाल्छ

केनिपा' नाम अलिकति अनौठो नै छ । केनिपा सिंह यो नाम उनको ड्याडीको नामको पहिलो अक्षर र ममीको नामको पहिलो अक्षर जोडिएर बनेको हो । पा अक्षर नामको लय मिलाउन राखिएको हो । प्रयोगशील सिनेमा 'साइँली' हेर्ने दर्शकले सह-नायिकाको भूमिकामा रहेकी केनिपाको अभिनय निकै-निकै-निकै मन पराए । साइँली मेनुका प्रधानको साथी र दयाहाङ राईकी प्रेमिकाको भूमिकामा जमेकी थिइन् । २०७६ सालका नेपाली सिनेमामा केनिपाको नाम चम्किनेमा जानिफकारहरू सहमत छन् । केनिपा नाट्य अभिनयमा नयाँ नाम होइन । सिनेमाका लागि उनी नयाँ प्रतिभा हुन् । नयाँ नायिकामा केनिपा एउटा चम्किलो नाम हो । नाटकको पृष्ठभूमिबाट सिनेमामा आएकी केनिपा एकै दृष्टिका भरमा कसैलाई प्रभावित गर्ने अभिनेत्री होइनन् । उनमा अभिनयप्रति गाम्भीर्य छ । उनी चहक-महकमा होइन, अर्थपूर्ण अभिनयमा विश्वास गर्छिन् । 'हामी विज्ञापनका सेलेब्रिटीजस्ता होइनौं,' केनिपा भन्छिन्, 'हामी अभिनेता वा अभिनेत्री हौं । हामीले आफ्नो भूमिका र अभिनयप्रति सधैं सजग र सचेत रहनुपर्छ ।'

सिनेमा र नाटकको अभिनयमा खासै फरक देख्दिनन् केनिपा । उनी भन्छिन्, सिनेमामा एक्सन-कट हुन्छ । नाटकमा हुँदैन । नाटकमा अभिनय गर्दा मज्जा आउँछ, सिनेमाको अभिनय रोचक हुन्छ । रामबाबु गुरुङको लेखन तथा निर्देशनमा बनेको साइँली संवेदनशील सिनेमा हो । यसमा जबर्जस्ती भावुकताको प्रदर्शन गराइएको छैन । साइँलीमा मेनुका प्रधान र गौरव पहाडी नायिका तथा नायकको भूमिकामा छन् भने केनिपा र दयाहाङ राई मेनुका र गौरवका मित्रका रूपमा देखा पर्छन् ।

केनिपा कुशल अभिनेत्री हुन्, तर उनी आफूलाई राम्री नर्तकी मान्दिनन् । दयाहाङसँग नाच्दा उनी नर्भस भइन् । नाच्न निकै गाह्रो भयो उनलाई । मेरो प्रश्न थियो– नाच्न नआउने पनि अभिनेत्री हुन्छन् त ?

'हुन्छन् नि । किन नहुनु ? म छु नि ।' उनले हँसाइन् ।

बिदेसिएपछि प्रेमी र प्रेमिकाको जीवनमा कस्तो असर पर्छ ? साइँलीको मूल कथा र सन्देश यही लाग्यो केनिपालाई । सिनेमामा अभिनय गर्दा केनिपालाई सहज अनुभव भयो । निर्देशकसँग उनको सम्बन्ध बिग्रिएन । निर्देशकले जे चाहे त्यही अभिनय गरिन् केनिपाले । मेनुकासँग उनको राम्रो र्‍यापोर्ट रह्यो । साइँली सिनेमाको छायांकन घाचोक र ह्यांग्जाकोट, पोखरामा भएको थियो । काठमाडौंमा केही दृश्यको सुटिङ भएको थियो । सुटिङ जम्माजम्मी ४५ दिनमा सकिएको थियो ।

केनिपा भन्छिन्, 'म अलि बोल्ने मानिस परें । त्यसैले जिस्किँदा-जिस्किँदै कट पनि अलि बढी नै खाएँ । कथावस्तु नै रमाइलो साइँलीको । साइँलाले साइँलीलाई पट्याउने । स्टोरी लाइन त्यहींबाट सुरु हुने । कथा कति सहज ढंगले अघि बढेको छ भने सम्झिँदा नै आश्चर्य लाग्छ । सुटिङ कहिले नसकिए हुने भन्ने खालको वातावरणमा सिनेमा बन्यो । त्यो मेरा लागि रमाइलो अनुभव थियो ।'

केनिपा स्कुलमा ड्रामामा भाग लिन्थिन् । पछि उनले ड्रामाको तालिम लिइन् गुरुकुलबाट । सुनिल पोखरेलको स्कुलिङ हो । दुर्भाग्यवश गुरुकुल विस्थापित भयो । त्यसपछि उनी मण्डलामा गइन् । केनिपा एक दर्जनभन्दा बढी नाटकमा प्रस्तुत भैसकेकी छिन् । 'जार' र 'लाटीको छोरो'उनले अभिनय गरेका मुख्य नाटक हुन् । केनिपाको विचारमा नाटक अभिनय सिक्ने एउटा प्रक्रिया हो । यो प्रक्रियामा मानिसमा परिपक्व हुने भन्दा पनि सिक्ने लगन चाहिन्छ । अभिनय मानिसले सोचेजस्तो सजिलो छैन ।

केनिपामा सिनेमाप्रतिको आकर्षण बढेको छ । पहिलो त, सिनेमाको फ्रेम ठूलो छ । एक्सपोजर बढी छ । यसमा पैसा पनि छ । पैसा भनेपछि अलिकति लोभ त लाग्ने नै भयो । नाटकमा सस्टेन्याबिलिटीका लागि सिनेमामा काम गर्नु जरुरी छ । जो संघर्षमा छन् ती सधैं संघर्षमै रहने कुरा पनि आएन ।



■ केनिपा सिंह, अभिनेत्री

तस्बिर : नवराज बाग्ले

## पाठक मञ्च

नेपालसम्बन्धी कुनै पनि अन्तर्राष्ट्रिय सूचकांक सकारात्मक देखिँदैन । (प्रतिवेदनमा नेपाल) कतिपय हामीले गर्न नसकेका विषय छन् तर धेरै प्रतिवेदन अरेका भरमा वा होटलको एउटा कोठामा बसेर तयार गरी पठाइएका पनि छन् भने कतिपय आईएनजीओले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा नराम्रो देखाएर आफ्नो दुनोसमेत सोझ्याइरहेका छन् ।

**मदन पन्थी**

अहिले नेपालीहरूमा पनि घुमघाम गर्ने बानीको विकास भएको छ । (नयाँ वर्ष मनाउनेहरूपोखरामा) घुमघामको पहिलो रोजाइ पोखरा नै हो । पोखराबाट अन्य पर्यटकीय स्थलले सिक्नुपर्ने कुरा धेरै छन् ।

**वसन्त पहारी**

सामाजिक सञ्जालले मानिसलाई हिरो र जीरो बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । (टिकटकका हिट) पछिल्लो समय युवतीहरू टिकटक तथा युवाहरू पब्जीमा व्यस्त छन् भने युट्युबलाई टिकटकले टक्कर दिन थालेको छ ।

**उज्ज्वल मैनाली**

निर्माताहरूको पैसा कहाँबाट आउँदो रहेछ ? (९० प्रतिशत चलचित्र असफल भएको वर्ष) एकाधबाहेक कुनै पनि चलचित्र चलेको सुनिँदैन, तर किन जसले पायो त्यसले चलचित्र बनाउने होड चल्दै छ । कतै यो कालो धनलाई सेतो बनाउने उपाय त होइन ?

**विश्वकान्त थापा**

कलाकार मात्र चले, फिलिम चिलिम भए (०५७ मा को कति चले ?) । फिलिम नचलेपछि कलाकार पनि लामो समय चल्दैनन् । सधैं व्यक्तिको स्टारडमले मात्र सिने उद्योग थाम्दैन । कलाकारले पैसा कमाउने मात्र होइन, जीवन्त अभिनय गर्न सक्नुपर्छ जसले गर्दा दर्शकले कलाकारलाई नामले भन्दा पनि उसले गरेको अभिनयका आधारमा चिनून् ।

**मौसमी खत्री**

## चलचित्रको दृश्यशक्ति

भनिन्छ चलचित्र समाजको ऐना हो । समाजमा घट्ने मानिसका कथा-व्यथा, शैली-व्यवहार, चालचलन, दुःख-संघर्ष र संस्कृतिलाई कलाका माध्यमबाट पर्दामा प्रस्फुटित गर्नु चलचित्रको काम हो । चलचित्रले मानिसलाई समाजको वास्तविकता देखाउने मात्र होइन जिन्दगीका विभिन्न आयामका सम्बन्धमा पाठ समेत सिकाउँछ । चलचित्रले नै हामीलाई सफलता, धैर्यता तथा सम्पन्नता हासिल गर्न प्रेरणा दिएका उदाहरण पनि छन् । मनोरञ्जन प्रदान गरेर पनि निश्चित अवधिका लागि दर्शकलाई खुसी एवं आनन्दित तुल्याउन सकिन्छ । चलचित्रमा देखाइएका पात्र र तिनका व्यथा तत्कालै घटेका वास्तविक घटना होइनन् कुरा जान्दाजान्दै पनि मानिसहरू चलचित्रका अत्यन्तै मार्मिक र दुःखदायी दृश्यमा आँसुसम्म खसाल्न पुग्छन् ।

संसारभरका क्रान्तिकारीहरूले गीत-संगीत,चलचित्र, प्रहसन आदिका माध्यमबाट पनि जनचेतना फैलाउन ठूलो सहयोग पुग्छ भनेर कलालाई प्रशस्तै महत्व दिँदै आएका छन् । गीत गाएर वा अभिनय गरेर जनताको मन-मस्तिष्कमा विद्रोहको भाव जगाउने काम सफल कलाकारहरूले गरेको तथ्य नौलो होइन । कलाको प्रभावबाटै भस्किएर शासक वर्ग बेलाबेलामा कलाकारहरूमाथि अंकुश लगाउन समेत पछि पर्दैन । पशुपति शर्मा प्रकरण त्यसैको पछिल्लो उदाहरण हो । गीत प्रतिबन्धित गर्नुपर्ने अवस्था किन आयो भन्ने जवाफमा सरकारप्रमुखबाटै अत्यन्तै अवाञ्छनीय टिप्पणीसमेत आयो । कलाकारले कहाँसम्म प्रभाव पार्दो रहेछ भन्ने उदाहरण स्वयं दुईतिहाइको सरकारको त्यो अत्यासले देखाइदियो ।

नेपालमा एक समय थियो जब पञ्चायतमा महजोडी लगायतले शासकको धरपकडको डर हुँदाहुँदै निरंकुशताविरोधी कार्यक्रमहरू गर्थे, रामेश-रायन, जीवन शर्मा आदिका गीतबाट तत्कालीन क्रान्तिकारीहरू निकै हदसम्म प्रोत्साहित हुन्थे । त्यस्ता कला आजका दिनमा इतिहास भैसकेका छन् । दर्पण छायाँ, कुसुमे रुमालले जसरी जनतामा प्रेमको सौन्दर्यात्मक वर्णन गर्थ्यो, त्यसरी नै बलिदान, आगोजस्ता चलचित्रले जनतामा जागरण ल्याउँथे । आजभोलिका चलचित्र तथा गीतसंगीत यतिसम्म कर्तव्यविमुख भएका छन् कि तिनको उद्देश्य सन्देशमूलक सामग्री भन्दा पनि क्षणिक उन्माद र पैसा भएको छ । दुःखलाग्दो कुरा त चलचित्रका साथै गीतमा समेत यौन उत्तेजना ल्याउने, नारीलाई उपभोग्य वस्तुका रुपमा प्रस्तुत गर्ने मात्र होइन, अत्यन्तै असान्दर्भिक र अप्राकृतिक ठट्यौलीका लागि आदर्श तथा नैतिकताको ख्यालसमेत राखिँदैन । आजभोलिका चलचित्र पश्चिमका पहिरन, बोल्ने-खाने शैली तथा सभ्यता नै हाम्रोभन्दा उत्कृष्ट हो भन्ने मानसिकताबाट ग्रस्त छन् । के अब देशमा प्राकृतिक र सिर्जनात्मक कलालाई उत्ताउलो र कृत्रिम कलाले विस्थापित गरेकै हो त ? सरकारका कलाक्षेत्रसम्बन्धी अधिकार राख्ने निकायहरू निकम्मा साबित भएकै हुन् त ?

**अभिषेक यात्री, त्रिचन्द्र क्याम्पस**

तपाइले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार saptahik@kmg.com.np वा visa.kafle@kmg.com.np मा पठाउनुहुन अनुरोध छ । उत्कृष्ट विचारलाई आगामी अंकमा स्थान दिनेछौं ।

मुक्त आकाश

# न्यास्रो



अविरल थापा

विशेषतः धेरै दिनसम्म वा समयसम्म आफूलाई माया लाग्ने मानिससँग भेट्न नपाउँदा हुने सकसकलाई सायद न्यास्रो भनिन्छ, तर न्यास्रो मानिसको मात्र लाग्दैन, ठाउँको पनि लाग्छ । आफ्नो गाउँको न्यास्रो, घरको न्यास्रो, बसेको कुनै ठाउँको न्यास्रो, खाने ठाउँको न्यास्रो ।

> यो मनको बानी अनौठो हुन्छ । कति कुरा नजिक हुँदा वास्ता गर्दैन तर टाढा भएपछि सोधखोज गर्न थाल्छ । चिन्दै नचिनेको मानिसको पनि न्यास्रो लाग्न सक्छ । सधैं स्कुल-कलेज जाँदा वा कार्यालय जाँदा कतिपय मानिस बाटो वा बसमा प्रायः सधैं देखिन्छन्, भेटिन्छन् तर बोलचाल,हुँदैन । एउटै बाटोमा भेटिने मानिस धेरै दिनसम्म आएन भने मनले, आँखाले खोज्न थाल्छ ।

किन होला कुन्नि, भेटेका सबै मानिसको न्यास्रो लाग्दैन । कहिलेकाहीं सधैं गैरहने पसल वा खाने होटलमा लामो समयपछि जाँदा कहाँ जानुभएको थियो ? तपाईंको न्यास्रो लागेर पनि भन्छन् । सायद न्यास्रो सम्बन्धको गहनतामा भर पर्छ । जिन्दगीमा कसैको बानी परेको हुन्छ । भेट्ने बानी, बोल्ने बानी, अचानक त्यो मानिस काम परेर वा परिबन्धले टाढा जानुपर्ने हुन्छ र विगतका यादहरू सम्झेर अनायास कसैको न्यास्रो लागिदिन्छ । धेरै दिनसम्म छोराछोरीसँग भेट्न वा बोल्न नपाउँदा बाआमालाई लाग्ने न्यास्रो संसारको सबैभन्दा शक्तिशाली न्यास्रो हुनसक्छ । छोराछोरीलाई उस्तै न्यास्रो लाग्न सक्छ । भेटेर सुखदुःख साटेपछि र समय बिताएपछि केही समयलाई फेरि न्यास्रो मेटिन्छ ।

यो मनको बानी अनौठो हुन्छ । कति कुरा नजिक हुँदा वास्ता गर्दैन तर टाढा भएपछि सोधखोज गर्न थाल्छ । चिन्दै नचिनेको मानिसको पनि न्यास्रो लाग्न सक्छ । सधैं स्कुल-कलेज जाँदा वा कार्यालय जाँदा कतिपय मानिस बाटो वा बसमा प्रायः सधैं देखिन्छन्, भेटिन्छन् तर बोलचाल,हुँदैन । एउटै बाटोमा भेटिने मानिस धेरै दिनसम्म आएन भने मनले, आँखाले खोज्न थाल्छ । किन नआएको होला ? केही भयो कि ? कहाँबाट आउँथ्यो होला भनेर मनले कुरा गर्न थाल्छ । कस्तो अचम्म होला, कुरै नगरेको मानिसको पनि किन न्यास्रो लाग्छ ? हृदयमा त्यस्तो कुन रसायन हुन्छ जो अन्जान मानिसको यादमा पनि रसाइदिन्छ ? कसैको न्यास्रो मेट्न भेट्नैपर्ने, कसैको न्यास्रो मेट्न बोल्नपर्ने, कसैको न्यास्रो मेट्न छुनैपर्ने भने कसैको न्यास्रो हेर्दैमा मेटिने, यो न्यास्रोका पनि अनेक रंग र वजन छन् ।

फेरि एक जनालाई न्यास्रो लाग्दैमा अर्कोलाई पनि लाग्छ, भन्ने हुँदैन । कसैले त्यही मानिसलाई अगाध प्रेम गरेको हुन सक्छ भने अर्कोलाई सामान्य लाग्न सक्छ । बेलाबखत तँलाई त मेरो न्यास्रो पनि लाग्दैन कि क्याहो भनेर एकले अर्कासँग गुनासो पनि गरेको सुनिन्छ । कसैले लाग्नुपर्छ र लगाउँछु भन्दैमा न्यास्रो लाग्दैन यो त स्वतःस्फुर्त लागिदिन्छ । कुन बेला कसको न्यास्रो लागिदिन्छ, आफ्नै मनलाई पनि थाहा हुँदैन । कसैको याद आउनु र न्यास्रो लाग्नु फरक कुरा हो । याद आउँदैमा मन अत्तालिन्न तर न्यास्रो लागेपछि मनले भेट्न वा बोल्न खोज्छ । याद त जिन्दगीमा धेरैको आउँछ जान्छ तर मन जो-कोहीलाई सम्झेर त्यसै न्यास्रिँदैन । धेरै वर्षसम्म परदेशमा बसेको मानिस देश सम्झेर न्यास्रिन्छ, सहर पसेको मानिस गाउँ सम्झेर न्यास्रिन्छ । केही न केही गुमाएर वा अलग्गिएर जिउनु स्वभावतः हरेक मानिसको नियति नै हो । जति मिलाउन खोजे पनि जिन्दगीको हिसाबकिताबमा बेरुजु निस्किरहन्छ । मिलाउन खोज्दाखोज्दै ठ्याक्कै सय पार्छु र आनन्दले बस्छु भन्दाभन्दै उनान्सय मात्र भैदिन्छ ।

मानिसको जीवन सुखको खोज हो, यता गएर हुन्छ कि भन्छ उता गएर हुन्छ कि भन्छ, यसो गरेर हुन्छ कि उसो गरेर हुन्छ कि योसँग हुन्छ, अर्कोसँग हुन्छ कि भनेर सुख खोजेर भौंतारिइरहन्छ, तर आफूभित्र नपसी कहिल्यै सुख भेटिँदैन । न्यास्रो सायद अरूसँग सुख खोजेर पो लागेको हो कि ? आफू भएको ठाउँमा रमाउन नसकेर पो लागेको हो कि ? आफूसँग भएको मानिसले नपुगेर पो हो कि ?

मानिसको मन र दिमाग सदा विभाजित हुन्छ । मनले एकथोक गरौं भन्छ, दिमागले हुँदैन भन्छ । दिमागले सदा हिसाब-किताब गर्छ, नाफाघाटा हेर्छ तर मनले शान्ति खोज्छ । व्यापारमा दिमाग चलाउने र प्रेममा मन चलाउने मानिस कहिल्यै पछुताउँदैन । मानिसको मन हजारौं यादको चिहान हो, कतिबेला कसको के उधिनिएर आउँछ, भर हुँदैन । अहिले अर्कैसँग गएको भए पनि कतै घुम्न जाँदा पहिले सँगै गएको मानिसको याद बल्झिन्छ । हृदयमा गाडिएर बसेको कुरा सतहमा आइदिन्छ र कसैको न्यास्रो लागिदिन्छ ।

न्यास्रो लाग्दैमा कहाँ मेट्न पाइन्छ र ? कहिले ठाउँले दिँदैन, कहिले परिस्थितले दिँदैन, कहिले समयले दिँदैन, कहिले समाजको दायराले दिँदैन । पानी हेरेर प्यास त कसको मेटिन्छ र ? न्यास्रो सधैं एउटै मानिसको पनि लाग्दैन, एउटै ठाउँको पनि लाग्दैन । कहिले कुनै गीत सुन्दा त कहिले सिनेमा हेर्दा वा पुस्तक पढ्दा पनि कसैको याद बल्झिदिन्छ र मनमा हुटहुटी बढिदिन्छ । ठेगाना नभएको छुट्टिएको मानिसलाई देख्न पाए हुन्थ्यो, भेट भैदिए हुन्थ्यो भनेर ऊ आउने-हिँड्ने बाटोमा आँखा ओछ्याउन मन लाग्छ ।

अपूर्णता हरेक मानिसको नियति हो । केही न केही र कोही न कोही गुमाएरै जीवन सकिन्छ । सकिन्छ, लागेको न्यास्रो मेट्नुहोस् तर मेटिनैपर्छ भन्ने पनि के नै छ र ?

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa






■ शंकर उप्रेती,
संस्थापक, हाम्रो पात्रो

# स्किल बढाउन ध्यान दिनुपर्छ

नेपालीहरूमाझ चर्चित एप 'हाम्रो पात्रो'का संस्थापक हुन्- शंकर उप्रेती । बारामा जन्मिएका उप्रेतीले पुल्चोक इन्जिनिरिङ क्याम्पसबाट सन् २००४ मा कम्प्युटर इन्जिनियरिङमा स्नातक गरेका हुन् । सन् २००८ मा उच्च शिक्षाका लागि अमेरिका गएका उप्रेतीले सन् २०१० मा बोस्टन युनिभर्सिटीबाट कम्प्युटर इन्जिनियरिङमा मास्टर्स गरे । ३७ वर्षीय उप्रेतीले अमेरिकामा रहँदा केही वर्ष क्यालिफोर्नियाको सिलिकन भ्यालीस्थित सिमेन्टिक कर्पोरेसनको उच्च तहमा बिताए । अमेरिकामै रहँदा सन् २००९ मा उनले विदेशमा रहेका नेपालीहरूलाई तिथिमिति हेर्न सुविधा होस् भनेर 'हाम्रो पात्रो' एप निर्माण गरे । ५० लाखभन्दा बढी स्मार्टफोन प्रयोगकर्ताले डाउनलोड गरेको उक्त एपलाई नै राम्रो बनाउन उनले सन् २०१५ मा सिमेन्टिक कर्पोरेसनको वार्षिक करोडभन्दा बढी कमाइ हुने आकर्षक जागिरलाई बाई-बाई गरे । तिथिमितिबाहेक हाम्रो पात्रो अहिले समाचार, रेडियो, विदेशी विनिमय, मौसमको जानकारीजस्ता सुविधाका लागि पनि रोजाइको एप साबित भएको छ । 'हाम्रो पात्रा'लाई ग्रोथ गर्न पूर्णकालीन भएर लागि परेका उप्रेतीसँग जनक तिमिल्सिनाले गरेको कुराकानी :

**हाम्रो पात्रो बनाउने कन्सेप्ट कसरी आयो ?**

सन् २००८ मा म पढ्न भनेर अमेरिका आएको थिएँ, त्यतिबेला सोसल मिडिया यति पपुलर थिएन । विदेशमा बस्ने नेपालीहरूलाई कुन चाडपर्व आयो भनेर थाहा पाउन गाह्रो थियो । म छापिएकै नेपाली भित्ते पात्रो बोकेर अमेरिका आएको थिएँ, तर एक वर्षपछि अर्थात् अर्को वर्ष त्यो पात्रो काम लागेन । अर्को वर्षदेखि दसैं-तिहारजस्ता ठूला चाडबाडहरू त थाहा हुन्थे तर क्वाँटी खाने, आमाको मुख हेर्ने जस्ता दिन सम्झिन गाह्रो हुन्थ्यो । सन् २००७ मा मैले आइफोन किनैं, आफूसँग स्मार्टफोन भएकाले आफ्नै नेपाली पात्रो पनि त्यसमा राख्न पाए हुन्थ्यो भन्ने लाग्यो । सन् २००९ तिर आइफोनका लागि हाम्रो पात्रोको पहिलो भर्सन बनाए । त्यतिबेला त्यो एप मैले आफैंले सम्झिन मात्र तयार पारेको थिएँ ।

**सबैका लागि उपयोगी एप बनाउने सोच कसरी पलायो ?**

सुरुमा मैले आफ्ना लागि मात्र पात्रो बनाएँ । त्यो पात्रो मैले साथीहरूलाई क्यालेन्डर बनाएको छु, कस्तो छ भनेर देखाए । मेरा साथीले यो त हामी सबैलाई काम लाग्ने कुरा हो नि भने । मैले त्यतिबेला यसलाई रिलिज गरिसकेको थिइनँ । म विद्यार्थी थिएँ, एप रिलिज गर्न प्रत्येक वर्ष ९९ डलर तिर्नुपर्थ्यो । त्यतिबेला अमेरिका आएर संघर्ष गरिरहेको विद्यार्थी भएकाले त्यति पैसा नै मेरा लागि ठूलो कुरा थियो । बेकारमा रिलिज गरेर किन पैसा खर्च गर्ने भन्ने लागिरहेको थियो । साथीहरूले हामी सबैका लागि काम लाग्ने पात्रो हो भनेर रिलिज गर्न कर गरें । त्यतिबेला ९९ डलर तिरेर रिलिज गर्दा चित्त त दुखेको थियो बेकारमा ९९ डलर खर्च गर्नुपर्‍यो भनेर । यद्यपि रिलिज गर्नासाथ एकदमै राम्रो प्रतिक्रिया आयो । त्यसपछि मलाई आफूले जीवनकै एउटा बेस्ट डिसिजन गरे भन्ने लाग्यो । साथीहरूले हामी सबैलाई चाहिने पात्रो हो भन्नुभयो, त्यहीँबाट हाम्रो पात्रो नामाकरण भएको हो । अकस्मात नै यस्तो नामाकरण भएको हो । धेरै फिचर राखिसकेपछि एपको नाम चेन्ज गर्ने कि भन्ने पनि लाग्यो, तर हाम्रो पात्रो ब्रान्ड नेमजस्तो भैसकेकाले चेन्ज नगर्नु नै उपयुक्त हुन्छ भन्ने धेरैको मत रह्यो । त्यसपछि हाम्रो ब्रान्डले निरन्तरता पायो । अहिले हाम्रो पात्रो, हाम्रो किवोर्ड, हाम्रो डिक्सनरी भन्ने बितिकै एउटै ग्रुप हो भन्ने थाहा हुन्छ ।

**हरेक वर्ष कसरी पात्रो फिक्स गर्नुहुन्छ ?**

हामी नेपाल पञ्चांग समितिको पात्रोका आधारमा क्यालेन्डर तयार गर्छौं, त्यो सरकारबाट मान्यताप्राप्त आधिकारिक पात्रो हो । त्यसबाहेक संयुक्त राष्ट्रसंघले दिएका डेटहरू पनि समेटेका छौं । हरेक वर्ष हामी यसलाई अपडेट गर्दै जान्छौं, कुनै वर्ष सरकारका सार्वजनिक बिदा पनि परिवर्तन भैरहेका हुन्छन् । हामी ती सबै कुरा फलो गर्छौं ।

**पहिले तपाईंहरू पात्रोमा सीमित हुनुहुन्थ्यो, अहिले समाचारलाई पनि प्राथमिकता दिइरहनुभएको छ नि ?**

सुरुमा हामीले पात्रो निकाल्यौं । त्यो लोकप्रिय हुँदै गयो । यसको निर्माण नेपालबाहिर बस्ने नेपालीहरूलाई नेपालसँग जोड्ने उद्देश्यले भएको हो । नेपालीहरूलाई नेपालमा के भैरहेको छ भन्ने चासो पनि उत्तिकै छ । हामीलाई पनि न्युज राख्न पाइयो भने मानिसहरूलाई एकै ठाउँमा पढ्न सजिलो होला भन्ने लाग्यो अनि सन् २०१३ देखि हामीले यसमा न्युज राख्न थाल्यौं । हाम्रो पात्रो त पपलुर छँदै थियो, न्युज बार पनि निकै लोकप्रिय भयो । अहिले पात्रोसँगै न्युजमा पनि एकदमै धेरै इन्गेजमेन्ट छ । नेपाली भाषामा भएकाले नेपाली न्युजको सेक्टरमा अझ बढी इनोभेसन गर्ने ठाउँ छ । त्यसकारण अहिले हामीले अलि बढी फोकस न्युजमा गरेका छौं किनभने युजरहरूको इन्ट्रेस्टपनि त्यतातिरै छ । सबै न्युज एकै ठाउँमा पढ्न पाइयो, त्यो पनि सजिलो भयो । एउटा विषयमा नेपालमा फरक-फरक मिडियाले के लेखिरहेका छन्, त्यसमा पनि एक्सेस होस् भनेर हामीले समाचारलाई प्राथमिमतामा राखेका हौं ।

**सबै युजरलाई एउटै टोकरीमा ल्याउने फराकिलो दायरा कसरी निर्माण भयो ?**

यो सबै युजरहरूकै प्रतिक्रियाबाट सम्भव भएको हो । सन् २००९ मा हामीले पात्रो मात्र निकाल्यौं । त्यतिबेला नेपालमा त्यति स्मार्टफोन थिएनन् । स्मार्टफोन चलाउने धेरै नेपाली देशबाहिर बस्नेहरू नै हुनुहुन्थ्यो । त्यतिबेला अमेरिका, अस्ट्रेलियाजस्ता देशमा भएका नेपालीहरूले मात्र हाम्रो पात्रो चलाउँथे, हामीले पनि आइओएस भर्सनमा मात्र हाम्रो पात्रो ल्याएका थियौं । देशबाहिर बस्नेहरूलाई एक्सचेन्ज रेट कति छ भन्ने जानकारी पनि चाहिने । त्यसैले वैदेशिक विनिमय दर हेर्न पाए हुन्थ्यो भन्ने फिडब्याक आएपछि त्यसलाई पनि समेटियो । त्यसपछि रेडियो सुन्न पाए हुन्थ्यो भन्ने कुरा आयो अनि हामीले यसमा एफएमको एक्सेस पनि राख्यौं ।

**यो एप यति लोकप्रिय हुनुको कारण के हो ?**

हामीले प्रयोगकर्ताहरूले के-के चाहनुहुन्छ, त्यही-त्यही कुरा राख्दै गयौं । सन् २०१३ मा एन्ड्रोइड एप पनि एकदमै पपुलर भयो । अर्को कुरा हामीले के पायौं भने नेपालमा हुने धेरैजसो स्मार्टफोन हाई क्यापासिटीका हुँदैनन्, कम क्षमताका हुन्छन् । त्यसैले सबैलाई एउटै ठाउँमा दिने हो भने एप पनि सानो हुने भयो, सबै कुरा एउटै ठाउँमा पनि हुने भयो । सानो एपमा धेरै फिचरहरू राख्दा त्यसले लो मेमोरी भएको डिभाइसमा पनि काम गर्ने भयो । अमेरिकातिर एउटै एपलाई मल्टिपल एप बनाउने ट्रेन्ड छ । मोबाइलमा धेरै एप राख्दा मेमोरी फूल हुन्छ, त्यसैले एउटै एपमा धेरै फिचर समेटिएको हो । हाम्रो पात्रो मन पराइनुको कारण पनि एउटै एपमा धेरै कुरा हुनु हो । अरु एप डाउनलोड गरिरहनु परेन । स्पेस पनि धेरै खाएन । एउटै ठाउँमा सबै कुरा भएकाले सबैले रुचाइदिनुभएको होलाजस्तो लाग्छ ।

**अहिले बढी प्रयोगकर्ताले पात्रोका लागि हाम्रो पात्रो एप प्रयोग गर्छन् कि समाचारका लागि ?**

अहिले खासगरी चार वटा कुराका लागि हाम्रो एप सबैभन्दा धेरै हेरिन्छ । एक पात्रो, अर्को रेडियो सुन्न र तेस्रो समाचार हेर्न । विदेशी विनिमय दर पनि लोकप्रिय छ ।

**समाचारलाई हाम्रो पात्रोले कसरी समेट्छ ?**


नेपालका धेरैजसो न्युज पोर्टलसँग हाम्रो अन्डरस्ट्यान्डिङ छ । उहाँहरूको पोर्टलको आरएसएस फिड हामीले हाम्रो एपमा इन्टरपेटर गर्छौं । त्यसपछि पूरै समाचार पढ्न त्यही न्युज पोर्टलको साइटमा जानुपर्छ । त्यो हाम्रो अन्डरस्ट्यान्डिङ हो । हामी आफैं न्युज प्रोड्युस गर्दैनौं, हामी त्यसका एक्सपर्ट होइनौं, हाम्रो एक्सपटिज टेक्नोलोजी प्रोभाइड गर्नेमा मात्र हो ।

**भिडियो स्टोरीमा पनि जोड दिइरहनुभएको छ नि ?**

अहिले भिडियो बनाउने, भिडियो प्रोड्युस गर्ने ट्रेन्ड एकदमै बढी छ । न्युज अर्गनाइजेसनहरूले पनि भिडियो कन्टेन्ट उत्पादन गर्दै हुनुहुन्छ । भिडियोको कन्सेप्ट पनि सुरु गर्नुहोस् भनेर हामीलाई बीबीसी नेपाली सेवाबाट सुझाव आएको हो । अहिले सबैतिर भिडियो बनाउने र मल्टिमिडिया स्टोरी तयार गर्ने क्रम बढेको छ, त्यसैलाई ध्यान दिएर हामीले यसको सुरुवात गरेका हौं । युट्युब हेर्दा त्यहाँ धेरै कुरा हुन्छ, चाहिने पनि नचाहिने पनि । हामीले न्युज रिलेटेड नेपाली भिडियो मात्र अर्गनाइज गर्न यो सेक्सन ल्याएका हौं ।

पृष्ठ ७ मा

# स्किल बढाउन ध्यान...



पृष्ठ ६ बाट

**पात्रोको लोकप्रियतापछि समाचारमा जोड दिनुभयो, आफ्नै मिडिया हाउस खोल्ने योजना पनि छ ?**

त्यस्तो कुनै योजना छैन, हामी टेक्निकल कम्पनी हौं । हामी नेपालका सबै न्युज अर्गनाइजेसनसँग सहकार्य गर्छौं । आफ्नै मिडिया हाउस स्थापना गर्ने कुरामा हाम्रो रुचि छैन, किनभने हामी सबै इन्जिनियर हौं । बरु, हामीले नेपाली भाषाका लागि काम गर्ने, नेपाली प्रयोगकर्ताहरूलाई चाहिने सुविधामा बढी फोकस गर्ने सोच बनाएका छौं ।

**एपको भविष्य कस्तो देख्नुहुन्छ ?**

एपको भविष्य राम्रो छ, यो लङटर्म गेम होजस्तो लाग्छ । अहिले एकचोटि एप निकाल्यो, त्यही पपुलर हुन्छ भन्ने छ, तर त्यस्तो हुँदैन, हामीले एकपटक एप बनाइसकेपछि हरेक वर्ष अपडेट गर्नैपर्छ । हामी आफ्नो एपलाई वर्षमा तीन चार पटक अपडेट गरिरहेका हुन्छौं । कहिलेकाहीं त महिना-महिनामा अपडेट गरिरहेका हुन्छौं । एपमा राम्रो भविष्य त छ, तर त्यसका लागि सस्टेनचाहिँ गर्न सक्नुपर्छ ।

**सुरुमा तपाई ९९ डलर तिर्न हिचकिचाउनुभएको थियो । अहिलेको अवस्थाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

अहिले हाम्रो आय ठीकै छ । नेपाली मार्केटमा मात्र जाने भएकाले हाम्रो व्यापार सीमित भएको हो । अहिले हाम्रो आयको प्रमुख स्रोत विज्ञापन हो । नेपालमा अमेरिकाको जस्तो विज्ञापन शुल्क महँगो छैन । सन्तुष्ट छौं तर हामी अझ धेरै गर्न सक्छौं । हामीसँग टेक्निकल र नन टेक्निकल गरी २० जनाको टिम छ । नेपाली बजारमा अझ बढी काम गर्न सक्ने अवसर छ ।

**नेपालमा आइटीको विकासको सम्भावना कत्तिको देख्नुहुन्छ ?**

नेपाल आइटीमा एकदमै राम्रो सम्भावना भएको देश हो । राम्रो भैरहेको पनि छ, बाहिरका धेरै आइटी कम्पनीका अफिस नेपालमा छन् । नेपालमा एकदमै राम्रो छ, तर मुख्य कुरा विद्यार्थीलाई अझ बढी प्राक्टिकल ट्रेनिङ दिनुपर्छ । इन्जिनियरिङ तथा आइटीका विद्यार्थीलाई इन्डस्ट्रीहरूसँग सहकार्य गरेर कोर्स अघि बढाउँदा राम्रो हुन्छ । नेपालमा अहिले पनि यो क्षेत्रमा आवश्यक म्यानपावर उपलब्ध छैन, अझै धेरै जनशक्तिको खाँचो छ । अर्को कुरा, जुन कुरा हामीले विदेशमा गर्दा एकदमै महँगो पर्छ, त्यही कुरा नेपालमा खर्चका हिसाबले सस्तोमै सम्पन्न गर्न सकिन्छ । क्वालिटी म्यानपावर भयो भने आइटीमा एकदमै ठूलो स्कोप छ । धेरै आइटी कम्पनीले नेपालमा अहिले पनि राम्रो गरिरहेका छन् ।

**सिलिकन भ्यालीजस्तो आइटीको हबमा काम गर्नुभयो । कस्तो अनुभव रह्यो ?**

एकदमै रमाइलो अनुभव भयो । सिलिकन भ्यालीमा सिक्ने धेरै अवसर छन् । सिलिकन भ्यालीले मलाई रिस्क लिनुपर्छ भन्ने कुरा सिकायो । अर्को, सफलता भनेको त्यतिकै प्राप्त हुँदैन, कडा मेहनत गर्नुपर्छ भन्ने कुरा सिके । सिलिकन भ्यालीमा एकदमै ट्यालेन्टेड मानिसहरू छन् । त्यहाँ काम गर्दा मैले त्यहाँको टेक्नोलोजी नेपालीहरूमाझ पुऱ्याउन सकियो भने अझ कति राम्रो हुन्छ भन्ने प्रेरणा पनि पाएँ । नेपाली एप पनि सिलिकन भ्यालीको स्ट्यान्डर्डको होस भन्ने मेरो ठूलो इच्छा थियो । सिमेन्टिक कर्पोरेसनमा काम गर्दा मैले छुट्टीमा मात्र हाम्रो पात्रोको काम गर्न पाउँथे, अरू बेला त अफिसकै काम गर्नुपर्थ्यो । सन् २०१५ मा अब भएन, फुल टाइम यसैमा लागियो भने अझ राम्रो गर्न सकिन्छ कि भनेर जागिर छाडें । मेरो सोचाइ यहाँको टेक्नोलोजीलाई नेपालमा कसरी ट्रान्सफर गर्ने भन्नेमा बढी फोकस थियो । त्यसकारण मैले त्यहाँको जागिर छोडेर पूर्ण रूपमा हाम्रो पात्रोलाई फोकस गरें ।

**त्यहाँ के कुरालाई बढी महत्व दिइन्छ ?**

मुख्य कुरा इन्जिनियरिङ कल्चर राम्रो छ । लर्निङ अपरच्युनिटी राम्रो छ । ठूलो इन्भेस्टमेन्ट र संसारका सबै भन्दा ट्यालेन्ट मानिसहरू यहीं हुनुले सिलिकन भ्यालीलाई सिलिकन भ्याली बनाएको हो । अर्को कुरा, इभेस्टरहरू पनि यही फोकस छन् । स्मार्ट मान्छे र कुस्त पैसा भएका इन्भेस्टरहरू एक ठाउँमा भएपछि उनीहरू रिस्क लिन पनि हिचकिचाउँदैनन् । १ सयवटामा लगानी गर्दा १० वटा मात्र सफल भए पनि उनीहरूलाई रिटर्न सयमा लगानी गरेभन्दा बढी आउँछ । लगानीकर्ता, रिस्क लिने प्रवृत्ति तथा ट्यालेन्ट म्यानपावरको कम्बिनेसनले नै सिलिकन भ्यालीलाई सिलिकन भ्याली बनाएको हो ।

**नेपालको प्रतिष्ठित शैक्षिक संस्थामा अध्ययन गर्नुभयो, अमेरिकामा पनि पढ्नुभयो । नेपाल र अमेरिकाको शिक्षा प्रणालीमा के-कस्ता भिन्नता रहेछन् ?**

हाम्रो शिक्षा अलि बढी सैद्धान्तिक र घोकन्तेजस्तो लाग्यो । यहाँचाहिँ बढी प्राक्टिकल र इन्डस्ट्रीलाई सीप सिकाउने खालको पाएँ । कोर्स र सेलेबस त जता पढे पनि उही हो । त्यतिबेलाको तुलनामा अहिले नेपालमा पनि धेरै परिवर्तन आएको छ । नेपालको एजुकेसन सेक्टर पनि धेरै राम्रो भैसकेको छ । अहिले इन्टरनेट र युट्युबहरूमै कति कोर्सहरू पाइन्छ, तर सन् २००४ मा म पास आउट हुँदा यति धेरै कोर्स इन्टरनेटमा पाइँदैनथ्यो । हामी नेपालमा एक्जाममा बढी फोकस भएर पढ्छौं, यहाँ चाहिँ कन्सेप्टमा बढी फोकस गर्न लगाइन्छ । किताबको प्रश्न कहिल्यै आउँदैन, आफै दिमाग लगाएर उत्तर दिनुपर्ने हुन्छ । नेपालमा चाहिँ किताब पढ्नुपर्ने, किताबमा जे छ त्यसैबाट प्रश्न आउँछ, तर यहाँ आफूले पढेको किताबमा कुनै पनि उत्तर पाइँदैन, यहाँ परीक्षामा कन्सेप्ट कति बुझेको छ भन्ने कुराको महत्व हुन्छ । नेपालका एक्जामका लागि र अमेरिकामा कन्सेप्टका लागि पढ्नुपर्दो रहेछ ।

**आइटी, कम्प्युटर र सफ्टवेयर इन्जिनियरिङमा भविष्य बनाउन चाहनेहरूलाई के सुझाव दिनुहुन्छ ?**

कलेज पढ्दाखेरि नै प्रशस्त प्राक्टिस, कोडिङ आदि गर्नुहोस् । प्रोजेक्ट सकेसम्म धेरै गर्नुहोस् । अहिलेको समयमा धेरैजसो कोर्स अनलाइनमै निःशुल्क उपलब्ध हुन्छन् । हार्वर्डका कतिपय कोर्सको भिडियो नेपालमै हेर्न सकिन्छ । स्ट्यानफोर्डको कतिपय कोर्स अनलाइनबाटै सिक्न सकिन्छ । मैले आइओएसको कोर्स स्ट्यानफोर्डको अनलाइन हेरेरै सिकेको हुँ । अहिले एकदमै राम्रो समय छ, त्यसैले आफू कसरी राम्रो इन्जिनियर हुने भन्ने कुरामा फोकस गर्नुपर्‍यो । त्यसका लागि धेरैभन्दा अभ्यास र धेरैभन्दा धेरै प्रोजेक्ट गर्न जरुरी छ । यो बढी अभ्यासको क्षेत्र हो, त्यसैले किताब पढेर मात्र हुँदैन । अहिले कलेज पढ्ने विद्यार्थीले टेक्निकल र सफ्ट स्किल बढाउन ध्यान दिनुपर्छ । कलेजको कोर्सले मात्र नपुग्ने भएकाले अनलाइन हेर्ने, अपडेट हुने आदि काम पनि गर्नुपर्छ ।

**भविष्यको योजना के छ ?**

हाम्रो पात्रोलाई कसरी अझ राम्रो बनाउने भन्ने हो । अहिले हामीले धेरै फिचर अपडेट गरिसकेका छौं । त्यसलाई कसरी थप राम्रो बनाउँदै जाने त्यसमै केन्द्रित छौं । रेडियोमा नयाँ कुरा गर्न सकिन्छ कि भन्ने छ । नेपालमा प्रोडकास्टको ट्रेन्ड चलिरहेको छ, हामीले त्यसलाई पनि हेरिरहेका छौं । हाम्रा रेडियोहरू अहिले वान वेजस्ता भएका छन्, त्यसलाई टु वे बनाउने कुरामा पनि ध्यान दिँदैछौं ।



साहित्य

# वर्षका उत्कृष्ट सिर्जना

सबै व्यवसायिक क्षेत्रको वार्षिक मूल्यांकन भएजस्तै केही वर्षदेखि नेपाली साहित्य तथा स्रष्टाका कृतिको मूल्यांकन पनि हुँदै आएको छ । वर्ष २०७५ मा प्रकाशन भएका नेपाली साहित्यका विभिन्न विधाका कृतिको बिक्री, चर्चा एवं विषयवस्तुको मूल्यांकनसहित आख्यान (कथा-उपन्यास) र गैर-आख्यान विधाका उत्कृष्ट ५-५ कृतिलाई २०७५ का वर्ष पुस्तकका रूपमा हामीले लिएका छौं । लेखक, पुस्तक प्रकाशनको गुणवत्ता एवं साहित्यिक पुस्तक बजार हिस्साजस्ता आधारमा वर्ष २०७५ का ५ उत्कृष्ट प्रकाशन यहाँ प्रस्तुत गरिएको छ :




## उत्कृष्ट पाँच आख्यान

### प्रिय सुफी

युवा पुस्तालाई लक्षित उपन्यास तथा कथा लेखेर आफ्नो अलग पहिचान बनाएका सुबिन भट्टराईको चौंथो उपन्यास हो– प्रिय सुफी । गत वर्ष प्रकाशन भएका आख्यानमा सर्वाधिक बिक्री भएको यो उपन्यासले युवा पुस्तामा पढ्ने बानीको विकासलाई बढावा दिएको छ । फाइन प्रिन्टले प्रकाशन गरेको यो पुस्तक गत वर्षको बेस्ट-सेलर उपन्यास हो ।

### सखी

ऐना कथा संग्रहबाट मदन पुरस्कार प्राप्त गरेका लेखक रामलाल जोशीको पहिलो उपन्यास हो– सखी । किनाराकृत वर्गका कथालाई आफ्नो लेखनीको विषय बनाउँदै आएका जोशीले यो उपन्यासमा थारू जातिको दुःख, पीडा एवं संघर्षलाई 'सखी' पात्रमार्फत उन्ने प्रयास गरेका छन् । सुदूरपश्चिमको थारू जातिको स्थानीय लवजले उपन्यासलाई अझ पठनीय बनाएको छ । बुक-हिलले प्रकाशन गरेको यो उपन्यास गत वर्षको बेस्ट-सेलर कृति हो ।

### रणहार

ऐतिहासिक उपन्यासका रूपमा वर्ष २०७५ मा बजारमा आएको यो पुस्तक योगेश राजले लेखेका हुन् । भक्तपुरका अन्तिम राजा रणजित मल्ललाई नायक बनाएर लेखिएको यो उपन्यासले भक्तपुरको सांस्कृतिक सम्पदाको पनि व्याख्या गरेको छ । नेपालयले प्रकाशन गरेको यो पुस्तक पठनीय छ ।


### अघोरी

कथाकार राजेन्द्र पराजुलीका १७ थान कथाको संग्रह हो– अघोरी । समसामयिक राजनीति र यथार्थ जीवनका विषयवस्तुलाई कथामा उनिएको यो पुस्तक किताब पब्लिसर्सले बजारमा ल्याएको हो ।

### पाई

आधा दर्जन कथा एवं उपन्यास नेपाली पाठकलाई दिइसकेका कथाकार राजवको कथा संग्रह हो– पाई । अमेरिकी नेपाली जीवनका विचलनलाई कथाकार राजवले यो संग्रहका २० वटा कथामा समेटेका छन् । समकालीन परिवेश एवं सन्दर्भअनुसार अमेरिकाका नेपालीहरूको जीवन बुझ्न राजवको यो संग्रह धेरै हदसम्म सहायक हुन्छ ।

## उत्कृष्ट पाँच गैर-आख्यान




**न्याय** : करिब ४ दशक नेपाली न्यायालयमा बिताएकी सुशीला कार्कीको आत्मकथा हो, न्याय । सर्वोच्च अदालतको प्रधान न्यायाधीश हुँदा महाअभियोगसमेत भोगेकी कार्कीले आफ्नो जीवनमा भोगेका न्यायिक क्षेत्रका संस्मरणलाई यो पुस्तकमा समेटेकी छिन् । निष्ठावान् जीवन जिउन सिकाउने यो पुस्तक बुक-हिलले प्रकाशन गरेको हो । नेपालको न्यायालयको नालीबेली बुझ्न सहायक हुने यो पुस्तक गत वर्षको बेस्ट सेलर पुस्तक हो ।

**छुटेका अनुहार** : कवि रमेश सायन निबन्धकार बन्दा जन्मिएको कृति हो– छुटेका अनुहार । काव्यिक भाषामा स्वदेशी र विदेशी भूमिका आफ्ना भोगाइ व्यक्त गरेका छन् । कलात्मक लेखाइ यो पुस्तकको आकर्षण हो । लिपि बुक्सले प्रकाशन गरेको यो पुस्तक गत वर्ष सर्वाधिक पाठकको रोजाइमा छ ।

**कोरियाना कफी गफ** : कान्तिपुर दैनिकका सम्पादक नारायण वाग्ले 'पल्पसा क्याफे'का लागि मदन पुरस्कार प्राप्त लेखकसमेत हुन् । आफ्नो कोरिया भ्रमणका दौरान देखे-भोगेका विषयलाई 'कोरियाना कफी गफ'मा उनका वाग्लेले भाषिक शिल्पका कारण यो पुस्तकबाट पाठकलाई आकर्षित गर्छन् । नेपालयले प्रकाशन गरेको यो पुस्तक गत वर्षको चर्चित गैर-आख्यान हो ।

**७२ को विस्मय** : पत्रकार वसन्त बस्नेतको मधेश बुझाइको पुस्तक हो– ७२ को विस्मय । ०७२ को भूकम्पपछि नेपाली राजनीतिमा आएको तरङ्ग तथा भारतीय नाकाबन्दीसम्मका परिघटनालाई बस्नेतले यो पुस्तकमा उन्ने प्रयास गरेका छन् । समसामयिक राजनीति एवं इतिहास अध्येताहरूका लागि उपयोगी गत पुस्तक फाइन प्रिन्ट बुक्सले प्रकाशन गरेको हो ।

**साइड हिरो** : चलचित्र लेखनमा आफ्नो छवि बनाएका ब्रजेश खनालको संस्मरण हो– साइड हिरो । चलचित्र क्षेत्रका उतार-चढाव, गाढा-उज्याला बान्कीलाई उनले आफूलाई साइड हिरो बनाउँदै उनेका छन् यो संस्मरणमा । साङ्ग्रिला बुक्सले प्रकाशन गरेको यो पुस्तक गत वर्षको चर्चित पुस्तक हो ।

नाटक

# कस्तो रह्यो रंगमञ्च ?



### सुनिल पोखरेल

नाट्यक्षेत्रलाई सरसर्ती हेर्दा गत वर्ष निकै नाटक मञ्चन भए, जसमा केही नाटक उल्लेख्य सफलता हासिल गरे भने कतिपय गुपचुप नै थिएटरबाट बाहिरिए । गत वर्ष अत्यधिक नाटक मञ्चनमा आए पनि नाटकका दर्शक भने घटिरहेका छन् । यो विषयमा रंगकर्मीहरूले ध्यान पुऱ्याउन जरुरी छ । यसरी दर्शक घट्नुको प्रमुख कारण राम्रा नाटक मञ्चन नहुनु तथा निरन्तर धेरै नाटक मञ्चन हुनु नै हो । अर्को कुरा नाटकमा गुणस्तर नपुगेको पनि हो । यद्यपि यस विषयमा मैले दर्शकहरूसँग बसेर कुरा गर्न पाएको छैन । अर्को कुरा गत वर्ष नेपालमा अन्तर्राष्ट्रिय नाट्य महोत्सव पनि सम्पन्न भयो । उक्त महोत्सवमा धेरै नाटक मञ्चन भए, तर म बिरामी भएकाले एउटा पनि नाटक हेर्न पाइनँ । अन्तर्राष्ट्रिय नाट्य महोत्सव-२०७५ नाट्य क्षेत्रको ठूलो उपलब्धि हो । महोत्सवले नाटक हेर्ने साथीहरूलाई हामी कहाँ छौं र अरु कहाँ छन् भन्ने अनुभूति गराएको हुन सक्छ । त्यसैले महोत्सवबाट पाठ सिक्नु जरुरी छ । गत वर्ष मन्चन भएका कतिपय नाटक राम्रा थिए । मेरो सम्झनामा भएकामध्ये जिउँदो आकाश, जोखाना, श्री सिस्टर्स नाटक निकै राम्रा थिए । ती नाटकलाई निर्देशन गर्ने निर्देशक आर के मेहता, किरण चाम्लिङ तथा घनश्याम श्रेष्ठले राम्रो काम गरेका छन् । त्यसैले मैले यिनीहरूमा सम्भावना देखेको छु । त्यसबाहेक अरू नाट्यकर्मीले पनि राम्रो काम गर्नुभएको छ, यद्यपि अहिले सम्झनामा आएन, क्षमा चाहन्छु ।

### अनुप बराल

नाट्य गतिविधि र नाटकघरमा दर्शकहरूको उपस्थितिका हिसाबले वर्ष २०७५ सुखद् रह्यो । गत वर्ष देशमा नेपाल अन्तर्राष्ट्रिय नाटक महोत्सव तथा रारा नाटक महोत्सव लगायतका थुप्रै महोत्सव सम्पन्न भए । यस्ता नाट्य महोत्सवले रंगमञ्चिय गतिविधिलाई राजधानी केन्द्रित मात्र नभएर देशका अन्य स्थानमा पनि पुऱ्यायो । ती कार्यक्रम अलग ठाउँमा काम गर्ने रंगकर्मीहरूबीच सम्बन्ध बनाउने सेतु पनि बने । त्यस क्रममा नाट्य प्रस्तुति मात्र भएनन्, अन्य गतिविधि जस्तै विभिन्न विषयमा कार्यपत्र अनि अन्तरसंवादहरू पनि भए । यसले नेपाली रंगकर्मी तथा दर्शकलाई नयाँ स्वाद लिने अवसर जुटायो । जसको प्रभावस्वरूप आउने समयमा हाम्रो रंगमञ्च अझ फराकिलो हुने विश्वास लिएको छु । अर्को कुरा, निजी तथा सरकारी तवरमा स्थापित नाट्य घरहरूमा नियमित नाटक मञ्चन गरिनु रंगमञ्चिय हिसाबले राम्रो थियो । विशेष गरेर नयाँ महिला तथा पुरुष निर्देशकहरूको आगमनले नाटकमा रौनक र विविधता थप्यो । मैले गत वर्ष हेरेका नाटकहरूमा रूप, शैली र विषयका हिसाबले बाथ टब, खबर हराएको चिठ्ठी, गर्व छिट्टा, शकुन्तलाको औंठी, जोखाना, सेम टाइम नेक्स्ट इयर, राजेन्द्रलक्ष्मी आदि सराहनीय थिए ।

### धिमिरे युवराज

नेपाली नाट्य क्षेत्रका लागि वर्ष २०७५ साल फलदायी रह्यो । गत वर्ष धेरै महोत्सवहरू भए । जसले युवाहरूमा जोस, जाँगर र उर्जा प्रदान गरेको छ । यस्तै गत वर्ष कौशी थिएटर र थिएटर मल स्थापना भए । यसले पनि नयाँ आशा जगाएको छ । गत वर्ष संगीत नाट्य एकेडेमीको आयोजनामा तीनदिन जोतिनरेश्वर नाट्य महोत्सव भयो । यस्तै तामाङ भाषाको सेलो नाट्य महोत्सव पनि सम्पन्न गरियो । त्यसैगरी सातवटा नाटकघरको आयोजनामा नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव आठ दिन चल्यो । यसले पनि नेपाली नाट्य क्षेत्रलाई कसरी अघि बढाउन सकिन्छ भन्ने बाटो देखाएको छ । राष्ट्रिय नाचघरको आयोजनामा सुर्खेतमा रारा राष्ट्रिय नाटक महोत्सव सम्पन्न भयो । जनकपुरमा मिथिला नाट्य महोत्सव, विराटनगरमा मिथिला नाट्य महोत्सव, पोखरा नाट्य महोत्सव, नेपाल विद्यालय स्तरीय नाट्य महोत्सवहरू पनि सम्पन्न गरिए । यसले युवापुस्तालाई नाटकसँग जोड्न सहयोग गरेको छ । त्यस बाहेक गत वर्ष काठमाडौंका हरेक नाटक घरमा निरन्तर नाटक मञ्चन भए । काठमाडौं बाहिर पनि विगतका वर्षको तुलनामा बढी नाटक मञ्चन भएका छन् । गत वर्ष मञ्चन भएका नाटकमध्ये बाथ टब, जोखाना, शकुन्तलाको औंठी, मुनामदन, सखी, सेम टाइम नेक्स्ट इयर, सके तिरौंला नत्र फिरिमा, बर्बरी, गर्व छिट्टा, लिलामे माइलो, चराहरूको सम्मेलन आदि नाटक राम्रा थिए । यस्तै, निर्देशकहरूमा विकास जोशी, किरण चाम्लिङ, सबिन कट्टेल, जीवन बराल, रेनुका कार्की, चे शंकर रिजाल, हिरा बिजुली आदिले उत्कृष्ट काम गरेको पाएँ ।

# सडक-यातायातमा प्रविधि

**वर्ष २०७५ मा नेपालको सडक यातायातलाई व्यवस्थित गर्ने थुप्रै प्रयास भए । प्रविधिको प्रयोगबाट सडक र सवारीलाई थप व्यवस्थित गर्न सरकार तथा निजी क्षेत्र समेतले धेरै कार्य गरेका छन् ।**



### सडकमा स्मार्ट डस्टबिन

काठमाडौं महानगरपालिकाको सहकार्यमा कृष्ण सप्लायर्स नामक निजी कम्पनीले उपत्यकाका ७० स्थानमा स्मार्ट डस्टबिन अर्थात फोहर संकलन गर्ने आधुनिक भाँडो राख्ने कार्य थालेको छ । स्मार्ट डस्टबिनबाट फोहोर संकलन गर्ने बाहेक अन्य कामसमेत लिन सकिन्छ । यसले रातको समयमा सडकमा हिँड्ने यात्रुलाई बत्तीमार्फत उज्यालो पनि दिन्छ भने यसबाट मोबाइल चार्जसमेत हुन्छ । चीनबाट आयातित यी स्मार्ट डस्टबिनले सडकको जानकारी समेत दिन्छन् ।

### ट्राफिक कम्युनिकेसन एप्स

ट्राफिक प्रहरी महाशाखाको टोलीले लामो दूरीका सवारी साधनमा अनिवार्य रूपमा दुई चालक राख्नुपर्ने कानुन पालना गराउन ट्राफिक कम्युनिकेसन एप्स सञ्चालनमा ल्याएको छ । प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालयले माघ २७ गतेदेखि लामो दूरीमा चल्ने यात्रुवाहक सार्वजनिक सवारी साधनमा दुई सवारीचालक राखे/नराखेको जानकारी लिन 'ट्राफिक कम्युनिकेसन एप्स' सञ्चालनमा ल्याइएको हो ।

निर्देशनालयले लामो दूरीका सवारीचालक, बस नम्बर तथा प्रस्थान समय इन्टरनेटको सर्भरमा राखेर एप्समार्फत हेर्ने व्यवस्था मिलाइएको छ । उक्त एप्स पहिलो चरणमा काठमाडौंको नागढुङ्गामा, प्रदेश नम्बर-२ को सर्लाहीको कर्मैया तथा प्रदेश नम्बर ५ को बाँकेको कोहलपुरमा सञ्चालनमा ल्याइएको छ ।

### विवादमा टुटल र पठाओ

राइड सेयरिङ एप्सका रूपमा परिचित टुटल र पठाओमार्फत मोटरसाइकल तथा ट्याक्सी सेवा उपलब्ध गराइरहेका टुटल र पठाओ जस्ता कम्पनीको कार्य विवादमा तानियो । निजी सवारी साधनले जस्तै भाडा उठाएर यात्रुलाई सेवा प्रदान गरिरहेका यी कम्पनीको कार्य गैरकानुनी भएको भन्दै प्रहरीले तिनका सञ्चालकहरूलाई पक्रेर कारवाही गर्न थालेपछि यसको पक्ष-विपक्षमा लामै बहस चल्यो । ट्राफिक प्रहरीले भने निजी सवारी साधनले पैसा लिएर यात्रु बोक्न नपाइने भएकाले कारवाही गरिएको बतायो ।

यातायात व्यवस्था ऐन २०४९ को दफा ८ को उपदफा १ बमोजिम दर्ता भएका सवारी साधनले उपदफा २ बमोजिम निजी सवारी साधन यातायातका लागि प्रयोग गर्न नपाइने व्यवस्था गरेकाले सोहीअनुसार कारवाही गरिएको ट्राफिकको जिकिर थियो । पछि यसलाई नियमन गरेर सञ्चालनमा ल्याउने उद्देश्यका साथ अघि बढ्ने कार्य भएको छ ।

### सार्वजनिक सवारीको जानकारीका लागि लेट्स गो एप

सार्वजनिक सवारी साधनका यात्रुहरूको सुविधाका लागि लेट्स गो नामक मोबाइल एप्स सञ्चालनमा आएको छ । रामलक्ष्मण इन्नोभेसनले विकास गरेको यो एप्समार्फत यात्रुहरूले आफ्नो रुटमा चल्ने बसको सहज रूपमा पूर्वजानकारी लिई नजिकैको बिसौनीबाट बस चढ्न सक्छन् ।

यो एपमार्फत प्रयोगकर्ताले अब सहजै विभिन्न रुटमा चल्ने बसहरू हाल कहाँ छन् र आफुले चढ्न चाहेको बस कति समयको अन्तरालमा आफूलाई पायक पर्ने बिसौनीमा आइपुग्छ भन्ने जानकारी प्राप्त गर्न सक्छन् । सवारी साधनको जानकारी सम्बन्धित सवारी साधनमा जडान गरिएको जिपिएस ट्र्याकिङ प्रणालीका आधारमा प्राप्त हुने बताइएको छ । लेट्स गो एपमा लोकेसन सेयर, ट्याक्सी बुकिङ तथा आन्तरिक उडानको समय तालिकाजस्ता अन्य विशेषता पनि छन् ।

### सार्वजनिक यातायातमा ई-टिकेटिङ र स्मार्ट कार्ड

नेपालमा पहिलो पटक सार्वजनिक यातायातमा ई-टिकेटिङ तथा स्मार्ट कार्ड सेवा प्रविधि नेपाल बैंकको सहकार्यमा एन क्लाउडले भित्र्याएको छ । यो प्रविधि हाललाई साझा यातायात तथा दिगो सार्वजनिक यातायातमा लागू हुने कम्पनीले जानकारी दिएको छ ।

उक्त कार्डमार्फत सहचालकलाई पैसा दिएर वा सहचालकसँग भएको डिभाइसमा कार्ड ट्याप गरेर टिकट लिन सकिन्छ । त्यसैगरी बसको ढोकामा राखिएको डिभाइसमा भाडा दर थिचेर कार्ड ट्याप गरेर पैसा तिर्न सकिन्छ । यसमा टिकट प्रिन्ट हुँदैन र यसलाई केवल कार्ड भएका ग्राहकले मात्र प्रयोग गर्न सक्छन् । उक्त कार्डमा एक पटकमा अधिकतम १ हजार रुपैयाँसम्म राख्न सकिनेछ र यात्राको दूरीअनुसार त्यसबाट रकम कट्टा हुँदै जान्छ ।

### चर्चामा विद्युतीय बस र कार

गत वर्ष विद्युतीय सवारी साधनको चर्चा संसारभर भयो भने नेपालमा सरकारले ३ सय वटा विद्युतीय बस किन्ने चर्चा चल्यो । सार्वजनिक यातायातमा ठूला र विद्युतीय सवारी साधनलाई प्रोत्साहित गर्न यो नीति लिएको सरकारको भनाइ छ । त्यसैगरी चीनबाट ल्याइएका तीनवटा विद्युतीय बसको उद्घाटन समेत भयो, तर पछि ती बस कसरी ल्याइएको भनेर विवादमा तानिए । ती बस सञ्चालनमा आउनै सकेनन् । विद्युतीय बस वा अन्य सवारी साधनका लागि आवश्यक पूर्वाधारको कमी र चार्जिङ स्टेसनको अभावका कारण ती बसलाई सञ्चालनमा ल्याउन समस्या हुने देखियो । सरकारले यो क्षेत्रमा काम भन्दा पनि हल्ला बढी गरेको आरोप समेत लाग्यो ।

बरु विद्युतीय सवारीको क्षेत्रमा निजी क्षेत्रबाट केही कार्य भए । साझा यातायातको पुल्चोकस्थित कम्पाउन्डमा चार्जिङ मेसिन राखिएको छ जुन सुन्दर यातायातले विद्युतीय बस तथा कार चार्ज गर्न ल्याएको ६ वटा चार्जिङ मेसिनमध्ये एउटा हो । सुन्दर यातायातले विद्युतीय बस पनि ल्याउने योजना बनाएको छ । त्यसैगरी महिन्द्रा, हुन्डाई, किया, रेनो, टाटा आदि कम्पनीले विद्युतीय कार नेपाली बजारमा उपलब्ध गराउँदै आएका छन् ।

### स्मार्ट लाइसेन्सका लागि ५ लाख आवेदन

ललितपुरको एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयमा 'स्मार्ट' चालक अनुमतिका लागि राजश्व तिर्ने सेवाग्राहीको संख्या पुस महिनासम्म ५ लाख ५७ हजार नाघेको छ । कार्यालयले चार वर्षपहिले 'स्मार्ट' चालक अनुमतिपत्र शुरु गरेको थियो । कार्यालयबाट उक्त अवधिसम्म ३ लाख ५४ हजारले 'स्मार्ट' चालक अनुमतिपत्र लिएका छन् । एकान्तकुनास्थित कार्यालयबाट 'स्मार्ट' चालक अनुमतिपत्र सुरु गर्दा एउटा कार्यालयमा मात्र यो सेवा उपलब्ध थियो । गत वर्षदेखि देशभरका कार्यालयले 'स्मार्ट' चालक अनुमतिपत्र सुरु गरेका छन् । सबै कार्यालयबाट परीक्षा पास भैसकेका सेवाग्राहीको चालक अनुमतिपत्र विभागमै छापिन्छ । एक वर्षपहिले नै परीक्षा उत्तीर्ण गरेका सेवाग्राहीले अझैसम्म अनुमतिपत्र पाएका छैनन् ।

### काठमाडौंका सडकमा सेन्सरयुक्त सडक बत्ती

काठमाडौं महानगरपालिकाले सेन्सर जडित स्वचालित सडकबत्तीको जडान सुरु गरेको छ । मेयर उज्यालो कार्यक्रमअन्तर्गत ३२ वडाका मुख्य सडकमा ३ हजार ८ सय बत्ती जडान भैसकेका छन् र अरु जडान हुने क्रममा छन् । अँध्यारो हुन थालेपछि आफैं बल्ने र उज्यालो हुनासाथ निभ्ने ती बत्तीको होल्डरमा सेन्सर जडान गरिएको छ । सहरभरि १० हजार बत्तीको माग छ र क्रमशः उक्त माग पूर्ति गरिने बताइएको छ ।

# स्वास्थ्य क्षेत्रमा उपलब्धि

### हेपाटाइटिस बी र मधुमेहको औषधि नेपालमै

हेपाटाइटिस बीका लागि अत्यावश्यक मानिने औषधि इन्टेकाभिरको उत्पादन नेपालमै सुरु भएको छ । नेपाली फर्मास्युटिकल कम्पनी म्याग्नस फर्माले स्वदेशमै उक्त औषधिको उत्पादन सुरु गरेको हो ।

नेपालमा हेपाटाइटिस बीको बढ्दो प्रकोपलाई मध्यनजर गर्दै म्याग्नसले इन्टेका-बी ब्रान्ड नामका साथ 'इन्टेकाभिर' नेपाली बजारमा ल्याएको हो । इन्टेका-बीले हेपाटाइसटिस बी भाइरस बढ्न रोक्छ, जसले गर्दा शरीरमा हेपाटाइटिस बी भाइरस बढ्न पाउँदैन र रोगको रोकथाम हुन्छ ।

त्यसैगरी म्याग्नसले इम्पाग्लिफ्लोजिन नामक मधुमेहको औषधि बजारमा आएको छ । म्याग्नसले औषधिको ब्रान्ड नेम भने 'ग्लिफज' राखिएको छ ।

### डीएनए परीक्षण गर्ने मेसिन

चितवनको भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा डीएनए परीक्षण गर्ने 'रियल टाइम पिसिआर मेसिन' भित्रिएको छ । अमेरिकी युथ विश्वविद्यालयको अनुदान सहयोगमा नेपाल आइपुगेको उक्त मेसिनमार्फत पाठेघरको ह्युमन प्यापिलोमा स्क्रिन गर्न सकिन्छ । यो मेसिनको प्रयोग पाठेघरको पानी वा मासु लिएर एचपीभी भाइरसको मात्रा पत्ता लगाउन गरिन्छ । यसअघि चितवनमा यो प्रविधि नहुँदा परीक्षणका लागि भारत जानुपर्ने अवस्था थियो भने मेसिन भित्रिएसँगै उक्त बाध्यता हटेको छ ।

### ट्रकोमा रोग निवारणमा सफलता

नेपाल अन्धोपनको प्रमुख कारणका रूपमा रहेको ट्रकोमा रोग निवारण गर्ने दक्षिणपूर्वी एसियाकै पहिलो राष्ट्र भएको छ । सन् २०१८ को मे महिनामा ११ संङगठनले आधिकारिक रूपमै नेपाललाई जनस्वास्थ्य समस्याका रूपमा रहेको ट्रकोमा निवारण गर्ने देश घोषित गरेका थिए ।

ट्रकोमा क्लाइमेडिया ट्रकोमाइटिस नामक जीवाणुका कारणले आँखामा लाग्ने एक प्रकारको रोग हो । यसका कारण आँखाको ढकनीमुनिको भागमा खस्रोपन सिर्जना गर्छ, जसले गर्दा आँखाको बाहिरी सतह टुट्दै अन्त्यमा अन्धोपन हुन्छ ।

### कलेजो प्रत्यारोपणका लागि शिक्षण अस्पताल

त्रिवि शिक्षण अस्पतालले गएको माघ महिनामा कलेजो प्रत्यारोपण सेवा सञ्चालनका लागि लाइसेन्स प्राप्त गर्‍यो । लाइसेन्स पाएसँगै अस्पतालले प्रत्यारोपणका लागि आवश्यक प्रक्रिया अघि बढाएको छ । अस्पतालका कलेजो प्रत्यारोपण शल्यचिकित्सक डा. रमेशसिंह भण्डारीले यसको नेतृत्व गरेका छन् । अस्पतालले सुरुका केही प्रत्यारोपण भारतको एपोलो अस्पतालका कलेजो प्रत्यारोपण सर्जन डा. निरभ गोयलको सहयोग लिनेछ ।

### महिनावारी सुकेको चार वर्षपछि आमा

महिनावारी सुकेको चार वर्षपछि काठमाडौंकी एक महिला आइभिएफ अर्थात् टेस्ट ट्युब बेबी पद्धतिबाट आमा बन्न सफल भइन् । ललितपुरको जालखालेखस्थित अल्का आइभिएफ एन्ड फर्टिलिटी सेन्टरमा टेस्टट्युब बेबी विशेषज्ञ डा. नुतन शर्मासँग उपचार गराएकी आमा बन्ने ती महिला ४५ वर्षकी भएको बताइएको छ । डा. शर्मासँग एक वर्षदेखि बाँझोपनको उपचार गराउँदै आएकी ती महिलाले गएको माघ महिनामा बयोधा अस्पतालमा जुम्ल्याह सन्तान जन्माएकी हुन् ।

### वीर अस्पतालमा नयाँ सिटी स्क्यान

वीर अस्पतालमा १ सय २८ स्लाइस क्षमताको नयाँ सिटी स्क्यान जडान गरिएको छ । अस्पतालले उक्त मेसिन ८ करोड ८४ लाख रुपैयाँमा खरिद गरेको हो । अस्पतालमा यसअघि १६ स्लाइस क्षमताको सिटी स्क्यान थियो । सिटी स्क्यान मेसिनको जति बढी क्षमता भयो, उति राम्रो रिपोर्ट आउँछ । वीरको पुरानो सिटी स्क्यान पनि बिग्रिएको थियो, जसका कारण बिरामीले बाहिर जानु पर्ने बाध्यता थियो । नयाँ उपकरणबाट सेवा सुरु भएसँगै बिरामीले अस्पतालभित्रै सेवा प्राप्त गर्न थालेका छन् ।

संगीत

# संगीतमा यस्तो ट्रेन्ड



महेश तिमल्सिना

हरेक वर्ष नेपाली सांगीतको ट्रेन्डमा परिवर्तन आइरहन्छ। २०७५ सालमा सांगीतिक क्षेत्रमा केही नयाँ ट्रेन्ड देखा परे। यो वर्ष लोकशैलीका गीतले बजार पिटेको संगीतकर्मीहरू बताउँछन्। यसपालि प्रदर्शनमा आएका अधिकांश चलचित्रका गीत पनि लोकशैलीमै निर्माण भएका थिए। त्यस्ता गीतले युट्युबमा पनि राम्रो भ्युज बटुलेका छन्। संगीतकार लक्ष्मण शेष यसपालि सुन्ने भन्दा हेर्ने गीतको ट्रेन्ड बसेको बताउँछन्। 'गम्भीर, संवेदनशील तथा यथार्थपरक गीत-संगीतभन्दा पनि अपशब्द, गाली-गलौज, अश्लील शब्द प्रयोग भएका गीतको ट्रेन्ड बस्यो। शेष भन्छन्, 'यसले नेपाली संगीतको मौलिकता हराउन सक्छ।' गत वर्ष साभार गरिएका भाका, पुराना गीतलाई रिमिक्स गर्ने र अरुको वैशाखी टेकेर सेलिब्रिटी बन्ने ट्रेन्ड चलेको शेषको आरोप छ।

यस्तै, गत वर्ष सिर्जना बलियो बनाउनेभन्दा पनि भाइरल भएका मानिसहरूलाई प्राथमिकतामा राखेर म्युजिक भिडियो बनाउने ट्रेन्ड बसेको पाइयो। संगीतकर्मीहरू टिकटक, म्युजिकल्लीजस्ता सामाजिक सञ्जालमा भाइरल भएका युवायुवतीहरूलाई भिडियोमा अभिनय गराएर आफ्नो गीतलाई हिट बनाउने दाउमा लागेको देखियो। यसरी गीतका भिडियो सार्वजनिक हुँदा केही समय युट्युबको ट्रेन्डिङमा बसे पनि यस्ता गीत जनप्रिय बन्न नसकेको गायक तथा संगीतकार अर्जुन पोखरेल बताउँछन्। पोखरेल भन्छन्, 'गीतको भिडियोमा भाइरल मानिसहरूलाई समावेश गरेर भिडियोलाई भाइरल बनाए पनि त्यसको संगीत गतिलो नहुँदा अडियो लोकप्रिय भएनन्।' यद्यपि सामान्य ढंगबाट बनाइएका गीत संगीत तथा भिडियो भने यो वर्षकै उत्कृष्ट भिडियो बन्न पुगे। यसको गतिलो उदाहरण हो, सालको पात टपरी हुनी। यो गीतको भिडियो भन्दा पनि अडियो राम्रो भएका कारण सफल भएको संगीतकर्मीहरू बताउँछन्। यस्तै सामान्य ढंगबाट बनेका तर अडियोमा भरपुर मेहनत गरिएका अन्य गीत-संगीत पनि छन् जो यो वर्ष लोकप्रिय बन्न पुगे।

चलचित्र संगीतको कुरा गर्ने हो भने करिब चार वर्षअघि चलचित्र वडा नम्बर ६ मा सुर्के थैली खोई गीत समावेश भएपछि चलचित्रमा लोकगीत अनिवार्य जस्तै भएको थियो। त्यसपछि चलचित्र प्रेमगीतमा रोमान्टिक गीत समावेश भयो। यससँगै निर्माता निर्देशकले चलचित्रमा रोमान्टिक गीत पनि हुनुपर्छ भन्ने सोच बनाए। यही क्रममा पारी त्यो डाँडामा गीत नेपालीपनमा पाश्चात्य शैलीको संगीत संयोजन गर्दा गीत सफल हुन्छ भन्ने उदाहरण बन्यो। त्यसैले २०७५ मा पनि अधिकांश चलचित्रमा लोकशैलीका गीत नै समावेश गर्ने ट्रेन्ड बसेको संगीतकार पोखरेल बताउँछन्। लोकशैलीलाई पछ्याउँदा पनि यो वर्ष गोजीमा दाम छैन, पहिलो नम्बरमा जस्ता गीत हिट भए। चलचित्र रोजको फूल होइन माया, क्याप्टेन चलचित्रको रहर छ सँगै जस्ता गीतमा त्यही रोमान्टिक पुनरावृत्ति भएको पाइन्छ। २०७५ सालमा जति पनि चलचित्र र एल्बमका गीत सार्वजनिक भए त्यसमा पुरानै ट्रेन्डलाई पछ्याइएको पाइयो।

गत वर्ष आइटम गीत गीत त्यति सफल भएको पाइएन। समग्रमा भन्नुपर्दा एल्बमको हकमा भाइरल भएका व्यक्तिका पछि लाग्ने र चलचित्रमा पुरानै प्रवृत्तिमा गीत-संगीत बनाउने ट्रेन्ड चलेको पाइयो। तैपनि पाश्चात्य संगीतले नेपाली गीत-संगीतमाथि रजाइँ गरिरहेको यो बेला नेपालीहरूलाई आफ्नै मौलिकता भएका गीत-संगीत सुन्न बाध्य बनाएको संगीतकर्मीहरू बताउँछन्।

---



# म्युजिकल कन्ट्रोभर्सी



गीत निर्माणमा गीतकार, संगीतकारले सोच-विचार नपुऱ्याउँदा कतिपय गीत विवादित बन्न पुग्छन्। गत वर्ष पनि केही गीत चर्चा र विवादमा तानिए। गायक पशुपति शर्माको लय तथा शब्दको 'लुट्न सके लुट' गीतप्रति असन्तुष्टि जनाउँदै तत्कालीन नेकपा एमाले निकट भ्रातृ संगठन युवा संघ नेपालले आपत्ति जनाएपछि गायक शर्माले आफ्नो युट्युब च्यानलबाट उक्त गीत हटाए। गीत हटाएपछि पनि उक्त गीतसम्बन्धी बहस भने रोकिएन। यो प्रकरण अभिव्यक्ति स्वतन्त्रताविरुद्धको घटनाका रूपमा अगाडि आयो।

कालिप्रसाद बाँस्कोटाको शब्द, संगीत तथा स्वरको 'इन्स्टाको फोटो' गीत गत वर्ष सार्वजनिक भएको थियो। यो गीतलाई कार्ला ब्रुनीको फ्रेन्च गीतबाट कपी गरिएको आरोप लाग्यो। उक्त गीत विवादमा आएपछि बाँस्कोटाले आफ्नो गल्ती स्वीकार गरेका थिए।


गत वर्षको सर्वाधिक हिट लोकदोहोरी गीत 'सालको पात टपरी'लाई नेपाल आइडल सिजन-२ का विजेता रवि ओडले स्टेजमा बिगारेर गाएको भन्दै संगीतकार वसन्त थापाले आपत्ति जनाए। रविले आफूले गल्ती गरेको भन्दै क्षमा मागे। यद्यपि संगीतकार थापाले भने रवि ओडले गीत बिगारेर गाउँदा पनि राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान मौन बसेको भन्दै प्रतिष्ठानबाट अलग्गिने घोषणा फेसबुकमार्फत गरे। यही विषयलाई लिएर सामाजिक सञ्जालदेखि लिएर हरेक क्षेत्रमा चर्काचर्की हुन थालेपछि थापाले आफ्नो सिर्जना रविको आवाजमा रेकर्ड गर्ने घोषणा समेत गरे। यद्यपि हालसम्म न थापाले प्रतिष्ठानबाट राजीनामा दिएका छन्, न रविले उनको सिर्जनामा गीत रेकर्ड गराउन पाएका छन्।

यस्तै सालको पात टपरी हुनी गीतका संगीतकार वसन्त थापा र गायक कुलेन्द्र विश्वकर्माबीच पनि विवाद उत्पन्न भएको बताइयो। सालको पात गीत कुलेन्द्रको पाँचौं एल्बम भए पनि थापाले कतिपय स्थानमा आफ्नै लगानीमा निर्माण गरेको भन्दै हिँडेपछि कुलेन्द्रले असन्तुष्टि जनाएको खबर सार्वजनिक भएको थियो। यो विषयमा गायक विश्वकर्मा आफूहरूको सम्बन्ध राम्रो रहेको र कुनै विवाद नरहेको बताउँछन्।

पुरानो चलचित्र 'आफ्नो मान्छे'मा समावेश भएको गीत 'चट्ट रुमाल'लाई रिमिक्स गरेर चलचित्र यात्रामा समावेश गरिएको छ। सार्वजनिक भएसँगै उक्त रिमिक्सले दर्शक-श्रोताहरूबाट गाली मात्र पायो। शम्भुजित बाँस्कोटाको संगीत तथा बाबुराम दाहालको शब्दको उक्त पुरानो गीतमा शम्भुजित र साधना सरगमको स्वर थियो भने नयाँ भर्सनमा गायक धर्मेन्द्र सेवान र मेलिना राईको स्वर छ। दर्शक-श्रोताले उक्त रिमिक्सको आलोचना गरेपछि गायिका मेलिनाले आपत्ति जनाउँदै चलचित्र यात्राको टिमप्रति आक्रोश व्यक्त गरिन्। यद्यपि निर्माण पक्षले यो गीत चलचित्र यात्रामा समावेश गर्न कपिराइट लिएको थियो।

केवल एक प्रश्न

# २०७६ का लागि तपाईंको ठोस योजना के छ ?



२०७६ सालको मेरो मुख्य योजना र लक्ष्य नै राम्रो चलचित्रमा अभिनय गर्ने र आफूलाई अभिनेताका रूपमा थप स्थापित गर्ने हो ।

**विनोद न्यौपाने, अभिनेता**

२०७५ सालजस्तै यो साल पनि गीत-संगीतलाई नै निरन्तरता दिनेछु । यो वर्ष बढीजसो सन्देशमूलक गीत गाउने योजनामा छु । कलाकार तथा आमनागरिकका रूपमा देशहितमा के गर्न सकिन्छ भन्ने विषयमा पनि सोच्नेछु र उपाय निकाल्ने प्रयास गर्नेछु ।

**बद्री पंगेनी, गायक**

मेरा लागि विगतका वर्षहरूको तुलनामा यो वर्ष अझ विशेष हुँदैछ । बितेका वर्षहरूमा पनि म कार्यक्रमको सिलसिलामा धेरैजसो देशबाहिर नै हुन्थें । यसपालि पनि एकसाथ थुप्रै देशको यात्रा गर्दैछु । नयाँ वर्षको शुभकामना आदानप्रदानका साथै सांस्कृतिक कार्यक्रमका लागि म यतिबेला इजरायल आइपुगेको छु । इजरायल पछि युरोप जाँदैछु । म विगतका वर्षहरूको तुलनामा २०७६ साललाई केही फरक ढंगले बिताउने योजनामा छु ।

**कृष्ण काफ्ले, गायक**

गत वर्ष मेरो ए मान्छे गीतले अपार सफलता प्राप्त गर्‍यो । यस्तै नयाँ-नयाँ गीत दिएर २०७६ सालमा धुम मचाउने योजनामा छु ।

**सचिन रौनियार, गायक**

२०७६ सालमा असल मानिसहरूसँग काम गरेर करियर अघि बढाउने र आफ्नो सपना पूरा गर्ने योजनामा छु । त्यसका साथमा चलचित्र अभिनयमा पनि अघि बढ्ने लक्ष्य छ ।

**मनिषा सापकोटा, मोडल**

युट्युबसँगै टेलिभिजनमा हास्यव्यङ्ग्यात्मक कार्यक्रम प्रस्तुत गर्ने योजना छ । अघिल्लो वर्ष भएका गल्ती सुधार गरी नयाँ कामका लागि तयारी गर्नु, नयाँ-नयाँ ठाउँ घुम्नु तथा स्टेज कार्यक्रमको कन्टेन्ट बनाउनु नै २०७६ सालका लागि मेरा ठोस योजना हुन् ।

**सुमन कार्की, हास्यकलाकार**

नेपालको चिकित्सा क्षेत्रमा जतिपनि विकृति, विसंगति र बाहिरि हस्तक्षेप छ, त्यसलाई रोकेर नेपाललाई मेडिकल एजुकेसनको हब बनाउने मेरो योजना पुरानै हो जुन यसपालि पूरा होला कि भन्ने आशा गरेको छु । यसैपाली गौतम बुद्ध जन्मिएको ठाउँ लुम्बिनीमा गौतम बुद्ध इन्टरनेसनल हस्पिटल निर्माण गर्ने योजना छ ।

**डा. भोला रिजाल, स्त्री तथा प्रसूति रोग विशेषज्ञ**



नयाँ वर्ष २०७६ मा विगतका वर्षहरूमा जस्तै उस्तै दुरुस्तै रहनेछु । सिधासँग सिधै रहनेछु, बाङ्गोसँग बाङ्गै व्यवहार गर्नेछु । लोभ लालच, गुटबन्दी अनि गुलामीबाट टाढै रहनेछु । पैसाको पछाडि दौडिने छैन । आफ्नो काममै व्यस्त हुनेछु । दुई तीनवटा चलचित्रमा अभिनय गर्दैछु । यस्तै आफूलाई मन परेका दुई तीन जना साथीसँग पनि काम गर्दैछु । अरु त सबै यथावत् हो ।

**निर्मल शर्मा, अभिनेता**

२०७६ सालमा आफ्नो स्वास्थ्य र अध्ययनमा केन्द्रीत हुने योजना छ । त्यसबाहेक विगतका वर्षहरूमा गर्दै आएका नियमित कामलाई निरन्तरता दिनेछु ।

**प्रकाश सपुत, गायक**

२०७६ सालमा नयाँ कामको थालनी गर्दैछु । यसमै अझ राम्रो गर्ने योजना छ ।

**पृथ्वीराज प्रसाई, अभिनेता**

२०७५ सालमा मैले जानी नजानी गरेका गल्तीहरू नदोहोऱ्याउने तथा नयाँ गल्ती नगर्ने योजना छ ।

**प्रदीप भारद्वाज, लेखक**

आफू भित्र रहेका सबै नकारात्मक सोचलाई निर्मूल गरी सकारात्मक सोचका साथ अघि बढ्ने योजना बनाएको छु ।

**मनिष सुमन, नेता, राजपा**

२०७५ मा भएका गल्ती दोहोऱ्याउँदिनँ । आफ्नो देश र क्लबका लागि धेरैभन्दा धेरै राम्रो खेल्ने प्रयास गर्नेछु ।

**भरत खवास, खेलाडी**

सिर्जनात्मक रुपमा आफूलाई अझ निखार्दै, तिखार्दै लाने, कलाका विविध आयामहरूमा प्रस्तुत हुने अनि अध्ययनलाई प्रशस्त समय दिने योजनामा छु । केही रमणीय ठाउँको भ्रमण गर्ने सोच पनि छ ।

**प्रल्हाद सुवेदी, गीतकार**

यो वर्ष आफूलाई चलचित्र क्षेत्रमा थप स्थापित गराउने योजनामा छु । त्यसैले धेरैजसो अभिनय एवं अध्ययनमै जोड दिनेछु ।

**मुकुन भुसाल, अभिनेता**

कलाकारिता र सिन्धुपाल्चोक कलाकार समाजलाई समय दिने योजनामा छ भने नाटकमा अभिनय गर्ने सोच पनि छ ।

**बिनु शाक्य, मोडल**

२०७६ सालमा मेरो गायन यात्रालाई मूर्त रूप दिनेछु, दर्शक-श्रोता अनि गायकहरूको अपेक्षा अनुसार गीत तयार गर्ने योजना छ ।

**आशिष अविरल, संगीत संयोजक**

ठोस भन्दा पनि पूरै तरल योजना छ । हाम्रो देशमा सम्भावना नै सम्भावना छ । जुटौं जागौं देश बनाऔं भन्ने संगीत तथा नाटक उत्पादनमा लाग्ने योजना छ ।

**धिताल चिरिच्याट्, हास्यकलाकार**


प्रस्तुति : महेश तिमल्सिना



# सम्भावना २०७६ का चलचित्रको

अघिल्लो वर्ष करिब १ सयवटा चलचित्र प्रदर्शन भए पनि अधिकांश चलचित्र व्यवसायिक रूपमा असफल भए । यति हुँदाहुँदै पनि वर्ष २०७६ मा अघिल्लो वर्षकै हाराहारीमा चलचित्र प्रदर्शन हुने संकेत छ । छायांकनपछि पोस्ट प्रोडक्सनमा रहेका चलचित्रको सूची नै दर्जनौंमा छन् भने प्रि-प्रोडक्सन तथा प्रोडक्सनमा रहेका चलचित्रको सूची पनि लामै छ । यो वर्षका विभिन्न महिना प्रदर्शनमा आउने केही चलचित्र यस्ता छन् :





## कालो वर्ष

चार वर्षअघि गएको भूकम्पका कारण एउटा परिवारमा पुगेको क्षतिमा आधारित चलचित्र 'कालो वर्ष' यो वर्षको पहिलो प्रदर्शन हुनेछ । हालै टिजर सार्वजनिक भएको यो चलचित्र वैशाख १३ गते प्रदर्शनमा आउँदैछ । लक्ष गौतमद्वारा निर्देशित यो चलचित्रमा पवन भट्टराई, सुरेन्द्र बूढा, रश्मि शाह, रविन भुलेज, अनुपा, लोकेश आदि नयाँ कलाकारले अभिनय गरेका छन् ।

## दाल भात तरकारी

दर्शकमाझ प्रतीक्षाको विषय बनिरहेको चलचित्र हो– दाल भात तरकारी । मह सञ्चारले निर्माण गरेको यो चलचित्र वैशाख २० गते प्रदर्शन हुँदैछ । सुदन केसीद्वारा निर्देशित यो चलचित्रमा हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठ, निरुता सिंह, पुष्प खड्का, आँचल शर्मा, वर्षा राउत, राजाराम पौडेल, शिवहरि पौडेल, किरण केसी, वसुन्धरा भुसाल, रविन तामाङ, शिशिर वाङ्देल, विल्सनविक्रम राई आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रको ट्रेलर दर्शकले मन पराएका छन् भने भिजिट भिसामा तथा दाल भात तरकारी शीर्षकका दुई गीत लोकप्रिय भैसकेका छन् । हरिवंश आचार्यको कथामा आधारित यो चलचित्रमा अभिनेत्री प्रियंका कार्की पनि छिन् । चलचित्रमा कुनै पनि हालतमा अमेरिका जाने अठोट बोकेको एउटा परिवारको कथा समावेश गरिएको चलचित्रको ट्रेलरबाट अनुमान लगाउन सकिन्छ ।

## पसिना

नयाँ वर्षको पहिलो दिन पोस्टर सार्वजनिक गर्दै प्रचार-प्रसारमा उत्रिएको चलचित्र हो– पसिना । वैशाख २७ गते प्रदर्शनमा आउने यो चलचित्रलाई आरबि खत्रीले निर्देशन गरेका हुन् । मजदुरहरूको कथा-व्यथा समेटिएको यो चलचित्रमा गौरव पहाडी, अनु शाह, सरोज खनाल, सरोज अर्याल, रवि गिरी, ध्रुव कोइराला, शारदा गिरी, सुरजनी केसी आदिले अभिनय गरेका छन् । यो चलचित्रले गरौं सत्कर्म, बगाऊँ पसिना भन्ने नारा बोकेको छ । समसामयिक विषयवस्तु समेत समेटिएको यो चलचित्रले पसिना बगाएर मात्र हुँदैन, सत्कर्म पनि आवश्यक छ भन्ने सन्देश बोकेको छ ।

## कप्स

वैशाख २७ गते प्रदर्शन मिति तोकिएको चलचित्र हो– कप्स । यो चलचित्रमा अनुपविक्रम शाही, सन्दिपा लिम्बू, अमित गिरी, रामराज क्षेत्री, पुरन जोशी, नन्दु श्रीवास्तव, सुन्दर श्रेष्ठ आदि कलाकारले अभियन गरेका छन् ।

## आप्पा

जेठ २४ गते प्रदर्शनमा आउने चलचित्र हो– आप्पा । चलचित्रमा दयाहाङ राई, सिद्धान्तराज तामाङ, अल्लोना काबो लेप्चा आदि कलाकारले अभिनय गरेका छन् । अनमोल गुरुङले निर्देशन गरेको चलचित्र आप्पामा बुवा र छोरीको सम्बन्धलाई आकर्षक ढंगले चित्रण गरिएको छ ।

## जात्रै-जात्रा

चलचित्र जात्राको सफलतापछि निर्माण गरिएको सिक्वेल चलचित्र हो– जात्रै-जात्रा । जेठ ३ गते प्रदर्शनमा आउने यो चलचित्रको निर्देशन प्रदीप भट्टराईले गरेका हुन् । हास्य प्रधान यो चलचित्रमा विपिन कार्की, वर्षा राउत, दयाहाङ राई, रविन्द्र झा आदि कलाकारले अभिनय गरेका छन् । यसअघि गत फागुनमै प्रदर्शन हुने भनिएको यो चलचित्र समयमै छायांकन पूरा नभएपछि तीन महिनापछि सरेको हो । चलचित्रको केही समयअघि सार्वजनिक माया पिरिम गीतले लोकप्रियता पाइसकेको छ ।

## वीरविक्रम-२

जेठ ३ गते प्रदर्शन हुने अर्को चलचित्र हो– वीर विक्रम-२ । मिलन चाम्सद्वारा निर्देशित यो चलचित्र मुस्ताङका आकर्षक लोकेसनमा छायांकन गरिएको छ । चलचित्रमा समावेश पिरतीको मीठो तिर्सना गीतले दर्शकको मन जितिसकेको छ । यो चलचित्रमा पल शाह, वर्षा शिवाकोटी तथा नाजिर हुसेन प्रमुख भूमिकामा छन् । एउटै मितिमा वीरविक्रम-२ र जात्रै-जात्रा प्रदर्शनमा आउने भएपछि दर्शक बाँडिने निश्चित छ ।

## दयारानी

जेठ १० गते प्रदर्शन मिति तोकिएको चलचित्र हो– दयारानी । चलचित्रमा दयाहाङ राई तथा दिया पुन मुख्य भूमिकामा छन् । चलचित्रको पहिलो गीत चिरी च्याट्टै नयाँ वर्षको पहिलो दिन सार्वजनिक भैसकेको छ, जसमा राजनराज शिवाकोटी र मेलिना राईको स्वर सुन्न सकिन्छ । यो चलचित्रको निर्देशन पोखरेली कलाकार माओत्से गुरुङले गरेका हुन् । चलचित्रले एउटा खराब श्रीमान् तथा उनकी दयालु श्रीमतीको कथा बोकेको छ । चलचित्रमा विजय बराल, प्रमिसा गुरुङ, पुष्कर गुरुङ, टिकाराम घले आदि कलाकारले समेत अभिनय गरेका छन् । गुरुङ समुदायमा दयालु युवतीलाई दयारानी भन्ने चलन छ ।

## साइनो

जेठ १० गते प्रदर्शनमा आउने चलचित्र साइनोलाई पुरानी अभिनेत्री भुवन चन्दले निर्माण गरेकी हुन् । यो चलचित्रका निर्देशक रमेश थापा हुन् । चलचित्र साइनोमा नीता ढुंगाना, भुवन चन्द, मदनदास श्रेष्ठ, राजा राजेन्द्र पोखरेल, वसुन्धरा भुसाल, रोयदीप श्रेष्ठ, धर्मेन्द्र आचार्य, विशाल पहारी, वसुकला मैनाली आदि कलाकारको अभिनय हेर्न पाइन्छ ।

## प्रेम दिवस

वास्तविक जीवनका जोडी आयुष्मान देशराज जोशी तथा प्रियंका कार्कीले मुख्य भूमिका निर्वाह गरेको चलचित्र हो– प्रेम दिवस । योगेश घिमिरेद्वारा निर्देशित यो रोमान्टिक चलचित्र यसअघि जेठ ३ गते प्रदर्शन हुने भनिएको थियो, यद्यपि अहिले आएर यो चलचित्र जेठ ३१ मा प्रदर्शनमा आउने तय भएको छ । चलचित्रको हालै सार्वजनिक बरु अर्को जुनी शीर्षकको गीत दर्शकले मन पराएका छन्, जसमा निशान भट्टराई तथा मेलिना राईको स्वर छ । त्रिकोणात्मक प्रेमकथामा आधारित यो चलचित्रमा आयुष्मान र प्रियंकासँगै विशाल खरेलले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

## मासु भात

वास्तविक जीवनमै प्रेममा रहेका सौगात मल्ल तथा सृष्टि श्रेष्ठले अभिनय गरेको चलचित्र मासु भात प्रदर्शनका लागि तयार छ । प्रदर्शन मिति तय गर्न बाँकी रहेको यो चलचित्रको हालै सार्वजनिक टिजरमा सौगात कैदी तथा सृष्टि प्रहरीको भूमिकामा देखिन्छन् । यो चलचित्रको निर्देशन सञ्जीव कुमार न्यौपानेले गरेका हुन् । दुर्गम गाउँकी बालिकालाई मानव तस्करले वेश्यावृत्तिमा लगाएको र त्यस क्रममै उनको अंग बेच्ने प्रयास गरिएपछि ती बालिकाले गर्ने संघर्षसँगै बेपत्ता बहिनीको खोजीमा रहेका दाईको भोगाइ चलचित्र 'मासु भात' मा समेटिएको छ । बेचिएकी बहिनीको दाइको भूमिका सौगातले निर्वाह गरेका छन् । यो चलचित्रमा अभिनेता मल्ल पहिलो पटक निर्माताका रूपमा समेत सहभागी छन् ।

## सानो मन

प्रदर्शन मिति तय हुन बाँकी चलचित्र सानो मन यतिबेला छायांकनका क्रममा छ । यो चलचित्रमा आयुष्मान देशराज जोशी तथा शिल्पा मास्के मुख्य भूमिकामा छन् । चलचित्रको एउटा गीतको टिजर हालै सार्वजनिक भएको छ । सुयोग गुरुङ यो चलचित्रका निर्देशक हुन् । सांगीतिक प्रेम कथामा आधारित चलचित्र सानो मनको छायाँकन काठमाडौं र भैरहवापछि हङकङ र मकाउमा हुनेछ । चलचित्रमा गौरी मल्ल, विशाल पहारी, शिशिर वाङ्देल, रश्मि भट्ट आदि कलाकारले समेत अभिनय गरेका छन् ।

## नीरफूल

सञ्चारकर्मी फूलमान बलद्वारा निर्देशित चलचित्र नीरफूल भदौ २७ गतेदेखि प्रदर्शनमा आउँदैछ । चलचित्र निरफूलमा भूकम्पले विछोडिएको एउटा परिवारको प्रेमकथा चित्रण गरिएको छ भने यसमा दयाहाङ राई, शान्ति वाइबा, बुद्धि तामाङ, पुष्कर गुरुङ, जिम्मे छयोइकी घिसिङ, राजन खतिवडा आदि कलाकारले अभिनय गरेका छन् । रेखा थापा यो चलचित्रको एउटा विशेष भूमिकामा देखा पर्छिन् । चलचित्रमा धादिङको रुबी भ्यालीको एउटा परिवारमार्फत कथा भन्ने प्रयास गरिएको निर्देशक बलले बताएका छन् ।

## रातो टीका निधारमा

दसैंमा प्रदर्शनमा आउने अर्को चलचित्र हो– रातो टीका निधारमा । निर्माता-निर्देशक अशोक शर्माको यो चलचित्र दीपकराज गिरीको छ माया छपक्कैसँगै दर्शकमाझ आउनेछ । निर्देशक शर्माले आफ्नो चलचित्रमा अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहलाई मुख्य अभिनेत्रीका रूपमा अनुबन्ध गरिसकेका छन् भने उनका छोरा अंकित शर्मा अभिनेताका रूपमा पदार्पण गर्न सक्ने प्रबल सम्भावना छ । चलचित्रमा नीता ढुंगाना, रविन्द्र झा, बुद्धि तामाङ, जयनन्द लामा, राजाराम पौडेल, शिवहरि पौडेल, लक्ष्मी गिरी आदि कलाकारले अभिनय गर्नेछन् । स्मरण रहोस्, अघिल्लो वर्षको दसैंमा पनि दीपकराज गिरीको छक्कापञ्जा-३ तथा अशोक शर्माको जय भोलेबीच प्रतिस्पर्धा भएको थियो ।

## हेल्लो जिन्दगी

अघिल्लो वर्ष चलचित्र भैरे निर्माण तथा निर्देशन गरेका एभरेष्ट सूर्य बोहोराको चलचित्र हो- हेल्लो






जिन्दगी । हाल बेलायतमा छायांकन भैरहेको यो चलचित्रमा अभिनेत्री दीपिका प्रसाई, श्वेता खड्का आदि कलाकारले अभिनय गरिरहेका छन् । चलचित्रमा सलोन बस्नेत, विल्सनविक्रम राई, विक्रान्त बस्नेत आदि कलाकार पनि छन् । चलचित्रको प्रदर्शन मिति भने तय गरिएको छैन ।

# छ माया छपक्कै

## छ माया छपक्कै

दसैंलाई प्रदर्शन मिति तोक्दै छायांकनमा जाने क्रममा रहेको चलचित्र हो– छ माया छपक्कै । दीपकराज गिरी तथा रोहित अधिकारीले निर्माण गर्ने यो चलचित्रलाई सञ्चारकर्मी दीपेन्द्र लामाले निर्देशन गर्दैछन् । चलचित्रमा दीपकराज गिरी तथा केदार घिमिरेको मुख्य भूमिका रहने निश्चित छ भने अन्य कलाकारका बारेमा कुनै जानकारी गराइएको छैन । यही वैशाखदेखि छायांकनमा जाने यो चलचित्रले छक्कापञ्जा श्रृंखलाको जस्तै सफलता हासिल गर्न सक्ने अनुमान गरिएको छ । ग्रामिण परिवेशमा छायांकन हुने यो चलचित्र हास्यप्रधान हुनुका साथै यसमा प्रेमकथा समावेश गरिने निर्देशक लामा बताउँछन् ।

## मारुनी

छायांकनको अन्तिम चरणमा रहेको चलचित्र हो– मारुनी । नवल नेपालद्वारा निर्देशित यो चलचित्रमा पुष्प खड्का तथा साम्राज्ञी राज्यलक्ष्मी शाह मुख्य भूमिकामा छन् । चलचित्रमा रेविका गुरुङ, सुनिशा क्षेत्री, अरुण राज, आयुष प्रधान, शंकर सेढाइ, कुशाग्र भट्टराई आदिले समेत अभिनय गरिरहेका छन् । प्रदर्शन मिति तय गर्न बाँकी रहेको यो चलचित्रकी निर्मात्री पूनम पौडेल हुन् । नेपालगन्जबाट छायांकन प्रारम्भ भएको यो चलचित्र यतिबेला काठमाडौं आइपुगेको छ । त्रिकोणात्मक प्रेमकथामा आधारित चलचित्र मारुनीको हालै सार्वजनिक पोस्टरले अधिकांश दर्शकको ध्यान आकर्षित गरिरहेको छ ।

## हृदयभरि

सुरज सुब्बा नाल्बोद्वारा निर्देशित चलचित्र हृदयभरि हाल छायांकनमा छ । चलचित्रमा पल शाह, श्रद्धा क्षेत्री, रेखा लिम्बू आदि कलाकारले अभिनय गरिरहेका छन् । प्रदर्शन मिति तय गर्न बाँकी रहेको यो चलचित्रमा नीर शाह, सुनिल थापा, काश बाबु, अनुराग कुँवर, निर्मल शर्मा, सलोन बस्नेत आदि कलाकारले पनि अभिनय गर्नेछन् । यही चलचित्रमार्फत नेपाली मूलकी मोडल श्रद्धा क्षेत्री अभिनेत्रीका रूपमा दर्शकमाझ आउन लागेकी छिन् । श्रद्धा हाल कोलकातामा मोडलिङ गरिरहेकी छिन् ।

## लप्पन छप्पन-२

सौगात मल्ल र दयाहाङ राईको मुख्य भूमिका रहने चलचित्र लप्पन छप्पन-२ पनि यही वर्ष प्रदर्शनमा आउनेछ । यसअघि प्रदर्शन भैसकेको लप्पन छप्पनको सिक्वेलका रूपमा निर्माण भैरहेको यो चलचित्रले पनि प्रदर्शन मिति तय गरेको छैन । यो चलचित्रलाई मुकुन्द भट्टले निर्देशन गर्नेछन् ।

## अघोरी

भोमन कटुवालको निर्देशनमा छायांकनमा रहेको चलचित्र हो– अघोरी । यो चलचित्रमा प्रज्वल गिरी, उमेश खड्का, शारदा राज्यलक्ष्मी शाह, बिन्दा तामाङ, सुरवीर पण्डित, अनमोल कार्की, तारा शाही ठकुरी आदि कलाकारले अभिनय गरिरहेका छन् । चलचित्रमा अभिनेता गिरीले अघोरीको भूमिका निर्वाह गर्दैछन् । यही वर्ष प्रदर्शन हुने भनिएको चलचित्र अघोरीमा नेपालको ग्रामिण भेगको कथा प्रस्तुत गरिँदैछ ।

## जाइरा

अभिनेत्री नम्रता श्रेष्ठले मार्शल आर्ट खेलाडीको भूमिका निर्वाह गरेको चलचित्र हो– जाइरा । अघिल्लो वर्षको मंसिरमै प्रदर्शन हुने भनिएको यो चलचित्र अब भने भदौ ६ गते प्रदर्शनमा आउनेछ । चलचित्रमा नम्रतासँगै अनुपविक्रम शाही, प्रमोद अग्रहरी, रेमनदास श्रेष्ठ, सिर्जना रेग्मी, सुजाता श्रेष्ठ, सम्राट मगर आदि कलाकारले अभिनय गरेका छन् । चलचित्र जाइराका लागि अभिनेत्री नम्रता श्रेष्ठले आफ्नो हेयरस्टायल परिवर्तन गरेकी छिन् भने तौलसमेत घटाएकी छिन् । यो चलचित्रको निर्देशन आशुतोषराज श्रेष्ठले गरेका हुन् ।

## साङ्लो

अभिनेता विराज भट्टले निर्देशन गर्न लागेको चलचित्र हो– साङ्लो । फ्लोरमा जाने तयारीमा रहेको यो चलचित्रमा विराज भट्टले पूर्व मिस नेपाल निकिता चाण्डकलाई अभिनेत्रीका रूपमा अनुबन्ध गरेका छन् । यही वर्ष प्रदर्शनमा आउने चलचित्र साङ्लोको छायांकन काठमाडौं तथा पोखरामा गरिने बताइन्छ ।

## द डार्क एन्ड लाइट

नेपाली चलचित्रको इतिहासमै पहिलो पटक चार निर्देशकले एकसाथ निर्देशन गरिरहेको चलचित्र 'द डार्क एन्ड लाइट' पनि यही वर्ष प्रदर्शन हुनेछ । दसैंअघि नै प्रदर्शनमा आउने यो चलचित्र हाल छायांकनको अन्तिम चरणमा छ । यो चलचित्रलाई राजु अर्याल, पिटर खालिङ, सरस्वती लामा तथा केशवराज भट्टले निर्देशन गर्नेछन् । चलचित्रमा पिटर खालिङ र सरस्वती लामासहित सेसुका राई, सुमन मगर, प्रिन्सा राई आदि कलाकारले अभिनय गरिरहेका छन् ।

## घर

हाल पोस्ट प्रोडक्सनमा रहेको चलचित्र हो– घर । अभिनेता तथा निर्देशक अर्पण थापाको यो चौथो निर्देशनमा थापासँगै सुरक्षा पन्त एवं बेनिशा हमाल मुख्य भूमिकामा छन् । हरर शैलीको यो चलचित्रमा एउटा घरभित्र घट्ने घटनाक्रमलाई चित्रण गरिएको छ । हाल पोस्ट प्रोडक्सनमा रहेको यो चलचित्रमा निर्देशक दीपेन्द्र के खनालको लगानी छ ।

## कबड्डी-३

निर्देशक रामबाबु गुरुङको चलचित्र 'कबड्डी-३' पनि यही वर्ष प्रदर्शनमा आउनेछ । प्रि-प्रोडक्सनमा रहेको यो चलचित्रका मुख्य कलाकारको छनौट बाँकी नै छ । चलचित्रमा क्याप्टेनबाट रजतपटमा उदाएकी उपासना सिंह ठकुरी तथा प्रदीप खड्काको मुख्य भूमिका रहने सम्भावना छ ।

## सरौतो

एक्सन-लभ स्टोरी चलचित्र सरौतो पनि यही वर्ष प्रदर्शनमा आउने चलचित्र हो । छायांकनको अन्तिम चरणमा रहेको यो चलचत्रिमा सन्नी सिंह तथा सुमी मोक्तान मुख्य भूमिकामा छन्, जसलाई हरि हमागाईंले निर्देशन गरिरहेका छन् । यो चलचित्रमा विजय लामा, युवराज लामा, आमिर गौतम, अरुणा कार्की, सुवाङ्म शाह, लियो ट्यांक आदि कलाकारको अभिनय पनि हेर्न पाइन्छ ।

## चच हुई

फरक धारका चलचित्र निर्माण गर्न रुचाउने निर्देशक साम्तेन भुटियाको पहिलो व्यवसायिक चलचित्र चच हुई पनि यही वर्ष प्रदर्शन हुनेछ, जसमा आर्यन सिग्देल तथा भोलाराज सापकोटा प्रमुख भूमिकामा छन् । हाल छायांकनमा रहेको यो चलचित्रमा मिरुना मगरले अभिनेत्रीको भूमिका निर्वाह गर्नेछिन् ।

## मेरो एउटा साथी छ-२

करिब एक दशकअघि निर्माण भएको चलचित्र मेरो एउटा साथी छको सिक्वेल यही वर्ष प्रदर्शनमा आउनेछ । प्रज्वलशमशेर राणाले निर्माण गर्ने यो चलचित्रलाई दिनेश राउतले निर्देशन गर्नेछन् । चलचित्रमा आर्यन सिग्देल तथा नम्रता श्रेष्ठसँग अर्का अभिनेता धीरज मगरले अभिनय गर्ने सम्भावना छ ।

## सम्हालिन्छ कहिले यो मन

सुदर्शन थापाको निर्देशनमा निर्माण भैरहेको चलचित्र हो– सम्हालिन्छ कहिले यो मन । सम्पूर्ण छायांकन बेलायतमा गरिएको यो चलचित्र यतिबेला पोस्ट प्रोडक्सनमा छ । चलचित्रमा पूजा शर्मा, आकाश श्रेष्ठ, सोनम तोप्देन, सरोज खनाल, गौरी मल्ल, धिरेन शाक्य आदि कलाकारको महत्वपूर्ण भूमिका छ । प्रदर्शन मिति तय गर्न बाँकी रहेको यो रोमान्टिक चलचित्रमा त्रिकोणात्मक प्रेमकथा समेटिएको बताइन्छ ।

## प्रेमनाथ

गणेश बेलबासेद्वारा निर्देशित चलचित्र प्रेमनाथ पनि यही वर्ष प्रदर्शनमा आउने चलचित्र हो । अघिल्लो वर्ष नै प्रदर्शन हुने भनिएको यो चलचित्रका अधिकांश कलाकार नयाँ छन् । चलचित्रमा राज थापा, कृति गौतम, मोनासिला विष्ट, सूरवीर पण्डित, गजित विष्ट, नवीन श्रेष्ठ, कमल गाउँले, गणेश बेलबासे, मियुम जिरेल आदि कलाकारले अभिनय गरेका छन् ।

## परी

अभिनेता विपिन कार्की तथा नयाँ अनुहार सृष्टि खड्काको मुख्य भूमिका रहने चलचित्र परी पनि यही वर्ष प्रदर्शन हुनेछ । चलचित्र परीलाई निशान कश्यपले निर्देशन गर्दैछन् । निशान म्युजिक भिडियोका निर्देशक तथा भिज्युअल एडिटर हुन् । यही महिनादेखि फ्लोरमा जाने यो चलचित्रलाई रूपेशमान अमात्यले निर्माण गर्न लागेका हुन् ।

## बद्रीबहादुर

सोभित बस्नेतको निर्देशनमा निर्माण भैरहेको चलचित्र बद्री बहादुर तीजको मौका पारेर प्रदर्शनमा आउनेछ । यो चलचित्रमा जयकिशन बस्नेत, छुल्टिम गुरुङ, धीरेन शाक्य, सोभित बस्नेत, लय संग्रौला, एलिना रायमाझी, उत्तम केसी आदि कलाकारले अभिनय गर्दै छन् भने पूजा शर्मा तथा सलोन बस्नेत विशेष भूमिकामा प्रस्तुत हुनेछन् ।

## कोपिला

कञ्चनपुरकी १३ वर्षीया स्कुले बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको लामो समय भैसकेको छ, यद्यपि प्रहरी प्रशासनले अझैसम्म दोषी पत्ता लगाउन सकेको छैन । त्यही घटनामा आधारित चलचित्र हो- 'कोपिला' । हालै छायांकन सम्पन्न भएको यो चलचित्रमा सञ्जीवनी खरेलले मुख्य भूमिका निर्वाह गरेकी छिन् ।

## पोइ पर्‍यो काले

निर्देशक शिशिर राणाको चलचित्र 'पोइ पर्‍यो काले' लक्ष्मीपूजाको दिन अर्थात् कात्तिक ८ गते प्रदर्शनमा आउनेछ । यो चलचित्रमा पूजा शर्मा तथा आकाश श्रेष्ठले मुख्य भूमिका निर्वाह गर्दैछन् । यो चलचित्रको निर्माण दीपक मनांगेले गर्न लागेका हुन् ।

बलिउड





# कृतिको बिकिनी रूप

सफल चलचित्र लुकाछिपीबाट चर्चामा रहेकी कृति सेनन यतिबेला सामाजिक सञ्जालहरूमा आफ्नो बिकिनी पोजका कारण भाइरल भएकी छिन् । लुकाछिपीमा कार्तिक आर्यनसँग स्क्रीन सेयर गरेकी कृति चाँडै पञ्जाबी गायक तथा अभिनेता दिलजित दोसाँझसँग अर्जुन पटियालामा देखा पर्दैछिन् । यतिबेला मालदिभ्समा छुट्टी मनाइरहेकी कृतिले भाइरल भएको आफ्नो उक्त तस्बिर आफैंले इन्स्टाग्राममार्फत सार्वजनिक गरेकी थिइन् । मालदिभ्समै खिचिएको उक्त तस्वीरमा कृति निलो रंगको स्वीमसुटमा देखिन्छिन् ।


# साराको रोजाइमा राजनीति

सैफ अलि खान तथा अमृता सिंहकी छोरी सारा अलि खानले अघिल्लो वर्ष चलचित्र ‘केदारनाथ’ बाट बलिउडमा पदार्पण गरेकी हुन् । त्यसपछि साराको चलचित्र ‘सिम्बा’ प्रदर्शनमा आयो । दुवै चलचित्रले बक्स अफिसमा राम्रो कमाइ गरे । सारा अहिले चलचित्र ‘लभ आजकल’को सिक्वेलको सुटिङमा व्यस्त छिन् । यसबीच साराले अभिनयका अतिरिक्त राजनीतिप्रति पनि आफ्नो रुचि जाहेर गरेकी छिन् । हालै साराले एक अन्तर्वार्तामा भनेकी छिन्, ‘भावी दिनमा म राजनीतिमा करिअर बनाउन चाहान्छु, आजभोलि भने अभिनय नै मेरो पहिलो प्राथमिकता हुनेछ । भविष्यमा भने म राजनीतिमा संलग्न हुन चाहान्छु ।’ साराले इतिहास र पोलिटिकल साइन्समा कोलम्बिया युनिभर्सिटीबाट डिग्री हासिल गरेकी छिन् । यस्तोमा राजनीतिप्रति उनको रुचि जायज नै हो । सारालाई विन्दास स्वभावका लागि पनि चिनिन्छ । सारा स्क्रिनमा धेरैको मन जित्न सफल छिन् । ‘लभ आजकल’मा उनी कार्तिक आर्यनको अपोजिट देखिनेछिन् । अर्को खबरअनुसार सारा बरुण धवनको अपोजिटमा चलचित्र कुल्ली नं. १ मा पनि काम गर्दैछिन् ।

# कंगनाले उडाइन मजाक

बलिउडमा अहिले कंगना रणवीर र आलिया भट्टकाबीच राम्रो चलिरहेको छैन । ‘मणिकर्णिका’मा कंगनाको अभिनय र ‘गली ब्वाइ’मा आलियाको अभिनयबीच तुलना गरिएपछि कंगनाले आलियाको भूमिकालाई सामान्य भनेर हाँसोमा उडाएकी छिन् । ‘उनले त्यसलाई चुलबुले केटीको भूमिका भनेकी थिइन् । कंगनाले आफूलाई उडाएपछि आलिया किन चुप रहन्थिन्, उनले पनि कंगनालाई जवाफ फर्काइन् । आलियाले भनिन्, ‘म कंगनाको काम र उनको विचारको निकै इज्जत गर्छु । यदि उनलाई त्यस्तो लाग्छ भने यसका पछाडि पक्कै पनि कुनै कारण होला । अहिले म आफ्नो काममा केन्द्रित हुन चाहन्छु । हुन सक्छ उनले चाडै मेरो कडा परिश्रमको सराहना गरून् ।’





# आमिर पत्नीसँग सानो पर्दामा


आमिर खान एकपटक फेरि सानो पर्दामा पुनरागमन गर्दैछन् । सूत्रहरूका अनुसार टिभी शो ‘तुफान आलय’मार्फत आमिरले सानो पर्दामा इन्ट्री गर्न लागेका हुन् । यो शोको खास विशेषता यसमा आमिरका साथ उनकी पत्नी किरण राव पनि देखा पर्नु पनि हो । उनीहरू दुवै जनाले यो शोको होस्ट गर्नेछन् । आमिरको यो शो ‘पानी फाउन्डेसन’ को अभियानमा आधारित छ । यसमार्फत आमिर महाराष्ट्रका केही इलाकामा मानिसहरू कसरी सफा पानी खोजिरहेका छन् भन्ने कुरा बताउनेछन् । यो अभियानका क्रममा उनले महाराष्ट्रका कैयौं इलाकाको सर्भे गरेका छन् । ‘तुफान आलय’ मा ती सबै कथा देखाइनेछ । आमिरले यो शोसँग जोडिएको एक भिडियो पनि सोसल मिडियामा सेयर गरेका छन् ।

चलचित्र

# नयाँ वर्षले जगायो आशा, चले दुवै चलचित्र

नयाँ वर्ष २०७६ लाई स्वागत गर्दै प्रदर्शन भएका ठूला ब्यानरका दुई चलचित्र 'ए मेरो हजुर-३' तथा 'जात्रा' दुवैलाई दर्शकले मन पराएका छन् । गत शुक्रबार प्रदर्शनमा आएका यी चलचित्र सिनेमा हलमा पुनः एकपटक दर्शकको भीड जम्मा गराउन सफल भएका हुन् । तुलनात्मक रूपमा ए मेरो हजुर-३ ले राम्रो व्यवसाय गरिरहेको छ भने यात्रा पनि सन्तोषजनक व्यवसाय गर्न सफल भैरहेको छ । यो साता कुनै पनि नयाँ नेपाली चलचित्र प्रदर्शन नहुने भएकाले यी दुई चलचित्रले अझै एक साता दर्शकलाई सिनेमा हलसम्म तान्न सक्छन् । कस्तो रहयो त यी दुई चलचित्रको व्यवसाय ?

## ए मेरो हजुर- ३




२०७५ सालको अन्तिम शुक्रबार प्रदर्शनमा आएको चलचित्र ए मेरो हजुर-३ ले सन्तोषजनक व्यापार गरेको छ । मंगलबारसम्म ए मेरो हजुरका शोहरू हाउसफुल छन् र शो पनि थपिइरहेको हलवालाहरू बताउँछन् । सवा २ करोड लगानी भएको यो चलचित्रले राम्रो फाइदा गर्ने चलचित्रकी निर्देशक झरना थापा बताउँछिन् । थापाका अनुसार मंगलबारसम्म यसले ४ करोड १ लाख रुपैयाँ संकलन गरिसकेको छ । झरनाको निर्देशनको चलचित्र ए मेरो हजुर-३ मा अभिनेता अनमोल केसी र सुहाना थापा मुख्य भूमिकामा छन् । झरना पुत्री सुहानाको यो डेब्यु चलचित्र हो । चलचित्रमा अनमोल प्रेम पात्रको भूमिकामा छन् भने सुहाना आर्या पात्रको भूमिकामा देखिन्छिन् । प्रेम रकस्टार हुन्छन् । आर्याले प्रेमलाई असाध्यै मन पराउँछिन् । यद्यपि उनले प्रेमसँग भेट्न पाउनु भनेको आकाशको फल आँखा तरी मर जस्तै हुन्छ । यता प्रेम पनि आर्यालाई खुबै मन पराउँछन् । तैपनि प्रेमजस्तै देखिने घनश्यामसँग आर्याको भेट भैरहन्छ । घनश्याम पात्रमा पनि अनमोलले नै अभिनय गरेका छन् । उनी यो पात्रमा गरिब देखिन्छन् । ए मेरो हजुर-३ यस्तै-यस्तै प्रेमसम्बन्ध र रकस्टारको जिन्दगीको वरिपरि घुमेको छ । चलचित्रमा अनमोलले प्रेमिकालाई प्रभावमा पार्न आफू स्टार हुँ भन्ने कुरा देखाउन खोज्दैनन् । यस्ता मसला धेरैजसो बलिउडका चलचित्रमा देख्न पाइन्छ । ए मेरो हजुर-३ मा यस्ता थुप्रै मसला छन् । यो चलचित्रलाई पूर्ण रूपमा कमर्सियल बनाउन खोजिएको छ । चलचित्रमा सुहानाको साथीको भूमिकामा रक्षा गौतमले अभिनय गरेकी छिन् । उनको संवादमा धेरैजसो अश्लील शब्द प्रयोग गरिएको छ, जसले गर्दा परिवार तथा आफन्तसँग बसेर चलचित्र हेर्दा केही अप्ठेरो महसुस हुन्छ । चलचित्रमा प्रयोग भएका ती शब्द जुन तरिकाले प्रस्तुत गरिएको छ, त्यसलाई पचाउन नेपाली दर्शकलाई हम्मेहम्मे पर्छ । चलचित्रमा रक्षाले होस्टलमा बस्ने केटीहरूले यस्ता शब्द पनि प्रयोग गर्छन् भन्ने कुरा देखाउन खोजेकी छिन् । यद्यपि ती अश्लिल शब्द प्रयोग नगरिएको भए पनि केही फरक पर्दैनथ्यो ।

अभिनयको पक्षमा सुहानाले पहिलो चलचित्रबाटै प्रसस्तै सम्भावना देखाएकी छिन् । उनले असाध्यै राम्रो काम गरेकी छिन् । सुहानाको अभिनय हेर्दा नेपाली चलचित्रले अर्की सशक्त अभिनेत्री पाएको छ भन्दा कुनै अत्युक्ति नहोला ।

अनमोलको अभिनय क्षमतामा पनि तिखारिएको छ । अनमोल चलचित्रमा एउटा रकस्टारको चरित्रमा पनि फिट देखिन्छन् भने घनश्याम नामको गरिब पात्रको भूमिकामा पनि उत्तिकै फिट छन् । चलचित्रको कथा र प्रस्तुति बेजोड छ । गीत-संगीतको पाटोलाई राम्रोसँग प्रस्तुत गरिएको छ । मध्यान्तरसम्म चलचित्रले निकै हँसाउँछ । यसले दर्शकहरूलाई तब अलि गम्भीर बनाउन थाल्छ जब मुख्य पात्रको जिन्दगीमा अनेकन् झमेला आउन थाल्छन् । मध्यान्तरपछि केही समय चलचित्र स्लो हुन्छ । यद्यपि केही समयमै त्यसले पिक-अप लिन्छ । समग्रमा हेर्दा ए मेरो हजुर-३ मनोरञ्जनका लागि उत्कृष्ट छ, तर यो कुनै कोसेढुंगा बन्ने चलचित्र भने होइन । तैपनि चलचित्रले दर्शकलाई भने बाँधेर राख्छ । अनमोलका प्रशंसकहरूका लागि यो चलचित्र राम्रो उपहार हो भने यो चलचित्रबाट सुहानाका प्रशंसक पक्कै बढ्ने छन् । चलचित्रमा समावेश भएका अन्य कलाकारमा अर्पण थापाले उत्कृष्ट अभिनय गरेका छन्, सलोन बस्नेतको अभिनय पनि राम्रो छ, रक्षा गौतमको अभिनय दमदार छ । सरोज खनाल, रविन्द्र झा आदिको अभिनय उत्कृष्ट छ । निर्देशक थापाले यी सबै कलाकारबाट राम्रो काम लिन सकेकी छिन् । चलचित्रको सिनेम्याटोग्राफी राम्रो छ । एडिटिङ तथा ब्याक ग्राउन्ड म्युजिक पनि सन्तोषजनक छ । भिएफएक्सको काममा भने अलिकति चुकेको देखिन्छ । ड्रेसअप सुहाउँदो छ । गीतहरू राम्रोसँग प्रस्तुत गरिएका छन् । चलचित्र हेर्दा दर्शकलाई बोरिङ अनुभव हुँदैन । यो चलचित्रलाई म्युजिकल लभ स्टोरी भन्दा कुनै फरक पर्दैन ।

## यात्रा




गत हप्ता प्रदर्शनमा आएको चलचित्र हो- यात्रा । यो चलचित्रमा सलिनमान बनियाँ मुख्य भूमिकामा छन् । लामो समयदेखि विभिन्न कथामा चलचित्र बने पनि तिनका विषयवस्तु एउटै धारमा बगेको पाइन्थ्यो, तर यात्रामा भने ब्लगरहरूको कथा उठाइएको छ । यो नयाँ विषय हो । चलचित्रमा सलिनमान एउटा ब्लगर हुन्छन् जसको एउटा टिम छ । उक्त टिम नयाँ-नयाँ प्रतिभावान् मानिसहरू खोजेर उनीहरूको जिन्दगीमा परिवर्तन ल्याउने उद्देश्य बोकेर हिँडेको हुन्छ । यही क्रममा अतिथि कलाकारका रूपमा रहेकी समृद्धि राईले सलिनमानको टिमलाई एक ठाउँमा एउटी युवतीको स्वर मीठो छ, उनी टुङ्ना बजाउँदै गीत गाउँछिन् भनेपछि सलिनमानको ग्रुप ती युवतीको खोजीमा लाग्छ । टुङ्ना बजाउने ती युवती मलिका महत हुन्छिन् । मलिकाको यो डेब्यु चलचित्र हो । चलचित्रमा उनी दृष्टिविहिन हुन्छिन् । उनले टुङ्ना बजाएर गीत गाउँछिन् भने सलोन बस्नेतले मादल बजाएर उनलाई साथ दिन्छन् । उनीहरू गाउँ-गाउँमा गै गीत गाएर पैसा उठाउने काम गर्छन् । त्यसपछि सलिनमानको ग्रुपले उनीहरूलाई फेला पार्छ । चलचित्रमा हेर्दा भने उनीहरू ती युवतीलाई खोज्न गएको जस्तो देखिँदैन । उनीहरूले सलोन र मलिकालाई देखेपछि विभिन्न कुरा हुन्छन् ।

यतिबेला सलिनमानको जति क्रेज छ त्यसलाई जोगाउन उनले अभिनयमा थप सुधार ल्याउनुपर्ने देखिन्छ । चलचित्रमा निर्देशक फ्रेमिङ राम्रो बनाउने र सट राम्रो निकाल्ने कुरामा मात्र तल्लीन भएको पाइन्छ । निर्देशकले कलाकारबाट जति काम लिन सक्थे त्यति लिन सकेका छैनन् । क्यामेरामेनले राम्रो काम गरेका छन् । सिनहरू राम्रो खिचिएको छ । यो चलचित्र डबिङ तथा ब्याकग्राउन्ड म्युजिकको पार्टमा अलिकति चिप्लिएको छ । डबिङमा जहाँ बोल्नु नपर्ने थियो त्यहाँ बोलिएको छ र बोल्नुपर्ने ठाउँमा बोलिरहेको छैन, जसले गर्दा दर्शकलाई केही असजिलो लाग्न सक्छ ।

चलचित्रमा समावेश भएका संवाद बढी साहित्यिक छ । जुन युवती गाउँमा बस्छिन्, पढेलेखेकी छैनन्, तैपनि उनको ड्रेसअपदेखि सबै कुरा एकदम राम्रो देखिन्छ जुन प्राकृतिक लाग्दैन । यस्तै सलिनमानको हकमा पनि उनको ड्रेसअप अनुसार संवादको तालमेल मिलेको छैन । सलिनमानले जुन पात्रको अभिनय गरेका छन्, त्यो अनुसार संवाद पनि मिलेको छैन । चलचित्र यात्राका एक्सन निर्देशकको कामको भने प्रशंसा गर्नैपर्छ । कतै-कतै चलचित्र सुस्त गतिमा अघि बढेको छ जसले गर्दा दर्शकलाई बोरिङ हुन सक्छ । कथामा पनि अझ राम्रो गर्न सकिन्थ्यो, यात्रा त्यसमा पनि चुकेको पाइन्छ ।

यो चलचित्रको मंगलबारसम्मको व्यवसायिक पाटो हेर्दा यसले लगानी उठाउन सक्छ । चलचित्रका निर्माता सुशील पोखरेलका अनुसार यो चलचित्रमा २ करोड ५० लाख लगानी भएको छ । मंगलबारसम्मको आम्दानी हेर्दा चलचित्रले २ करोड २० लाख रुपैयाँ कलेक्सन गरिसकेको पोखरेलले जानकारी दिए । यो चलचित्र हलबाट उत्रिएको छैन, त्यसैले चलचित्र यात्रा फाइदामा जाने कुरामा आफू ढुक्क भएको निर्माता पोखरेल बताउँछन् ।

# अभिनय कार्यशालामा रमाउँदै बालबालिका



'हामी बालबालिका हौं, हामीहरू पनि देख्न, सुन्न, महसुस गर्न, सोच्न र कल्पना गर्न सक्छौं' भन्ने मूल भावका साथ लिटल थिएटर ग्यारेज : बालबालिकाका लागि नाट्य तथा अभिनय कार्यशाला यो वर्ष पनि सञ्चालनमा आएको छ । थिएटर मल तथा थिएटर सेन्टर फर चिल्ड्रेन (टिसिसी नेपाल) ले हरेक वर्ष आयोजित गर्ने कार्यशालाको यो पाँचौं संस्करण हो ।

कीर्तिपुरस्थित राराहिल स्कुलको सहकार्यमा स्थापित थिएटर मलमा सञ्चालन भैरहेको लिटल थिएटर ग्यारेजमा अहिले ३३ जना बालबालिका रमाइरहेका छन् । काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट ५ देखि १३ वर्ष उमेर समूहका बालबालिका कार्यशालामा सहभागी छन् ।

यो कार्यशालाको ढाँचा थिएटरका विभिन्न खेल तथा क्रियाकलापमार्फत अभिनयका साथमा उनीहरूको व्यक्तित्व विकासका सघाउ पुऱ्याउने उद्देश्यसाथ तयार पारिएको छ । बालबालिकाहरू कार्यशालामा कथावाचान, चित्रकला, नृत्य, वतृत्वकला, क्ले आर्ट तथा अभिनयका विभिन्न क्रियाकलापमा सहभागी भैसकेका छन् ।

कार्यशालाको अन्तिम दिन उनीहरूले अतिथि तथा अभिभावकहरूमाझ तीनवटा नाटक प्रस्तुत गर्दैछन् भने कार्यशालामा सिकेका र अभ्यास गरेका अन्य प्रस्तुति पनि त्यहाँ समेटिनेछन् । हरेक वर्ष चैत २० गते सुरु हुने १५ दिने कार्यशाला वैशाख ७ मा सम्पन्न हुनेछ ।

बालरंगमञ्चसम्बन्धी अन्तर्राष्ट्रिय संगठनको नेपाल सेन्टर आसितेज नेपालको सहकार्यमा कार्यशालालाई थिएटर मल र टिसिसी नेपालले २०७१ सालदेखि निरन्तरता दिँदै आएको छ । नेपालमा बाल रंगमञ्च स्थापना गर्दै यसको नियमितता र विकासका लागि खोलिएको थिएटर सेन्टर फर चिल्ड्रेनले आफ्ना नाट्य प्रस्तुतिहरू राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरसम्म मञ्चन गरिसकेको छ । गत फागुनमा नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सवमा सहभागी हुँदै कीर्तिपुरमा पुनर्स्थापना भएको थिएटर मलले यही महिनादेखि नियमित नाटक मञ्चन थाल्दैछ ।





सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक



# मोनिका थापा

**सुनवल, नवलपरासीमा** जन्मिएकी २० वर्षीया मोनिका थापा चलचित्रमा करियर बनाउन इच्छुक छिन् । ६ वर्षदेखि काठमाडौंमा बसोबास गरिरहेकी मोनिका यतिबेला ओस्कार इन्टरनेसनल कलेजमा अभिनयमा स्नातक अध्ययनरत छिन् । अभिनयको औपचारिक अध्ययनले करियरमा सहयोग पुर्‍याउंछ भन्ने विश्वास छ– मोनिका भन्छिन् । उनले केही सांस्कृतिक कार्यक्रममा आफ्नो नृत्य कलासमेत प्रस्तुत गरिसकेकी छिन् । मोनिका कल्चरल डान्समा पारंगत छिन् । ५ फिट २ इन्च अग्ली मोनिका गायनमा पनि रूचि राख्छिन् । जम्पर उनलाई मन पर्ने पहिरन हो । फुर्सदमा गीत गाउने तथा चलचित्र हेर्ने उनको बानी छ । राम्रो ब्यानरको चलचित्र पाए उनी यही वर्ष अभिनयमा डेब्यु गर्ने सोचमा छिन् ।

कृष्ण भट्टराई






Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान

लोकेसन : भृकुटीमण्डप, काठमाडौं





# लन्डनमा अनमोलको क्रेज

अभिनेता अनमोल केसीको चलचित्र क्याप्टेनले ओभरसिजको प्रदर्शन बेलायतबाट सुरु गरेको छ । चलचित्र बेलायतको अल्डरसर्टस्थित प्रिन्सेस हलमा शनिवार रेड कार्पेट प्रिमियर गरिएको थियो जसमा अभिनेता अनमोल केसी तथा भुवन केसीले सहभागिता जनाए । नेपालमा मिश्रित प्रतिकृया पाएको क्याप्टेनले युकेको पहिलो शोबाट राम्रो प्रतिक्रिया पायो । फुटबलमा आधारित फ्यामेली ड्रामासहित देशप्रेम समेटिएकाले पनि यसले प्रवासी दर्शकको मन छोएको हुन सक्छ । चलचित्र प्रदर्शनअघि कार्यक्रम सञ्चालिका निया देवानसंगको अन्तर्क्रियामा अभिनेता केसीले 'विगतका चलचित्रहरूमा अभिनेत्रीका लागि फाइट गर्थें भने यो चलचित्रमा देशका लागि फाइट गरेको छु' भन्दा दर्शक दीर्घाबाट ताली बर्सिएको थियो । उक्त अवसरमा प्रशंसकहरू अनमोललाई भेट्न उपहार सहित स्कटल्यान्डदेखि आएका थिए ।

शब्द/तस्बिर : कुशल श्रेष्ठ



# रमित भर्सेस सुपुष्पा

चलचित्र रणवीरबाट रजतपटमा उदाएकी अभिनेत्री सुपुष्पा भट्टले अभिनेता रमित ढुंगानासँग अनस्क्रिन रोमान्स गर्न अस्वीकार गरेको कुरा यतिबेला चर्चामा छ । कुनै बेलाका लोकप्रिय अभिनेता रमित नयाँ चलचित्र राजा साहेबमा १८ लाख रुपैयाँ पारिश्रमिकमा अनुबन्धित भएका छन् । चलचित्रको निर्माण टोलिले अभिनेत्रीका रूपमा सुपुष्पासमक्ष प्रस्ताव राखेको थियो । यद्यपि, सुपुष्पाले उक्त चलचित्रको छायांकनका बेला आफ्नो परिक्षा पर्ने भन्दै प्रस्ताव अस्वीकार गरिन् । सुपुष्पाले परीक्षालाई कारण बनाए पनि उनी आफू भन्दा धेरै जेठा रमितसँग जोडी बन्न नचाहेको बताइन्छ । उमेर अन्तर धेरै देखिंदा जोडी नसुहाउने भएपछि सुपुष्पाले अभिनय गर्न नचाहेको हुनसक्छ । यद्यपि सुपुष्पाले भने उक्त अनुमानलाई गलत भनेकी छिन् । 'उमेरका कारण मैले उहाँसंग अभिनय गर्न नचाहेकी होइन, सुपुष्पाको भनाइ छ– 'चलचित्रमा मैले निर्वाह गर्नुपर्ने चरित्र राम्रो हुँदा-हुँदै पनि परीक्षा पर्ने भएकाले मैले काम नगर्ने भनेकी हुँ ।' सुपुष्पाले आफू रमितको प्रशंसक भएको समेत बताएकी छिन् । रणवीर प्रदर्शन हुने समयमा सुपुष्पाले अभिनेता अनमोल केसीसँग स्प्राइटको टिभिसीमा काम गरेकी थिइन् । सुपुष्पाले भविष्यमा अनमोलसंग अनस्क्रिन रोमान्स गर्ने आफ्नो चाहना समेत उजागर गरेकी छिन् ।

# नीतिको सम्भावना

अभिनेता प्रदीप खड्कालाई स्टार बनाउने चलचित्र प्रेमगीतको तेस्रो सिक्वेलका लागि मिस नेपाल इन्टरनेसनल-२०१८ नीति शाहसमक्ष प्रस्ताव राखिएको बताइन्छ । चलचित्रका निर्माताले नीतिलाई प्रेमगीत-३ को वानलाइन स्टोरी सुनाइसकेका छन् । हालै चलचित्र लभ स्टेशन हेर्न बिग मुभिज पुगेकी नीतिले समेत आफूलाई प्रेमगीत-३ बाट अभिनयको प्रस्ताव आएको स्वीकार गरेकी थिइन् । 'अहिलेसम्म निश्चित चाहिं भैसकेको छैन, नीतिले भनेकी छिन्– 'अभिनय गर्ने सम्भावना भने छ । स्क्रिप्ट मन पर्‍यो भने प्रेमगीत-३ मा अभिनय गर्न सक्छु । मलाई प्रदीपसँग काम गर्न मन पनि छ ।' चलचित्रका निर्माता सन्तोष सेनले पनि नीतिले आफ्नो नयाँ चलचित्रमा अभिनय गर्न सक्ने सम्भावना रहेको बताए । 'हामीलाई नीति जस्तै अनुहार भएकी अभिनेत्री चाहिएको छ,' सेन भन्छन्– हामी नीतिलाई लिने कुरामा सकारात्मक छौं । अघिल्लो वर्ष नीतिले प्रदीपसँग गरेको डिसहोमको टिभिसीलाई दर्शकले निकै मन पराएका थिए ।






# २५ वर्षपछि निर्देशन

पोखरा थिएटरको गन्धर्व नाटघरमा नाटकको रिहर्सल भैरहेको थियो । मञ्चमा कलाकारहरू अभ्यासरत थिए । दर्शक दीर्घाबाट उनीहरूलाई सिकाउँदै थिए- वरिष्ठ साहित्यकार सरुभक्त श्रेष्ठ । ६३ वर्षीय श्रेष्ठको निर्देशनमा नाटक 'बाकस' को मञ्चन तयारी भैरहेको छ । श्रेष्ठ २५ वर्षको अन्तरालपछि पुनः नाटक निर्देशन गर्न कस्सिएका हुन् । उनको नाटकप्रतिको प्रेम, लगाव तथा जोशले कलाकारहरू उत्साहित देखिन्छन् । 'रंगमञ्च प्रतिको मेरो प्रेम उत्तिकै छ, नाटक प्रतिको तृष्णा मेटिएको छैन' सरुभक्तले भने । बाकस फरक शैलीको नाटक भएको उनले बताए । बाकस प्रतिकात्मक नाटक हो । नेपाल संगीत नाट्य प्रज्ञा प्रतिष्ठानको कुलपति हुँदा यो नाटक लेखेको श्रेष्ठ बताउँछन् । विगत र अहिले हेर्दा रंगमञ्चमा धेरै ठूलो परिवर्तन आएको छैन, नाटक उत्कृष्ट बन्न कलाकारको मेहनत जरुरी छ' श्रेष्ठले भने । नयाँ पुस्ताका कलाकारसँग काम गर्न पाउँदा उत्साहित भएको उनले बताए । सरुभक्तले झन्डै ८० वटा नाटक लेखिसकेका छन् । उनले निर्देशन गरको नाटकको संख्या डेढ दर्जन छ । सुरुवातमा बाध्यताले निर्देशक भएको उनले सुनाए । 'पहिले लेखन, निर्देशन तथा अभिनय सबै आफैले गर्नुपर्ने बाध्यता थियो,' श्रेष्ठले भने । बाकसमा मुलुकको परिवर्तनपछिको अवस्था चित्रण गरिएको छ जुन पोखरा थिएटरको प्रस्तुतिमा मञ्चन हुने छैटौं नाटक हो ।

# दुलही बन्दै रेनेशा

कोरियोग्राफर तथा निर्देशक रेनेशा वान्तवा राई विवाह बन्धनमा बाँधिने भएकी छिन् । राईले चलचित्र निर्माता प्रज्वल शम्सेर राणासँग लगनगाँठो कस्ने निधो गरेकी हुन् । रेनेशाद्वारा निर्देशित पहिलो चलचित्र 'इन्टु मिन्टु लन्डनमा' का निर्माता हुन् प्रज्वल । उनी चलचित्र मेरो एउटा साथी छका निर्माता प्रभुशमशेर राणाका छोरा हुन् । रेनेशा र प्रज्वल लामो समयदेखि प्रेम सम्बन्धमा थिए । रोचक कुरा के छ भने रेनेशाले प्रज्वलको बुवाको चलचित्र मेरो एउटा साथी छमार्फत कोरियोग्राफीमा पदार्पण गरेकी हुन् । उनीहरूले आगामी वैशाख २४ गते विवाह गर्ने निर्णय गरेका छन् । वैवाहिक जीवनमा प्रवेश गरेलगत्तै रेनेशा नयाँ चलचित्रको निर्देशनमा सक्रिय हुनेछिन् । प्रज्वलले नै निर्माण गर्ने आई एम ट्वान्टी वान रेनेशाकै निर्देशनमा तयार हुनेछ ।



# दोहोरिंदाको फाइदा

नयाँ वर्ष २०७६ को पूर्व सन्ध्या पारेर प्रदर्शन भएका दुई चलचित्र ए मेरो हजुर-३ तथा यात्राः अ म्युजिकल ब्लग व्यवसायिक रूपमा सफल भएका छन् । व्यवसायका दृष्टिकोणले ए मेरो हजुर-३ ले यात्रालाई पछि पारेको छ । यद्यपि, दर्शकले दुवै चलचित्रलाई उत्तिकै मन पराएका छन् । दुवै चलचित्र एकैदिन प्रदर्शन भएपछि केही कलाकार तथा प्राविधिकलाई भने फाइदा पुगेको छ । दुवै चलचित्रले दर्शक बटुलेपछि त्यसको प्रत्यक्ष फाइदा अभिनेता सलोन बस्नेतलाई मिलेको छ । सलोनले दुवै चलचित्रमा सह-अभिनेताको भूमिका निर्वाह गरेका छन् । कलाकार रेयर राई पनि दुवै चलचित्रमा छन् । प्राविधिकतर्फ छायांकार राजेश लामा पनि दुवै चलचित्रमा छन् । दुवै चलचित्रका पोस्टर टौवा क्रिएसनले निर्माण गरेको हो ।

अर्को रोचक कुरा के भने यी दुवै चलचित्रका द्वन्द्व निर्देशन पनि एकै जनाले गरेका हुन्– हिमाल केसीले ।



# आज बुवा बन्दै आर्यन

वैशाख ६ गते अभिनेता आर्यन सिग्देल तथा उनकी धर्मपत्नी सपना भण्डारीका लागि यसै पनि विशेष हुन्छ । किनभने उनीहरू वैशाख ६ का दिन म्यारिज एनिभर्सरी सेलिब्रेट गर्छन् । चार वर्षअघि उनीहरूले यही मितिमा लगनगाँठो कसेका थिए । यही विशेष दिन पारेर आज वैशाख ६ गते शुक्रबार अभिनेता सिग्देल बुवा बन्दैछन् भने सपना आमा । आर्यनका नजिकका साथी फेसन उद्यमी तथा भिजुअल एडिटर सुजन सुवेदीका अनुसार अभिनेता आर्यन सिग्देल आज शुक्रबार बिहानै बुवा बन्दैछन् । आर्यनकी धर्मपत्नी सपना भण्डारीले आज बिहान ६ बजे पहिलो सन्तान जन्माउन लागेको बताइन्छ । वसुन्धरास्थित चिरायु अस्पतालमा सपनाले बच्चा जन्माउने निर्णय गरेकी हुन् । डा. बिना बस्नेतले सिजरिङमार्फत सपनालाई सुत्केरी गराउने छिन् । यसबीच आर्यन र सपनाले आफ्नो पहिलो सन्तानको नाम 'आयान्स' राखेका छन् ।



# यही वैशाखमा !

अभिनेता स्वरूपपुरुष ढकालका लागि यो वैशाख महिना भाग्यशाली सावित हुने देखिएको छ । चलचित्र छक्कापन्जा-२ बाट रजतपटमा आएका अभिनेता ढकाल यही महिना वैवाहिक जीवनमा बाँधिने भएका छन् । उनले यसै साता मुस्कान सुवेदीसँग इन्गेज्मेन्ट गरेका छन् । उनीहरू यही वैशाख २९ गते वैवाहिक जीवनमा बाँधिँदैछन् । छक्का पञ्जा-२ अर्को साता पुनः सिनेमा हलमा प्रदर्शन हुने कुराले एकातिर अभिनेता ढकालको खुसी बढेको थियो भने अर्कातिर यही वैशाखमा आफूले जीवनसाथी पाउने कुराले उनी थप दंग छन् । उक्त चलचित्रमा स्वरुपले अभिनेत्री स्वस्तिमा खड्कासँग अनस्किन रोमान्स गरेका छन् । स्वरुपले अभिनय गरेको पहिलो चलचित्र सुस्केरा भने अहिलेसम्म प्रदर्शनमा आउन सकेको छैन । स्वरूप छक्कापञ्जा-२ पछि भने अभिनयमा सक्रिय छैनन् ।

# अन्तर्राष्ट्रिय फेसन विकको रमाइलो






नेपाली नयाँ वर्ष २०७६ को अवसरमा पोखरामा अन्तर्राष्ट्रिय फेसन विक सम्पन्न भएको छ। पोसाक महासंघ नेपाल तथा डिजाइनर एसोसिएसनद्वारा संयुक्त रूपमा आयोजित फेसन विकमा मोडलहरू दर्शकको ध्यान खिच्न सफल रहे। फेसन विकलाई आकर्षक बनाउन भारतीय ज्वेलरी डिजाइनर मोना श्राफका गर-गहना तथा भारतीय कोरियोग्राफर श्रेया सिंहको कोरियोग्राफी महत्वपूर्ण रह्यो। फेसन डिजाइनर प्रेम देव तथा सुभासिनी सिंहको डिजाइनका पहिरन दर्शकका लागि रुचिकर मानिए।

डिजाइनर मिनु श्रेष्ठ, नविना केसी, बबिता मगर, युर्निभर्सिटी टेक्नोलोजी मारा, सौरभ तामाङ, सविना श्रेष्ठ, रुपा चौधरी, पुष्पा महतो, सिर्जना केसी, अन्जना श्रेष्ठ, सर्मिला राई, गंगा राई, अनिता श्रेष्ठ, सविना, सुष्मा, दिपा, पवित्रा थापा मगर, नन्दनी, लक्ष्मी श्रेष्ठ, निर्मला कार्की, ज्वाला राज पोखरेल, प्रतीक्षा दुरा, रिता तामाङ, दुर्गा विष्ट बस्नेत, रेखा राई, लिल्या डोङ, समृद्धि मित्तलले फेसन विकमा प्रस्तुत सिक्वेन्सहरूलाई उत्कृष्ट बनाउन सक्दो प्रयास गरे। यो फेसन शो द काठमाडौं पोस्टको प्रस्तुतिमा न्युरोड, भाटभटेनी सुपरमार्केटस्थित पोखरा स्काई स्पोर्ट्समा सञ्चालन भएको थियो।

पोखरा, काठमाडौं, हेटौंडा, चितवन तथा विराटनगरका २० जना महिला तथा ५ जना पुरुष गरी कुल २५ जना मोडल फेसन विकमा सहभागी थिए। फ्युजन, क्याजुयल, स्ट्रिट वेयर, वेस्टन गाउन, कल्चरल, गाउन तथा वनपिस, ट्रेडिसनल, कल्चर फ्युजन आदी गरी २१ वटा सिक्वेसमा विभाजित फेसन शोमा नेपाली तथा विदेशी पहिरनको फ्युजन आकर्षक मानियो। गण्डकी प्रदेशका जातीय समुदायको वेशभूषा स्थानीय मोडलमार्फत प्रदर्शन गरियो भने गायक स्वप्न सुमन, सागर आले तथा नमस्ते फिटनेस सेन्टरको जुम्बा डान्स थप आकर्षण रहे। यो कार्यक्रमलाई भव्य बनाउन आफूहरूले निकै मेहनत गरेको र आगामी वर्ष पोखरामै कार्यक्रमलाई निरन्तरता दिने फेसन डिजाइनर प्रेम देवले बताएका छन्।

राजाराम पौडेल

## मध्यरातमा प्रियंकाको छमछमी

नयाँ वर्षको अवसर पारेर विराटनगरस्थित सेन्ट्रल मलमा राति सम्पन्न 'फेस्टा न्यू इयर इभेन्ट' मा अभिनेत्री प्रियका कार्कीको प्रस्तुतिबाट युवायुवतीहरूले भरपुर मनोरञ्जन लिए। रातको ८ बजे प्रारम्भ भएको उक्त कार्यक्रममा तीन घण्टासम्म भारतबाट आएका डिजेले नेपाली, हिन्दी तथा रिमिक्स गीतमा युवाहरूलाई उफारेपछि मध्यराति साढे ११ बजे प्रियंका सेन्ट्रल मलको ग्राण्ड फ्लोरमा उपस्थित भएकी थिइन्।

आफ्नो प्रस्तुति दिन चोली र रातो लेहेङ्गामा सेन्ट्रल मल पुगेकी प्रियंकालाई 'डोली' मा चढाएर चार जना युवाले स्टेजमा



पुर्‍याए। हातमा फूल बोकेकी प्रियंकाले स्टेजमाथि रातो गुलाफको फुल फाल्दै सहभागीहरूलाई अभिवादन गरेपछि नृत्य प्रस्तुत गरिन्। डिजेले बजाएको ननस्टप गीतमा नृत्य गरेर लखतरान भएका युवाहरू प्रियंका स्टेजमा आएसँगै फेरि जोस्सिए। प्रियंकाले स्थानीय कलाकारहरूका साथमा आफूले अभियन गरेका चलचित्रको गीतबाट प्रस्तुति आरम्भ गरिन्। प्रियंकाले नृत्य गर्दा तन्नेरी युवाहरू 'वान्समोर' भन्दै चिच्याइरहेका थिए। दर्शकदीर्घाबाट निरन्तर हुटिङ भै रह्यो भने २० मिनेटमा प्रियंकाले दमदार प्रस्तुति दिइन्। प्रियंकाले नृत्य गरिसक्दा रातको १२ बजिसकेको थियो।

अनिल श्रेष्ठ



## रोशनीलाई उपाधि

पोखरामा आयोजित प्रथम संस्करणको मिस क्यापिटल नेपालको उपाधि कास्की, लेखनाथकी रोशनी सुनारले जितेकी छिन्। क्रिएटिभ बोर्डकास्टिङ मिडिया प्लसद्वारा आयोजित यो प्रतियोगितामा सुस्मिता क्षेत्री फस्ट रनर्सअप तथा एली घले सेकेन्ड रनर्सअप भएका थिए। फाइनलमा पुगेका १० जनाबीच उपाधिका लागि प्रतिस्पर्धा गराइएको थियो भने यो प्रतियोगिताको अडिसनमा ६७ जना सहभागी थिए। उक्त कार्यक्रममा कास्कीका प्रहरी प्रमुख एसपी ओम बहादुर राना तथा लोकदोहोरी गायक पशुपति शर्मालाई सम्मानसमेत गरियो। कार्यक्रमको थप आकर्षणमा गीत एवं नृत्य प्रस्तुति रहे।

## फेसन शोमा बालबालिका






उनीहरूको ऱ्याम्प वाक वयस्कहरूको भन्दा कम आकर्षक थिएन। आत्मविश्वास, प्रस्तुति एवं स्टाइल पनि दमदार थियो। रंगी-विरंगी, मनमोहक पहिरनमा सजिएका उनीहरूको समग्र हावभाव लोभलाग्दो देखिन्थ्यो। त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड सेन्टरस्थित कर्मा बार एन्ड लाउन्जमा दुई दर्जनभन्दा बढी बालबालिकाले मोडलका रूपमा प्रस्तुत हुँदै भिन्न खालको खुबी प्रस्तुत गरे। रेन, ट्रेडिसनल तथा डिजाइनर वेयरमा सजिएका उनीहरूलाई इनोभेसन इभेन्ट म्यानेजमेन्टले फेसन शोको प्लेटफर्म प्रदान गरेको थियो। लिटिल स्टार्स रनवे-२०१९ शीर्षकमा संचालित उक्त फेसन कार्यक्रममा डिजाइनरद्वय रेखा मोदी मिनुका तथा रविन परियारले तयार पारेका पहिरनहरू प्रदर्शन भए भने फेसन शोको कोरियाग्राफी दिक्पाल कार्कीले गरेका थिए।

# मिस नेपालका २५

कृष्ण भट्टराई

तस्बिरहरू : महेश प्रधान

## निशा पाठक

मिस नेपाल-२०१९ की प्रतिस्पर्धी नम्बर-१ हुन्– निशा पाठक । मालीगाउँ, काठमाडौंकी २२ वर्षीया निशा ५ फिट साढे ४ इन्च अग्ली छिन् । बीबीए उत्तीर्ण निशा नयाँ ठाउँ घुम्न, विभिन्न प्रकारका परिकार बनाउन तथा नृत्य गर्न रुचाउँछिन् । स्वाभिमानी नारी बन्न चाहने निशा सकारात्मकताले भरिएको संसारमा खुसीसाथ जीवन बिताउन चाहन्छिन् । 'म आफ्नो सपना पूरा गर्न मिस नेपालको २५ औं श्रृंखलामा सहभागी भएकी हुँ,' निशा भन्छिन्– 'यो एउटा त्यस्तो प्लेटफार्म हो, जहाँबाट आवाजविहीन्रूका लागि आवाज उठाउन सकिन्छ ।' निशा आफूलाई दयालु, कडा परिश्रमी तथा दबाबमा समेत उत्कृष्ट प्रदर्शन गर्न सक्ने युवतीका रूपमा चिनाउँछिन् । निशाले आफूलाई मिस नेपाल-२०१९ को विजेताका रूपमा समेत देखेकी छिन् । 'मिस नेपाल मेरा लागि सपनामात्र नभएर उद्देश्य पनि हो, निशाको भनाइ छ– 'उद्देश्य प्राप्तिका लागि म कडा मेहनत गर्न तयार छु ।'



१

## एलिशा जोशी

२३ वर्षीया एलिशा जोशी मिस नेपाल-२०१९ की प्रतिस्पर्धी नम्बर-२ हुन् । ५ फिट ५ इन्च अग्ली एलिशाले बीबीए उत्तीर्ण गरेकी छिन् । यात्रा, नृत्य तथा संगीत उनको रुचिका विषय हुन् । पोखराकी एलिशाले भविष्यमा एउटी सफल मार्ग निर्देशकका साथै आत्मनिर्भर नारी बन्ने लक्ष्य लिएकी छिन् । 'म सकारात्मक सोचका साथ आफ्नो सपना पूरा गर्न मिस नेपालमा आएकी हुँ,' एलिशा भन्छिन्– 'ममा भएको आत्मविश्वास र जिज्ञासु स्वभाव नै मेरा सकारात्मक पक्ष हुन् ।' 'म मिस नेपालको उपाधि विजेता हुनु पर्ने केही कारण छन्, एलिशा भन्छिन्– 'म हरेक प्रकारका अवरोध छिचोल्न, सकारात्मक सोच उजागर गर्न तथा विश्वलाई नै सकारात्मकतातर्फ अग्रसर गराउन सक्षम छु ।'



२



३

## सोफिया भुजेल

मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-३ हुन्– सोफिया भुजेल । ५ फिट ७ इन्च अग्ली सोफिया काठमाडौंकी स्थायी बासिन्दा हुन् । बिजनेस म्यानेजमेन्टमा स्नातक गरेकी सोफिया उत्प्रेरणा जगाउने शैलीका पुस्तक पढ्न रुचाउँछिन् । त्यसबाहेक उनी लेखनमा समेत दक्ष छिन् भने विभिन्न प्रकारका परिकार बनाउन पनि पोख्त छिन् । सफल महिला उद्यमी तथा समाजसेवी बन्नु उनको लक्ष्य हो । आफ्नो देश तथा जनताको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा विजयी हुँदै सबैलाई गौरवशाली बनाउने उद्देश्यले आफू मिस नेपालमा सहभागी भएको सोफियाको तर्क छ । सोफिया आफू वरिपरि भएका व्यक्तिहरूलाई प्रेरित गर्न यो प्रतियोगितामा आएकी हुन् । आफ्नो आत्मविश्वास, क्षमता तथा परिश्रमी स्वभावले आफूलाई मिस नेपालमा विजेता बनाउने कुरामा आत्मविश्वासी देखिन्छिन् सोफिया ।

## अनुश्का श्रेष्ठ

काठमाडौंकी २३ वर्षीया अनुश्का श्रेष्ठ प्रतियोगी नम्बर-६ हुन् । ५ फिट ५ इन्च अग्ली अनुश्काले व्यवस्थापनमा स्नातक उत्तीर्ण गरेकी छिन् । खाना पकाउनु, थ्रिलर चलचित्र एवं वेब सिरिजहरू हेर्नु तथा चित्रकला अनुश्काका सौख हुन् । कालो धनलाई सेतो बनाउने उद्योगका विरुद्ध उत्पादक व्यवसायी बन्ने उनको लक्ष्य छ । विगत पाँच वर्षदेखि अस्ट्रेलियाको सिड्नीमा रहेर फाइनान्सियल सर्भिसमा कार्यरत अनुश्कालाई उनको लक्ष्य तथा उद्देश्य कुनै अर्कै क्षेत्रमा छ जस्तो लागेको छ, जहाँ पुगेर उनी बेग्लै प्रभाव छाड्न सफल हुनेछिन् । 'म त्यो प्रभाव सिर्जना गर्न मिस नेपाल नै सबैभन्दा उपयुक्त प्लेटफर्म हो भन्ने निष्कर्षमा पुगेकी छु,' अनुश्का भन्छिन्- 'यहाँबाट मैले नेपालमात्र होइन विश्वभरि विकासका कार्यक्रम फैलाउन सक्छु । मिस नेपालका प्रायः सबै प्रतिस्पर्धीलाई उत्तिकै आत्मविश्वासी, सुन्दर तथा प्रतिभाशाली पाएकी छु,' अनुश्का भन्छिन्, 'म आफूमा भएको क्षमता उजागर गर्दै मिस नेपाल वर्ल्डको उपाधि चुम्ने प्रयास गर्नेछु ।'



६

## रिया बस्नेत

काठमाडौंकी २३ वर्षीया रिया बस्नेत मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-४ हुन् । बीबीए उत्तीर्ण रिया ५ फिट ७ इन्च अग्ली छिन् । उपन्यासको अध्ययन, खेलकुद, यात्रा तथा नृत्य उनका सौख हुन् । भविष्यमा सफल उद्यमी बन्ने लक्ष्य लिएकी रियालाई मिस नेपालको प्लेटफर्म निकै शक्तिशाली लाग्छ । 'म यहाँ आउनुको कारण आफ्नो उत्कृष्टता उजागर गर्नु मात्र होइन,' रिया भन्छिन्– 'ममा भएको ज्ञान तथा अनुभव बाँड्नु पनि हो । अन्तर्राष्ट्रिय क्राउनलाई नेपाल भित्राउन सक्दो प्रयास गर्नु पनि म यहाँ आउनुको अर्को कारण हो ।' आफूमा भएको गतिशिलता र एकाग्रतालाई प्रयोग गर्दै आफ्नो लक्ष्य प्राप्त गर्नु उनको अर्को उद्देश्य हो । रिया भन्छिन्, 'म यहाँ एउटा स्पष्ट लक्ष्यका साथ आएकी हुँ ।' उनी आफ्नो मात्र प्रगति नभै विश्वभरि नै नेपालको नाम राख्ने अभियानका साथ यो प्रतियोगितामा आएकीले उनलाई आफ्नो उद्देश्यमा सफल हुनु छ ।'



४



७

## जेनी महर्जन

काठमाडौंकी जेनी महर्जन मिस नेपाल-२०१९ की प्रतिस्पर्धी नम्बर-७ हुन् । २४ वर्षीया जेनी ५ फिट ७ इन्च अग्ली छिन् । पेशाले फर्मासिस्ट जेनीले फार्मेसीमा स्नातक गरेकी छिन् । ट्रेकिङ गर्दै नयाँ-नयाँ ठाउँको भ्रमण गर्नु, पौडी खेल्नु, नयाँ-नयाँ परिकार बनाउनु तथा चलचित्र हेर्नु जेनीका सौख हुन् । जेनी प्रेरणादायक महिला बन्न चाहन्छिन् । विभिन्न वर्गका मानिसहरूमा उत्प्रेरणा जगाउन आफू मिस नेपालमा सहभागी भएको उनको तर्क छ । 'एक जना व्यक्ति नै विश्वलाई परिवर्तन गर्न सक्षम हुन्छ,' भन्ने कुरामा विश्वास गर्ने जेनी आफू उक्त व्यक्ति बन्न चाहेको कुरा बताउँछिन् । हरेक परिस्थितमा आत्मविश्वासी हुनु जेनीको सकारात्मक पक्ष हो । यसबाहेक उनी दबाबमा समेत कडा परिश्रम गर्न सक्छिन् । आफैंप्रति विश्वास गर्ने उनको स्वभाव छ । जेनी भन्छिन्, 'म आत्मविश्वासी हुनुका साथै नेपाललाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन सक्षम छु । जेनीका अनुसार मिस नेपालको उपाधि जित्दै विश्वभर छरिएका नेपालीहरूलाई गौरवशाली बनाउनु उनको लक्ष्य हो ।

## अस्मिता महर्जन

धापाखेल, ललितपुरकी अस्मिता महर्जन मिस नेपाल-२०१९ की प्रतिस्पर्धी नम्बर-८ हुन् । २२ वर्षीया अस्मिता ५ फिट ६ इन्च अग्ली छिन् । कम्प्युटर इन्जिनियरिङकी विद्यार्थी अस्मिता घुमघाम, संगीत तथा इन्टेरियर डिजाइन रुचाउँछिन् । भविष्यमा आईटी क्षेत्रको सफल महिलाका रूपमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने उनको लक्ष्य छ । 'म यहाँ मिस नेपाल बन्नकै लागि आएकी हुँ, अस्मिता भन्छिन्– 'सँगसँगै नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा उत्कृष्ट शैलीमा प्रतिनिधित्व गराउन पनि म मिस नेपालमा सहभागी भएकी हुँ ।' अस्मिताले मिस युनिभर्समा नेपालको प्रतिनिधित्व गर्ने आफ्नो भित्री इच्छा उजागर गरेकी छिन् ।

८





९

## किरण थापा

बौद्ध, काठमाडौंकी २२ वर्षीया किरण थापा मिस नेपाल-२०१९ की प्रतिस्पर्धी नम्बर-९ हुन् । आर्किटेक्ट इन्जिनियरिङ गरिरहेकी किरण ५ फिट ६ इन्च अग्ली छिन् । गायन तथा खेलकुदका गतिविधिहरूमा सहभागिता जनाउने किरण भविष्यमा सफल आर्किटेक्टका साथै असल मार्ग निर्देशक बन्न चाहन्छिन् । किरणले आफूमा भएको प्रतिभा उजागर गर्ने लक्ष्य लिनुका साथै आफूमा भएका कमजोरीहरू सुधार्दै त्यसलाई पनि शक्तिमा परिवर्तन गर्ने लक्ष्य लिएकी छिन् । नयाँ-नयाँ कुरा सिक्ने चाहना, अरूलाई सकेसम्म सहयोग गर्ने स्वभाव तथा सकारात्मक सोचलाई उनी आफ्नो बलियो पक्ष मान्छिन् । आफू कडा परिश्रमी तथा मेहनती भएकैले मिस नेपालको प्रवल दावेदारका रूपमा प्रस्तुत हुने उनको दाबी छ ।

## निकिता कर्माचार्य

ललितपुरकी निकिता कर्माचार्य मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-११ हुन् । २१ वर्षीया निकिता ५ फिट ६ इन्च अग्ली छिन् । सोसल वर्कमा स्नातक गरेकी निकिता नृत्यकी पारखी हुन् । उनी नृत्यसंग प्रेम नै भएको बताउँछिन् अर्थात् उनी फुर्सदमा मात्र होइन, खुसी व्यक्त गर्नसमेत नृत्यकै सहयोग लिन्छिन् । सामाजिक कार्यकी विद्यार्थी हुनुका साथै बालबालिकाहरूको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थासंग आवद्ध भएकाले निकिताले भविष्यमा आफ्नै गैर सरकारी संस्था स्थापना गरेर सामाजिक कार्यमा होमिने लक्ष्य लिएकी छिन् । निकिताले यसअघि दुई ठूला सौन्दर्य प्रतियोगितामा सहभागिता जनाएर उपाधिसमेत जितिसकेकी छिन् । सन् २०१५ मा सम्पन्न मिस इ-कलेजकी उपाधि विजेता निकिताले सन् २०१७ मा सम्पन्न मिस इन्डिया सब कन्टिनेन्ट प्रतियोगिता सेकेन्ड रनर्सअप भएकी थिइन् । 'मैले विगतमा पनि नेपालको प्रतिनिधित्व गर्दै विदेशमा आयोजित सौन्दर्य प्रतियोगितामा भाग लिएर सेकेन्ड रनर्सअपको उपाधि जितिसकेकी छु, निकिता भन्छिन्- 'त्यसका कारण पनि ममा प्रसस्त आत्मविश्वास छ, जसले मलाई मिस नेपालको विजेता बनाउन सक्छ ।'



११

## प्रदीप्ता अधिकारी

काठमाडौंकी प्रदीप्ता अधिकारी मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-१० हुन् । नेप्लिज आर्मी इन्स्टिच्यूट अफ हेल्थ साइन्सेसमा एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत प्रदीप्ता ५ फिट ६ इन्च अग्ली छिन् । पूर्व नेशनल डिबेटर रहिसकेकी प्रदीप्ता नृत्य, योग तथा यात्रामा रुचि राख्छिन् । विश्व स्वास्थ्य संगठनको सिईओ बन्ने लक्ष्य लिएकी प्रदीप्ता मिस नेपालको आफ्नो सहभागितालाई विश्वमा नेपालको झन्डा फहराउने उद्देश्य बताएकी छिन् । अनुशासन, स्पष्ट धारणा तथा स्वभावलाई उनी आफ्ना सकारात्मक पक्षका रूपमा लिन्छिन् । 'मैले पनि आफूलाई मिस नेपालको विजेताका रूपमा हेरेकी छु, प्रदीप्ता भन्छिन्– 'इमान्दार सपना, गहिरो विश्वास तथा कडा परिश्रमको मिश्रणले एक प्रकारको शक्ति पैदा गर्छ, म आफूमा त्यही शक्ति पैदा गर्दैछु ।'



१०




## रोज लामा

जोरपाटी, काठमाडौंकी रोज लामा मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-१२ हुन् । ५ फिट ६ इन्च अग्ली रोज इन्टेरियर डिजाइन तथा स्टुडियो आर्ट्समा स्नातक गरिरहेकी छिन् । फुर्सदमा अध्ययन, लेखन तथा नयाँ-नयाँ कुराको खोजी गर्नु उनको स्वभाव हो । भविष्यमा सफल इण्डस्ट्रियल डिजाइनर तथा समाजसेवी बन्ने उनको लक्ष्य छ । समाजको उत्कृष्ट सदस्य बन्न आवश्यक पर्ने तत्वहरूको जानकारी लिन तथा त्यसलाई व्यवहारमा लागू गर्ने उद्देश्यले आफू मिस नेपालमा सहभागी भएको उनको भनाइ छ । 'म प्रेममा विश्वास गर्छु,' रोज भन्छिन्– 'म सबैलाई प्रेम गर्छु अनि सबैबाट प्रेमको अपेक्षा गर्छु ।' उनी सधैं आफूलाई विजेता मान्छिन् । 'पहिलो स्थानमा आउनु मात्र विजयी हुनु होइन, रोजको भनाइ छ– 'मेरा लागि उत्कृष्ट प्रस्तुती दिने सबै विजयी हुन्, त्यसमा म स्वयं पनि पर्नेछु ।'

## सारा बजिमय

मिस नेपाल-२०१९ की प्रतिस्पर्धी नम्बर-१३ सारा बजिमयले पोखरालाई प्रतिनिधित्व गर्दै छिन् । २३ वर्षीया सारा ५ फिट ७ इन्च अग्ली छिन् । माइक्रो बायोलोजीमा स्नातकोत्तर अध्ययन गरिरहेकी सारा चित्रकला तथा नृत्यकी सौखिन् छिन् । उनी धिमे बाजा तथा गिटार बादनका साथै गायनमा पनि उत्तीकै सिपालु छिन् । नेपाललाई अन्तर्राष्ट्रिय जगतमा प्रतिनिधित्व गराउन आफूले देखेको सपना पूरा गर्न मिस नेपालमा सहभागी भएको उनको भनाइ छ । आफूमा भएको आत्मविश्वासका कारण मिस नेपालमा सफल हुने उनको दावी छ ।







## मीरा कक्षपति

भक्तपुरकी मीरा कक्षपति मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-१६ हुन् । २३ वर्षीया मीरा ५ फिट ४ इन्च अग्ली छिन् । बीबीएस अध्ययनरत मीरा अध्ययन तथा यात्रामा रुचि राख्छिन् । सचेतना, जागरुकता तथा एकाग्रताका बारेमा आफूमा भएको ज्ञान बाँड्न अनि अरूबाट ग्रहण गर्ने उद्देश्यले मिस नेपालमा सहभागिता जनाएकी मीरा विगत केही वर्षदेखि यी विषयको अभ्याससमेत गरिरहेकी छिन् । पब्लिक स्पिकिङको क्षेत्रमा ख्याति आर्जन गरिसकेकी मीरा व्यवसायिक उद्घोषिका हुन् । मीराका अनुसार उनीसहित मिस नेपालका २६ जना प्रतिस्पर्धी नै विजेता हुन्, किनभने मिस नेपालमा सहभागिता जनाउन पाउनु आफैंमा एउटा उपलब्धि हो ।

## रक्षा उप्रेती

पुरानो बानेश्वर, काठमाडौंकी रक्षा उप्रेती मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-१५ हुन् । २२ वर्षीया रक्षा ५ फिट ६ इन्च अग्ली छिन् । बायो टेक्नोलोजीमा स्नातक गरेकी रक्षा यात्रा गर्न, नयाँ-नयाँ विषयमा खोजि गर्न तथा खानपिनमा विशेष रुचि राख्छिन् । विश्वलाई सुन्दर बनाउन सबैमा माया र सद्भाव बाँडौं भन्ने कुरालाई आत्मसात गर्ने रक्षा केही नयाँ कुरा सिक्न मिस नेपालमा सहभागी भएको बताउँछिन् । 'सकेसम्म धेरै कुरा सिक्न, आफूमा भएको अनुभव शेयर गर्न तथा असल व्यक्ति बन्दै सकारात्मक धारणा फैलाउन म यो प्रतिस्पर्धामा आएकी हुँ,' रक्षा भन्छिन्– 'म असाध्यै जिज्ञासु स्वभावकी छु, मलाई लाग्छ यो नै मेरो सकारात्मक पक्ष हो ।' आफैंलाई विश्वास गर्ने भएकीले रक्षाले आफैंलाई मिस नेपालको सम्भावित विजेताका रूपमा हेरेकी छिन् ।




## लक्ष्मी राउत

हात्तीवन, ललितपुरकी लक्ष्मी राउत मिस नेपाल-२०१९ की प्रतिस्पर्धी नम्बर-१४ हुन् । २३ वर्षीया लक्ष्मी ५ फिट साढे ६ इन्च अग्ली छिन् । एमबीएस तेस्रो वर्षमा अध्ययनरत लक्ष्मी जर्नल लेखन, पुस्तक अध्ययन, यात्रा तथा सपिङकी सौखिन छिन् । आफ्नो सपना पूरा गर्न मिस नेपालको प्लेटफर्म छनौट गरेको उनको तर्क छ । आफूमा भएको लगाव, मेहनत तथा एकाग्रतालाई उनी आफ्नो सकारात्मक पक्षका रूपमा लिन्छिन् । 'मलाई लाग्छ म सक्छु भन्ने भावनाले नै मलाई विजेता बनाउने छ,' लक्ष्मीका अनुसार उनी सानोभन्दा सानो काममा पनि आफ्नो मुटु, दिमाग तथा आत्मालाई एकिकृत गर्छिन्, जसले उनलाई सफलता दिलाउँछ ।





२०

## शुभेच्छा अधिकारी

ललितपुरकी शुभेच्छा अधिकारी मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-२० हुन् । २१ वर्षीया शुभेच्छा ५ फिट ४ इन्च अग्ली छिन् । मिस नेपालमा सहभागिता जनाउन उनी अमेरिकाबाट स्वदेश आएकी हुन् । अमेरिकामै बीबीए गरिरहेकी शुभेच्छा गायन तथा यात्रामा रुचि राख्छिन् । शुभेच्छाले भविष्यमा सफल उद्यमी बन्ने लक्ष्य लिएकी छिन् । मिस वर्ल्डको उपाधि जित्दै नेपाललाई गौरवशाली बनाउने शुभेच्छाको एकमात्र लक्ष्य छ । शुभेच्छा हरेक कार्य योजना बनाएर फत्ते गर्छिन् । मिस नेपालको सहभागिता पनि उनको लामो योजनामध्येको एक हो । नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा गौरवशाली बनाउनकै लागि आफू मिस नेपालको विजेता हुनु पर्ने शुभेच्छाको तर्क छ ।

## जेनिशा थपलिया

सुन्दरहरैंचा, मोरंगबाट मिस नेपालमा प्रतिनिधित्व गरिरहेकी जेनिशा थपलिया प्रतियोगी नम्बर-१७ हुन् । ५ फिट ६ इन्च अग्ली जेनिशा २३ वर्षकी भइन् । अर्थशास्त्रमा स्नातकोत्तर गरिरहेकी जेनिशा चलचित्र हेर्न, नयाँ-नयाँ परिकार बनाउन तथा यात्रा गर्न रुचाउँछिन् । जेनिशाले भविष्यमा प्रभावशाली व्यक्तित्व बन्ने लक्ष्य लिएकी छिन् । 'म यहाँ उपाधिका साथै मानिसहरूको मन जित्न आएकी हुँ,' जेनिशा भन्छिन्– उनी यो प्लेटफार्मबाट धेरै भन्दा धेरै कुरा सिक्न चाहन्छिन् । कहिले नहार्ने तथा नथाक्ने स्वभावकी जेनिशा आफू शक्तिशाली, स्वाभिमानी तथा जिज्ञासु भएकोमा गर्व गर्छिन् । कहिल्यै नहार्ने स्वभावकै कारण आफू मिस नेपालको उपाधि जित्न योग्य भएको जेनिशाको तर्क छ ।



१७



१८

## पूजा श्रेष्ठ

चन्द्रगढी, झापाबाट मिस नेपालमा प्रतिनिधित्व गरिरहेकी पूजा श्रेष्ठ प्रतियोगी नम्बर-१८ हुन् । २२ वर्षीया पूजा ५ फिट ६ इन्च अग्ली छिन् । बीबीए उत्तीर्ण पूजा नृत्य गर्न, पुस्तक पढ्न, ब्याटमिन्टन खेल्न तथा चराचुरुंगीहरू अवलोकन गर्दै प्रकृतिमा रमाउन रुचाउँछिन् । भविष्यमा प्राध्यापकका रूपमा काम गर्दै नयाँ पुस्तामा सकारात्मक ज्ञान बाँड्ने लक्ष्य लिएकी पूजा आफ्नो देशलाई अन्तर्राष्ट्रिय प्लेटफर्ममा प्रतिनिधित्व गराउन पनि मिस नेपालमा सहभागी भएको बताउँछिन् । सकारात्मकता तथा लगनशीलतालाई आफ्नो गुणका रूपमा चित्रण गर्ने पूजा आत्मविश्वासी तथा कडा परिश्रमी भएकै कारण आफूलाई मिस नेपालको उपाधि विजेताका रूपमा हेर्छिन् ।

## बिपना सुवेदी

चितवनबाट मिस नेपाल-२०१९ मा प्रतिनिधित्व गरिरहेकी बिपना सुवेदी प्रतियोगी नम्बर-१९ हुन् । २० वर्षीया बिपना ५ फिट ४ इन्च अग्ली छिन् । फरेस्ट्रीमा बिएस्सी गरिरहेकी बिपना नृत्य, गायन तथा खानपिनमा रुचि राख्छिन् । बिपनाले भविष्यमा डिएफओका रूपमा वन्यजन्तु संरक्षणको क्षेत्रमा योगदान पुऱ्याउने लक्ष्य लिएकी छिन् । यसका साथै उनले मिस नेपाल २०१९ का पाँच मुख्य उपाधिमध्ये एउटा उपाधि जित्ने लक्ष्य लिएकी छिन् । कडा परिश्रमी, इमान्दार तथा लगनशील भएकै कारण आफूले हरेक कार्यमा सफलता हासिल गर्दै आएको बिपनाको भनाइ छ । 'कामप्रतिको मेरो इमान्दारिताले नै मलाई विजेता बनाउनेछ,' बिपनाको भनाइ छ ।



१९

## प्रकृति कटवाल

बिर्तामोड, झापाकी प्रकृति कटवाल मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-२१ हुन् । २४ वर्षीया प्रकृति ५ फिट साढे ५ फिट अग्ली छिन् । एमबीबीएसको पाँचौं वर्षकी छात्रा हुन्– प्रकृति । नयाँ-नयाँ ठाउँको भ्रमण गर्नु, नयाँ-नयाँ व्यक्तिहरूसँग भेटेर विचार साटासाट गर्नु तथा खानपिनमा रमाउनु उनका सौख हुन् । भविष्यमा एउटा सफल चिकित्सकका साथै परोपकारी व्यक्ति बन्ने लक्ष्य लिएकी प्रकृति चिकित्सा शास्त्रको छात्राका रूपमा केही नयाँ कुराको अनुभवका लागि मिस नेपालको प्लेटफर्म छनौट गरेको बताउँछिन् ।



२१



२२

## न्यान्सी बोगटी

काठमाडौंकी न्यान्सी बोगटी मिस नेपालकी प्रतियोगी नम्बर-२२ हुन् । ५ फिट साढे ४ इन्च अग्ली न्यान्सी २४ वर्षकी भइन् । गिटार बजाउनु, गीत गाउनु तथा अनलाइन गेम खेल्नु आफ्ना रुचिका विषय भएको उनी बताउँछिन् । प्रविधिको प्रयोग गर्दै मानिसको जीवनमा परिवर्तन ल्याउनुलाई न्यान्सीले आफ्नो जीवनको लक्ष्य बताएकी छिन् । मानिसमा उत्प्रेरणा जगाउनु भन्दा पहिले आफैं उदाहरण बन्नुपर्छ भन्ने उद्देश्यले उनी मिस नेपालमा प्रतिस्पर्धा गर्न आएकी हुन् । प्रतियोगिताका सहभागीहरूको आ-आफ्नै क्षमता र प्रतिभा भएको धारणा व्यक्त गर्ने न्यान्सी आफूमा भएको क्षमता, आशा, मेहनत तथा प्रेरणाका कारण आफू नै विजेता हुने धारणा व्यक्त गर्छिन् ।

## संस्कृति घिमिरे

भैरहवाकी संस्कृति घिमिरे मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-५ हुन् । ५ फिट ४ इन्च अग्ली संस्कृति २३ वर्षकी भइन् । कम्प्युटर साइन्समा स्नातक गरेकी संस्कृति कामकाजी युवती हुन् । उनी दुई भिन्न संस्थामा टेक्निकल अफिसर तथा बिजनेश एनालिस्टका रूपमा कार्यरत छिन् । चित्रकला, गायन, यात्रा तथा बास्केटबलमा रुचि भएकी संस्कृति भविष्यमा सफल उद्यमी बन्न चाहन्छिन् । नेपालबाट पहिलो मिस वर्ल्ड बन्ने लामो समयदेखिको उद्देश्य पूरा गर्न उनी मिस नेपालमा सहभागी भएकी हुन् । 'मैले मिस नेपाल बन्ने सपना मात्र देखेकी छैन, संस्कृति भन्छिन्- 'मैले आगामी दस वर्षका लागि योजनासमेत बनाइसकेकी छु, जसका लागि मैले नेपालमा मिस वर्ल्डको उपाधि भित्र्याउनुपर्ने हुन्छ ।'



५



२३

## शिवानी घिमिरे

२१ वर्षीया शिवानी घिमिरेले मिस नेपाल-२०१९ मा भैरहवाको प्रतिनिधित्व गरेकी छिन् । प्रतियोगी नम्बर-२३ शिवानी ५ फिट साढे ५ इन्च अग्ली छिन् । शिवानी कम्प्युटर इन्जिनियरिङ गरिरहेकी छिन् । शिवानीका रुचिका विषय खेलकुद, लेखन, यात्रा तथा गायन हुन् । शिवानीले भविष्यमा सफल उद्यमी बन्ने लक्ष्य लिएकी छिन् । चुनौतीहरूसँग जुध्न मन पराउने स्वभावकै कारण आफू मिस नेपालमा आएको शिवानीको भनाइ छ । आफूमा भएको जिम्मेवारीपन, इमान्दारिता तथा धैर्यतालाई आफ्नो सकारात्मक पक्ष बताउने शिवानी अप्ठ्यारो परिस्थितिमा समेत अघि बढ्न सक्ने क्षमताकै कारण आफूलाई मिस नेपाल-२०१९ को विजेता देख्छिन् ।

## प्रथा अधिकारी

काठमाडौंकी प्रथा अधिकारी मिस नेपाल-२०१९ की प्रतियोगी नम्बर-२५ हुन् । प्रथा पुराना अभिनेता प्रकाश अधिकारीकी छोरी हुन् । हालै बीबीएको अध्ययन पूरा गरेकी प्रथा ५ फिट ७ इन्च अग्ली छिन् । नृत्यमा सिपालु प्रथा भलिबल तथा ब्याटमिन्टनकी खेलाडी पनि हुन् । भविष्यमा सफल उद्यमी बन्ने लक्ष्य लिएकी प्रथा आफूलाई आत्मविश्वासी व्यक्तिका रूपमा चित्रण गर्छिन् । चाँडै सिक्ने क्षमता, कडा परिश्रमी तथा कुशल नेतृत्व गर्न सक्ने आफ्नो क्षमतालाई उनी आफ्ना सकारात्मक पक्षका रूपमा लिन्छिन् । अन्तर्राष्ट्रिय रूपमा नेपालको प्रतिनिधित्व गर्ने उद्देश्यसहित आफू मिस नेपालमा आएको प्रथाको भनाइ छ ।

प्रथाले मिस नेपालको सहभागितालाई आफ्नो पहिलो विजयका रूपमा लिएकी छिन् । 'ममा भएको प्रतिभा, व्यक्तित्व तथा क्षमता मौलिक छन्, प्रथाका अनुसार उनमा अरूलाई पनि सहजै प्रभावित तुल्याउन सक्ने क्षमता छ । त्यसकारण पनि उनी आफूलाई मिस नेपाल-२०१९ को बलियो दावेदार मान्छिन् ।



२५

## सान्त्वना मालाकार

काठमाडौंकी सान्त्वना मालाकार मिस नेपाल-२०१९ की प्रतिस्पर्धी नम्बर-२४ हुन् । २२ वर्षीया सान्त्वना ५ फिट ६ इन्च अग्ली छिन् । उनी यात्रा, अध्ययन, साइक्लिङ तथा पाक्कलामा रुचि राख्छिन् । आर्किटेक्टमा स्नातक उत्तीर्ण सान्त्वना भविष्यमा सफल आर्किटेक्ट बन्न चाहन्छिन् । मिस नेपाललाई सौन्दर्य प्रतियोगिताका रूपमा मात्र सीमित गरिनु हुँदैन भन्ने धारणा राख्ने सान्त्वना यो प्रतियोगितालाई समाजका महत्वपूर्ण मुद्दामा बहस गर्ने थलोका रूपमा समेत चित्रण गर्छिन् । आफूलाई सकारात्मक सोच भएकी व्यक्तिका रूपमा चिनाउने सान्त्वना आफ्नो सपना पूरा गर्ने योजनाका साथ यो प्रतियोगितामा आएकी हुन् ।



२४

# राज गर्ने कलर



रोजिन शाक्य

फेसनको हरेक नयाँ सिजनको आगमनसँगै प्यान्टोन कलर इन्स्टिच्युटले आउँदो सिजनलाई ध्यानमा राखेर प्यान्टोन फेसन कलर ट्रेन्ड रिपोर्ट सार्वजनिक गर्छ। उक्त रिपोर्टअनुसार यो वर्षको गर्मीमा आत्मविश्वास र उच्च मनोबल सञ्चार गर्नेदेखि खुसी, उमंग, उत्साहलाई प्रोत्साहन गर्ने रंगहरूले प्राथमिकता पाउनेछन्। यसैगरी सिर्जनात्मकता, रोमाञ्चता एवं नयाँ प्रयोगका लागि उत्प्रेरित गर्ने रंगहरूको आगमन हुने कुरा बताएको छ। कलर रिपोर्टमा आउँदो सिजनमा बढी प्रभावकारी हुने र प्रचलन आउने कलर शेडका रूपमा १२ वटा शेडलाई प्राथमिकतामा राखिएको छ भने चारवटा क्लासिक न्युट्रल शेडलाई यस पटक फेसनको परिवेशमा रुचाइने कलर शेडका रूपमा समेटिएको छ।

यसपटकको फेसनको दुनियाँमा फियस्ता नाम दिइएको फेस्टिभ ओरेन्ज शेडको लहर चल्नेछ। उत्साह, जोस तथा प्यासनको परिचायकका रूपमा यो कलर शेडलाई प्रस्तुत गरिएको छ। समृद्धि, सुन्दरता र गतिको संवाहकका रूपमा जेस्टर रेडलाई धेरैले आफ्नो कलेक्सनमा पार्ने सम्भावना छ। यस पटकको कलर रिपोर्टमा महत्वपूर्ण मानिएको रंग हो टर्मरिक जुन ओरेन्ज शेडकै परिवारमा पर्छ। लिभिङ कोरल नामक कलर शेड पनि यसपटकको फेसनमा हिट रहनेछ। मूलतः यसको गोल्डेन अन्डरटोनमा झल्कने शालिनता र सौम्यताले फेसनप्रेमीहरूमा आकर्षण सिर्जना गर्नेछ।

देख्नेबित्तिकै सम्मोहित गर्ने कलर शेडका रूपमा पिन्क पिकक अगाडि आउनेछ। यसलाई सकारात्मक इच्छा जागृत गर्ने कलर शेडका रूपमा चिनाइएको छ। पेपर स्टेक कलर शेड यो वर्षको समरमा फेसनप्रेमीहरूको रोजाइमा पर्न सक्ने प्रबल सम्भावना छ। स्वादमा चटपटे जस्तै भनेर चिनाइएको यो शेड पहेंलो र हरियो रंगको मिश्रण हो। खुसी, आनन्द र उमंगको परिचायकका रूपमा एस्पेन गोल्ड धेरैको प्रिय हुनसक्छ। यसपटकको फेसनसिजनलाई कलरफुल बनाउने क्रममा प्रिन्सेस ब्लूको भूमिका पनि उत्तिकै रहनेछ। रोयल ब्लुको आभाश दिने यो कलरले फेसन परिवेशमा उज्यालो र सकारात्मकता सञ्चार गर्नेछ। चकलेट जस्तै स्वादिलो, नाईं भन्न नसकिने र सम्मोहित गर्न सक्ने क्षमता भएको कलर शेडका रूपमा टफी कलर शेडलाई प्रस्तुत गरिएको छ। यो कलर शेडले पेट भरियो तर मन भरिएन भन्ने आशयका साथ लोभ्याइरहने बताइएको छ।



यसपटकको फेसनमा म्याङ्गो मोजिटो नाम दिइएको गोल्डेन येलो कलर शेड आराम र खुशी संचार गर्ने कलर शेडका रूपमा अगाडि आउनेछ। नयाँ शुरुवात र प्रकृतिसितको आत्मीयता प्रवाह गर्ने कलरका रूपमा टेरारियम मोस सबैको कलेक्सनमा रहनेछ। पिंक मिसिएको ल्याभेन्डर शेडका रूपमा स्वीट लिलाक कलरलाई प्रस्तुत गरिएको छ। फेसनको दुनियाँमा यसले चार्म, शालीनता र सौम्यता सञ्चार गर्नेछ। यसबाहेक प्यान्टोनको कलर रिपोर्टमा चारवटा न्युट्रल शेडलाई पनि स्थान दिइएको छ, जसमा भरोसाको प्रतिक बहुमुखी गुण अनुभव गर्न पाइने सोयबिन कलरलाई प्रस्तुत गरिएको छ। यसै गरी यो वर्षको क्यालेन्डरमा इक्लिप्स कलर शेडले समेत चर्चा पाउनेछ। गम्भीर तथा रहस्यमय स्वभावको प्रतिकका रूपमा प्रस्तुत गरिएको छ डिप ब्लु कलरलाई। अन्य न्युट्रल शेडमा स्वीट कर्न र ब्राउन ग्रानाइट लोकप्रिय रहनेछन्। स्वीट कर्न कलर शेडलाई कोमलताको प्रतीक मानिएको छ भने ब्राउन ग्रानाइटलाई शक्ति, समझदारी, प्रामाणिक र समयसीमा भन्दा बाहिरको निश्छलताका रूपमा दर्साइएको छ।





# अबको फेसन

वर्ष २०७६ को फेसनमा चेक्सको पुनरागमन हुने अनुमान गरिएको छ, जसअन्तर्गत ८० को दशकताका अत्यन्त लोकप्रिय ब्ल्याक एन्ड ह्वाइट स्क्वायर चेक्स प्याटर्नले एकपटक फेरि लोकप्रियता पाउनेछ। फेसनविद्हरूका अनुसार वर्ष २०७५ मा धुम मच्चाएको एनिमल प्रिन्टको प्रभाव वर्ष २०७६ मा समेत कायमै रहनेछ, जसअन्तर्गत लियोपार्ड स्पट्स, जेब्रा पिन्ट, स्नेकस्किन बढी लोकप्रिय हुने बताइएको छ। यसैगरी वर्ष २०७५ मा लोकप्रिय रहेको टाइ एन्ड डाइ स्टाइलले पनि वर्ष २०७६ मा निरन्तरता पाउने अनुमान गरिएको छ।

यो वर्ष ट्रेन्च कोटको आकर्षण पनि कायमै रहनेछ। यसमा स्लिभलेस भर्सनको प्रचलन बढ्ने अनुमान छ। यसैगरी टक्सिडोसित बढी प्रयोगमा आउने बोलाई यो वर्ष रुचाइने बताइन्छ।


न्यानो फेसनमा भने निट वेयरको प्रधानता रहनेछ। पातलो ड्रेपी निट ड्रेसदेखि स्वेटरसम्म सबैका लागि प्रिय हुनेछ। यो वर्ष क्रोसेट शैलीले पनि लोकप्रियता पाउनेछ। च्यसबाहेक क्रोसेटका सर्ट, स्कार्फ र अन्य पहिरनको माग दोहोरिनेछ। न्यानोपन महसुस गर्न चाहनेहरूका लागि यो उपयुक्त विकल्पका रूपमा देखा पर्नेछ। सदावहार जिन्स ज्याकेटप्रतिको मोह कायमै रहनेछ। यसअन्तर्गत सबै खालका जिन्स ज्याकेटसँगै डेनिम तथा सफ्ट जिन्सका ज्याकेट, डिस्ट्रेस्ड, एम्बेलिस्ड तथा क्लासिक स्टाइलप्रति मानिसहरूको आकर्षण देखिनेछ।


५० को दशकताकाको पोल्का डटेड ड्रेसको पनि पुनरागमन हुनेछ। यसअन्तर्गत ड्रेस, स्कर्ट, टप देखि ब्याग, फुटवेयर, स्कार्फ लगायतका फेसन एक्सेसरिजले लोकप्रियताको नयाँ मापदण्ड कोर्ने अनुमान छ। यसपटक मिक्स फ्लोरल प्रिन्टले पनि आफ्नो जादू देखाउनेछ। यसअन्तर्गत लो वेस्ट स्टाइलको प्रभाव बढ्ने बताइएको छ। त्यसबाहेक ट्युल ड्रेस तथा टप्सले यौवनाहरूलाई आकर्षित गर्नेछ।


२० को दशकताका लोकप्रिय फ्रिन्ज स्टाइल ८० को दशकमा परिमार्जित भएर फर्किएको थियो। यसपटक ती दुवै समयको फ्रिन्जले आफ्नो उपस्थिति देखाउनेछ। ब्याग, ड्रेस, भेस्ट तथा फुटवेयरमा समेत यसको प्रभाव देखिनेछ। यो वर्ष वार्डरोब सियर फ्याब्रिक पनि लोकप्रिय हुने अनुमान बताइएको छ। यो वर्ष आरामदायक, स्टाइलिस र ट्रेन्डी पनि देखिने छोटा परिहनको प्रयोग पनि उत्तिकै बढ्नेछ। त्यसबाहेक ८० को दशकताकाको हाइवेस्टेड पाइन्ट तथा स्कर्ट एकपटक फेरि फर्कने अनुमान छ। त्यसमा पनि विशेषतः ट्राउजर तथा लेदर स्कर्टमा हाई वेस्टेड स्टाइल बढी चल्तीमा रहनेछन्।


# टाटु मोह बढ्दै, सम्मेलन हुँदै

राजाराम पौडेल







टाटु एउटा कला हो। नेपालमा पनि यसको क्रेज बढ्दै गएको छ। टाटुका बारेमा वृद्धि भएको सकारात्मक बुझाइका कारण टाटु मोह बढ्दै गएको हो। शरीरमा टाटु खोप्नेहरूको लक्ष्य एउटै हुँदैन। कोही आफूलाई युनिक देखाउन टाटु खोपाउँछन् भने कोही टाटुको प्रयोगमार्फत आफ्नो शरीरमा भएका अनावश्यक दाग छोप्छन् र सुन्दर देखिन्छन्। सुन्दर र हेन्डसम देखिने रहरले टाटुतर्फ आकर्षित हुनेहरू पनि उत्तिकै छन्।

नेपालमा १५ सयदेखि २० हजारसम्मका टाटु खोपिँदै आएको छ। टाटु खोप्दाको मेहनत, समय र साइजअनुसार यसको शुल्क निर्धारण हुन्छ। टाटु खोप्नेहरू दिनप्रतिदिन बढिरहेका छन्। 'बढी मात्रामा १८ देखि ३५ वर्ष उमेर सम्मकाले टाटु खोप्ने गरेका छन्। त्यसका अतिरिक्त बालबालिकादेखि वृद्धवृद्धासम्ममा टाटुको मोह पाइन्छ,' गगन टाटु लेकसाइड पोखराका सञ्चालक गगन थापाले भने। टाटु आर्टिस्टको कलाका कारण समेत यसप्रतिको आकर्षण बढेको छ। महिला तथा पुरुष दुवैले टाटु खोपाउँछन्। टाटुले शरीरलाई सिँगार्ने काम मात्र नगरेर शरीरमा भएका खटिराहरू समेत हटाउन सघाउँछ।

सुरु-सुरुमा टाटुलाई त्यति राम्रो मानिँदैनथ्यो, तर अहिले टाटुप्रतिको बुझाइमा सकारात्मक परिवर्तन आएको छ। टाटु बनाइसकेपछि त्यसलाई मेट्न केही गाह्रो हुन्छ। टाटु मेट्न रेजर गरिन्छ तर त्यसलाई पूरै हटाउन सहज हुँदैन। त्यसकारण टाटु खोप्न मन पराउनेहरूले आर्टिस्ट चिनेर मात्र काम गराउनुपर्छ– यही काममा १८ वर्षको अनुभव सँगालेका गगनले भने।

नर्मल टाटु २० मिनेटमै खोप्न सकिन्छ। आर्ट हेरेर कुनै दिनभर, कुनै दुई-तीन दिनसम्म पनि लाग्छ। टाटुका विभिन्न क्याटागोरी हुन्छन्। आफ्नो रुचिअनुसार यसलाई प्रयोग गर्न सकिन्छ। टाटु आर्टिस्टले भगवान्देखि खेलाडीसम्म, विभिन्न आकृतिदेखि कला-संस्कृतिसम्मलाई शरीरमा कलात्मक ढंगले प्रस्तुत गर्छन्। आफूलाई मनदेखि नै मन परेका विषयलाई टाटु आर्टिस्टमार्फत शरीरमा प्रतिबिम्बित गर्न पाउँदा टाटुप्रेमीहरू पनि उत्साहित हुन्छन्। कतिपय व्यक्तिले प्रदर्शनकै लागि टाटु खोपाउँछन्। उनीहरू आफ्नो टाटु प्रदर्शन गर्दै अरूको ध्यान खिच्न खोज्छन्। कोही सम्झनाका लागि टाटु बनाउँछन्। उनीहरू आफ्नो टाटुको प्रदर्शन गर्दैनन्, स्पेसल व्यक्ति अथवा आफैंले हेर्नका लागि टाटु बनाउँछन्। गोप्य अंग वरिपरी टाटु खोपाउनेहरू पनि उत्तिकै हुन्छन्। कतिपयले बढी मात्रामा देखिने शरीरको भागमा टाटु खोपाउने गरेका छन्। टाटुको प्रदर्शन गर्मीमा बढी गरिन्छ। आफूलाई आकर्षक देखाउन कलाकार तथा खेलाडीले यसको प्रयोग गर्दा उनीहरूका प्रशंसक आकर्षित हुने गरेका छन्।

सन् १९६० को दशकबाट नेपालमा विदेशी पर्यटक मार्फत नेपालमा टाटु देखिन थालेको हो। सन् १९९० को दशकमा नेपालमा टाटु खोप्ने स्टुडियो स्थापना हुन थाले। त्यति बेलाका टाटुलाई सोखका रूपमा लिइन्थ्यो। अहिले टाटुलाई फेसनका रूपमा लिन थालिएको छ, फलस्वरूप अहिले यसको प्रयोग र आकर्षण बढ्दै गएको छ। काठमाडौं, पोखरा आदि ठाउँमा प्रशस्तै टाटु स्टुडियो छन् र यो क्रम नेपालका अन्य ठाउँमा पनि फैलँदै गएको छ।

टाटु आर्टिस्टलाई फोरम प्रदान गर्ने उद्देश्यले नेपाल टाटुको स्थापना १० वर्षअघि नै भएको हो, जसले वर्षैपिच्छे अन्तर्राष्ट्रिय टाटु सम्मेलनको आयोजना गर्दै आएको छ। ओमप्रकाश गुरुङ, मोहन गुरुङ तथा विजय श्रेष्ठ यसका संस्थापक हुन्। यस क्रममा नवौं संस्करणको अन्तर्राष्ट्रिय टाटु सम्मेलन वैशाख १३ गतेदेखि १५ गतेसम्म हेरिटेज गार्डेन सानेपा, ललितपुरमा



आयोजित हुँदैछ। सम्मेलनमा एक सय टाटु स्टुडियोका १ सय २० जना आर्टिस्ट सहभागी हुनेछन्। नेपालका ४० टाटु आर्टिस्ट तथा अरू विदेशका टाटु आर्टिस्ट सम्मेलनमा सहभागी बन्नेछन्। तीनदिने कार्यक्रममा टाटु बनाउने कार्यक्रमका अतिरिक्त नाच्ने-गाउने, झाँकी प्रदर्शन गर्नेसहित कल्चरल कार्यक्रमसमेत हुनेछ। यो सम्मेलनको प्रमुख उद्देश्य टाटुलाई प्रमोट गर्नु नै हो।

'हेवि म्युजिक हुँदैन, कल्चरल कार्यक्रमलाई स्थान दिनेछौं,' आयोजक नेपाल टाटुका ओमप्रकाश गुरुङले भने। टाटु कलाको आदान-प्रदान गर्ने उद्देश्यले आयोजित सम्मेलनमा नेपालको टाटु कलाले विदेशमा समेत स्थान प्राप्त गर्नेछ। सम्मेलनलाई हरेक वर्ष पर्यटन बोर्डले सघाउँदै आएको छ। हरेक दिन बिहान ११ बजेदेखि बेलुका ८ बजेसम्म सम्मेलनका कार्यक्रम सञ्चालन हुनेछन्। 'टुगेदर फर आर्ट' यो सम्मेलनको मुख्य नारा हो।


सम्मेलनमा नेपालका अतिरिक्त अस्ट्रेलिया, स्पेन, भारत, इटाली, बर्लिन, अमेरिका, ब्राजिल, ग्रिस, रसिया सर्बिया, जर्मनी, इन्डोनेसिया, स्वीजरल्यान्ड, फ्रान्स, अस्ट्रिया, युके, चिन, सिंगापुर आदीका टाटु आर्टिस्ट सहभागी हुनेछन्। सम्मेलनले टाटु आर्टिस्टबीचको आत्मीयता बढाउने विश्वास लिइएको छ। टाटु कलामा एकरुपता ल्याउन सघाउने मात्र नभएर नेपालको कला संस्कृति विदेशमा र विदेशको कला संस्कृति नेपालमा आदानप्रदान गर्न मद्दत पुग्नेछ– यो अन्तर्राष्ट्रिय सम्मेलनका आयोजकहरू बताउँछन्।

नेपालमा कति टाटु स्टुडियो छन्, कति टाटु आर्टिस्ट छन् भन्ने यकिन तथ्याङ्क भने कतै छैन। टाटु कला सिक्ने र सिकाउनेहरू बढ्दै जाँदा यसप्रतिको आकर्षण बढेको छ। जब युवाहरूले टाटुलाई कलाको रुपमा बुझ्न थाले यसको माग र लोकप्रियता बढ्न थाल्यो। टाटु खोप्न प्रयोग गरिने इक्युपमेन्टका र यसको क्वालिटिका कारणसमेत यसप्रति आकर्षक बढाउन मद्दत पुग्यो। नेपालमा रहेका टाटु स्टुडियोमा टाटु खोपाउन पुग्नेमा नेपाल घुम्न आएका विदेशी पर्यटकको संख्या समेत उल्लेख्य हुन्छ। उनीहरूमध्ये कतिपयले नेपालको चिनोका रूपमा टाटु खोपाउने गरेका छन्।

सन् १९९७ मा पोखराबाट टाटु खोप्ने व्यवसाय सुरु गरेका मोहन गुरुङले काठमाण्डौको ठमेल हुँदै अमेरिकामा समेत टाटु स्टुडियो सञ्चालन गरेका छन्। टाटुले नेपालको संस्कृति विदेशमा फैलाउन समेत मद्दत पुऱ्याउँदै आएको गुरुङ बताउँछन्।

**जनताको विचार**

# भू-माफियाले प्रधानमन्त्री निवास बालुवाटारकै जग्गा हडप्नुलाई के भन्नुहुन्छ ?



पानीले ओरालो खोज्छ अर्थात् माफियाकै पैसाले चुनाव लड्ने दलहरूलाई माफियाको आशीर्वाद सधैं चाहिन्छ, अन्यथा सत्ता प्राप्ति सपना मात्र हुन्छ ।

**वशिष्ठ**

हाम्रो देश नेपाल हो भन्नसमेत लाज लाग्न थालिसक्यो, देश बेच्नेहरूले सरकारी जग्गा बेच्नु के नौलो कुरा भयो र ?

**कविराम मगर**

माफियाका सरदार सत्तामा भएपछि बालुवाटार मात्र होइन, टुँडिखेल, सिंहदरबार सबै व्यक्तिका नाममा लान्छन् । लुट्न सके लुट भन्या यही हो ।

**चैतेन्द्र पौडेल**

के भन्नु ? हामीले भनेर के नै हुन्छ र ? मलाई त लाग्दैछ एयरपोर्ट र टुँडिखेल पनि कुन-कुन नेताको नाममा छ ?

**कुमार बुढाथोकी**

इमान्दार भनेर चिनिएका विष्णु पौडेलले त भुमाफियाको सहजताका लागि क्यबिनेट नै प्रयोग गरे भने भ्रष्ट भनिएका नेताहरूले केसम्म गरेनन् होला ?

**भवेश्वर लम्साल**

प्रमकै साँठगाँठमा माफियाको बोलवाला बढेको हो । यसलाई त सामान्य मानौं न, हाम्रो स्वाभिमान त खोसिएको छ, सरकारी जग्गा हड्पिएको कुरा के गर्नु ?

**गोविन्द अधिकारी**

प्रायःजसो दलका कार्यकर्ता ठेकेदार, जग्गा दलाल, माफिया, हुन्डी कारोबारीहरू भएको कसैबाट लुकेको छैन । संरक्षण दलहरूबाटै भएको छ । गुठीको र नदी-किनारको जग्गा सकिएपछि अब भू-माफियाहरू यस्तै जग्गामा लागेका रहेछन् । बेच्दै जाँदा त्यहाँसम्म पुगेका हुन्, यो त्यति ठूलो विषय होइन । जनता ठगिउन्जेल समाचार बनेन, अब केको रुवाबासी ?

**ध्रुव काफ्ले**

त्यही अवसर आइलाग्यो त के गर्नु ? पाए भने चन्द्रमा पनि बेच्छन् माफियाहरूले, नेपालको त के कुरा भो र ?

**टेकराज कोइराला**

कर्णाली बिक्री भयो, सप्तकोसी बिक्री भयो, देशका सिमानाका किल्ला बिक्री भए र देशका ठूलाबडा भन्ने बिक्री भैरहेका छन् । यो कुन् नौलो कुरा हो र ?

**विश्वास पौडेल**

यसमा सरासर सरकारको गल्ती छ । सरकारले नै भ्रष्टाचारीसँग मिलेर काम गरिरहेको छ । दुईतिहाइको सरकारले हजारौं तिहाइ भ्रष्टाचार गरेको छ । विकास र समृद्धिको नारा लगाउँदै गाउँदेखि सहरसम्म लुटपाट र आतंक मच्चाएको छ ।

**आर पाण्डे**

योचाहिँ समृद्धितर्फको फड्को हो ।

**मिलन**

राम्रो हो । अब राष्ट्रपति निवासको जग्गा पनि हडप्नुपर्छ अनि प्रम निवास र राष्ट्रपति निवास खाली गराउन भू-माफियाहरू डोजर लिएर त्यहाँ पुग्नुपर्छ । हामी जनता मात्र कहाँ-कहाँ ठगिनु यार !

**अमर पोखरेल**

यो त निकम्मापनाकै पराकाष्ठा भयो, तर खोज्दै जाने हो भने योभन्दा नीच तथ्य फेला पर्नेछ ।

**जय कृष्ण**

बालुवाटार किन्नेलाई हामीले जे भने पनि केही हुनेवाला छैन ।

**सुवास पौडेल**

नेताहरूको बेडरुमसम्मै माफिया, दलाल, तस्कर र भ्रष्टाचारीहरूको पहुँच छ । हामीले भनेर र नभनेर अब केही हुनेवाला छैन । विरोध अनि खबरदारी त भैरहेको छ । दलाल तथा माफियाहरूको जगजगीले देश चरम बेथितिमा छ । देश चलाउनेहरू नै यस्ता कार्यमा लिप्त भएपछि कसको के लाग्छ ?

**वसन्त दसाप्कोटा**

नेपालका नेता भन्नेहरू सबैको भू-माफिया, शिक्षा-माफिया, स्वास्थ-माफिया, बिचौलिया, कमिसनखोर तथा घुस्याहाहरूसँग महागठबन्धन छ । सबै गणतन्त्रको नाममा लुटेर खान निपूर्ण छन् । जनताको आँखामा पर्दा हाल्दैछन् । भोलि टुँडिखेल कुनै मन्त्रीले आफ्नो नाममा गर्ला, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कुनै मन्त्रीको नाममा होला ?

**राम गुरुङ**

कठैबरी ! विष्णु फसेछन्, अनुहार हेर्दा पनि फस्लान् जस्तै छन् । उनलाई त दलालले फुक्याएका हुन् । क्षतिपूर्ति दिएर सफाई दे सरकार र यो पनि नबिर्सिनु यदि सोझा जनता भएको भए यो मुद्दा कस्तो हुन्थ्यो ?

**हरि थापा**

नेकपा महासचिव पौडेल माफिया होइनन्, पीडित हुन्, उनलाई क्षतिपूर्तिबापत टुँडिखेल दिनुपर्छ ।

**नवीन कुमार**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**



CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

* * * * * * * * * * * * * * * * * * * *

**नोट**: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,**
ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

**वैशाख ६ गते**
हनुमान जयन्ती

**वैशाख ८ गते**
छन्द दिवस

**वैशाख ९ गते**
पृथ्वी दिवस

**वैशाख १० गते**
अन्तर्राष्ट्रिय पुस्तक दिवस
प्रतिलिपी अधिकार दिवस

**वैशाख ११ गते**
लोकतन्त्र दिवस

## मेष

व्यक्तिगत क्षमताबाट जवाफदेही कार्य सम्पन्न गरी नयाँ उचाइमा पुगिनेछ । सुखद पारिवारिक वातावरणलाई बाहिरी कुराले खलबल्याउन सक्छ । काममा ढिलाइ भए पनि सही मार्ग पहिल्याउन सकिनेछ । आफ्नो हठका कारण प्रेमी-प्रेमिकाबीच खटपट सिर्जना हुनसक्छ । इच्छा नहुँदा-नहुँदै बाध्यात्मक रूपमा धन खर्चिनुपर्नेछ ।

## वृष

व्यापारको सिलसिलामा विदेश भ्रमण हुन सक्छ । प्रयासहरू सफल हुँदै जानेछन् । व्यवसायिक क्षेत्रमा सुधारको संकेत देखा पर्दैछ । धातुको कारोबारमा थप लगानी गर्दा लाभ हुने देखिन्छ । नीलो रंगका पहिरन तथा बोलीको प्रभावले रोकिएको काम सुचारु हुनेछन् ।

## मिथुन

खराब आचरण भएकाहरूबाट टाढा रहँदा नै आफ्नो कल्याण हुनेछ । सहयोगी हात अघि बढ्नाले आर्थिक हैरानी पर्नेछैन । शक्तिशाली व्यक्तिसँगको भेटघाटमा नौला कुरा सिक्ने अवसर जुर्नेछ । प्रेमिकाको सहयोग र सद्भावबाटै उचाइमा पुग्न सकिनेछ । अध्ययनका क्रममा विदेश भ्रमण हुनसक्छ ।

## कर्कट

आफ्नो व्यवसायलाई सफल बनाउन अभिभावकहरूको सुझाव आत्मासात् गर्नुपर्नेछ । प्रशस्त आम्दानी हुने कामबाट परिवारको प्रशंसा प्राप्त हुनेछ । तपाईंको भावी कार्ययोजनाको कदर पनि होला । दान-पुण्यको काममा संलग्न हुँदा प्राप्त हुने आत्मविश्वासले आफूलाई नयाँ उचाइमा पुऱ्याउने देखिन्छ ।

## सिंह

गोप्य रूपमा गरिएका कार्यले अपेक्षाभन्दा छिटो सफलता दिलाउनेछ । साथीभाइसँग नगद कारोबार गर्दा ध्यान पुऱ्याउनुहोला । नौलो स्थानको यात्रा हुन सक्छ । भेटघाटले मनोबल बढाउनेछ । भोजभतेरमा संलग्न भै अबेरसम्म मनोरञ्जन गर्दा समयको ख्याल गर्नुपर्नेछ ।

## कन्या

मझौला किसिमका लगानीबाट धन आर्जन गर्न सकिनेछ । सामाजिक क्षेत्रमा काम गर्ने अवसर जुट्नेछ । पैतृक सम्पत्ति उपयोग गर्दा थप फाइदा उठाउन सकिनेछ । प्रेमसम्बन्धमा सावधानीपूर्वक निर्णय गर्नुमै आफ्नो भलो छ । मौसमी फेरबदलका क्रममा स्वास्थ्यको ख्याल राख्नुहोला ।

## तुला

जीवनमा नयाँ आयाम भर्न सेतो रंगलाई प्राथमिकता दिनुहोला । नयाँ अवसर हात पार्न कठोर मेहनत गर्नुपर्नेछ । कुनै पनि काम द्रुत गतिमा सम्पन्न गर्नुपर्ने चुनौती टरिसकेको छैन । प्रेम प्रस्तावमा समय लिएर निर्णय गर्नुपर्नेछ । साताको अन्त्यमा खर्चलो भ्रमणको योग छ ।

## वृश्चिक

ध्यानपूर्वक गरिएको कामले लाभ दिलाउनेछ । नयाँ कार्य प्रारम्भ गर्दा आफ्नो मात्र नभै अभिभावकको रुचिको पनि ख्याल गर्नुहोला । रोजगारीका लागि भौतारिनुपर्ने स्थिति छ । अन्तर्वार्ता वा परीक्षामा सामेल हुदाँ संयमित रहनुहोला । पहेंलो रंगको प्रयोगले अपेक्षित परिणाम दिनेछ ।

## धनु

रोकिएका कार्यमा पुनः प्रयत्न गर्दा सफलता प्राप्त होला । विपक्षीले स-साना त्रुटि औंल्याउन सक्छन् । लगानीले गतिलो आम्दानी हात लागाउनेछ । साताको अन्त्यतिर फजुल खर्चले पिरोल्नेछ । सप्तान्तमा पाहुनाहरूसँग रमाउँदै विशेष परिकारको आनन्द लिन पाइनेछ ।

## मकर

मेहनतपूर्वक सम्पन्न गरिएका कार्यमा समेत अपजस मिल्न सक्छ । गुप्त शत्रु हावी हुने हुँदा ठूलाखाले योजना अघि नबढाउनुहोला । लगानी नगरी मुनाफा चाहने पार्टनरसँग भेट हुन सक्छ । महत्वपूर्ण कार्य सम्पन्न गर्न सकिनेछ ।

## कुम्भ

परिश्रमअनुसार राम्रै फल पाइनेछ । खर्च बढ्नाले आइतबारपछि आर्थिक अभाव हुनेछ । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा होला । टाढाका साथीभाइसँग लामो यात्रा गर्ने अवसर जुट्न सक्छ । दिगो फाइदा हुने काम प्रारम्भ हुने पनि देखिन्छ ।

## मीन

अभिभावकहरूको सल्लाहमुताविक चल्न सके समस्याबाट मुक्त हुन सहजता होला । कठोर परिश्रम गर्ने समय आएको छ । दिन-प्रतिदिन नजिकिँदो अवसर तथा चुनौतीलाई परास्त गर्न थप समय दिनुपर्ने हुन्छ । प्रातः ब्रह्म मुहूर्तमा उठी ईश्वरको स्मरण एवं योग गर्नाले मानसिक तनाव तथा थकान निर्मूल हुनेछ ।

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म २० वर्षीया अविवाहित महिला हुँ। दुई वर्षअघि मेरो केटा साथीसँग यौनसम्पर्क हुन्थ्यो तर अहिले हुँदैन। आजभोलि मेरो योनि चिलाउँछ र खुकुलो पनि छ। यसले भविष्यमा समस्या निम्त्याउँछ कि जस्तो लाग्छ, मलाई यसको सहज समाधान बताइदिनुहुन अनुरोध छ।

पी.डी.



कतिपय योनिको शोथ वा संक्रमणले योनि चिलाउने हुन सक्छ। यसका लागि विशेष गरेर ट्राइकोमोनियासिस वा क्यान्डिडियासिसजस्ता संक्रमण जिम्मेवार हुन्छ। ट्राइकोमोनियासिस हुँदा हरियो-पँहेलो किसिमको फोमजस्तै योनिश्राव हुने तथा योनि चिलाउने हुन्छ भने क्यान्डिडियासिस हुँदा सेतो बाक्लो दहीजस्तै योनिश्राव भै चिलाउँछ। क्यान्डिडियासिस एक ढुसी जातको क्यान्डिडा एल्बिकान्स भनिने सूक्ष्मजीवले गराउँछ भने ट्राइकोमोनियासिस ट्राइकोमोनास भ्याजिनालिस भनिने एक कोषीय प्राणीले गराउँछ। तपाईंलाई थाहै होला, यौनरोग यौनसम्पर्कबाटै संक्रमित हुन्छ। आफ्नो केटासाथीसँगको यौन सम्पर्कलाई तपाईंले कत्तिको सुरक्षित बनाउनुभएको थियो थाहा भएन। समस्या कायम रहे चिकित्सकको सल्लाहमा औषधी सेवन गर्नुहोला। त्यसबाहेक यौन अंगको सरसफाइको कमी तथा कमजोर स्वास्थ्यले पनि यस्तोसंक्रमणलाई बढावा दिन्छ। कडा किसिमको साबुन वा डियोडेरान्टको प्रयोगका साथै एन्टिबायोटिकको अनावश्यक सेवनले पनि यस्तो हुन सक्छ।

### खुकुलो योनिको कुरा

व्यक्तिअनुसार लिंग वा योनिको नाप र आकारमा धेरै भिन्नता हुन्छ। कतिपय स्थितिमा लिंगको गोलाइसँग तुलना गरी यो खुकुलो भयो कि भनिन्छ। तपाईंले कसरी योनिको नाप लिनुभयो र खुकुलो भयो भन्ने कुरा थाहा पाउनुभयो ? तपाईंले आफ्नो योनिलाई किन खुकुलो भन्नुभएको हो बुझ्न सकिएन। योनि मांसपेशीले बनेको एकदमै लचिलो वा भनौं तन्किन सक्ने गुण भएको नली आकारको अंग हो, जसको लम्बाइ सामान्यतया ३ देखि ४ इन्च हुन्छ। योनि नली आकारको अंग भए पनि पाइपको जस्तो जतिबेला पनि प्वाल वा खाली ठाउँ रहेको स्थिति भने हुँदैन। सामान्य अवस्थामा यसका भित्ताहरू एक-अर्कासँग टाँसिएको अवस्थामा हुन्छन् तर लिंग प्रवेश गर्दा यसले त्यसका लागि स्थान दिन्छ। एकछिन विचार गर्नु होस् त, कुनै ठूलो आकारको कुरा मुखमा हालियो भन्दैमा त्यो सधैं खुकुलो भएर सानो कुरा च्याप्नै नसक्ने हुन्छ र ? पक्कै हुँदैन। ठूलो लड्डु खाएपछि हाम्रो ओठले पातलो सियो पनि राम्रोसँग समाउन सक्छ। यौनसम्पर्क राख्दैमा योनि खुकुलो हुने कुनै वैज्ञानिक आधार छैन।

यौन उत्तेजना हुँदा धेरै पानी अर्थात् योनि रस आएर अत्यधिक चिप्लो हुँदा खुकुलोपन महसुस हुन्छ। अत्यधिक चिप्लो हुँदा अलिकति पुछेर यौनसम्पर्क गर्दा हुन्छ तर योनिलाई सुख्खा नै बनाउनु बुद्धिमानी हुँदैन।

### योनि कसिलो बनाउन के गर्न सकिन्छ ?

यौनांग क्षेत्रको मांसपेसीलाई बलियो बनाउन गरिने कसरतलाई केगेल (Kegel) कसरत भनिन्छ। योनिमा औंला पसाई औंलालाई अँठ्याउने अर्थात् खुम्च्याउने गर्दा यो मांसपेशीलाई तपाईंले महसुस गर्न सक्नुहुन्छ। उक्त मांसपेशी पहिचान गरेपछि औंला नपसाई पनि खुम्च्याउन सकिन्छ। सुरुमा यस्तै १ सेकेन्डसम्म बेस्सरी खुम्च्याएर राख्ने र छाड्ने अर्थात् खुकुलो बनाउने। बिस्तारै यसलाई बढाएर ५ सेकेन्डसम्म पुर्‍याउनुपर्छ। बिस्तारै १० देखि १५ पटकसम्म संकुचित गर्ने (खुम्च्याउने) र छोड्ने। यो क्रम बढाउँदै दिनभरिमा यस्तो गर्ने क्रम २० पटकसम्म पुर्‍याउनुपर्छ। ६ हप्तासम्म नियमित रूपमा यो कसरत गरे फरक महसुस हुने गरी केही फरक देखिन्छ। यो मांसपेशी संकुचित गरेर यौनसम्पर्कका बेला लिंगलाई बेस्सरी समात्न प्रयोग गर्न सकिन्छ। यसले महिलालाई मात्र होइन, पुरुषलाई पनि यौनसुख प्राप्त गर्न मद्दत गर्छ। यसबाहेक अन्य उपायहरूका बारेमा भन्नुपर्दा, निश्चित तौलका योनि कोन (vaginal cone) महिलाको योनिमा राखेर त्यसलाई अड्काइराख्न भनिन्छ, जसले गर्दा यौनांगको मांसपेशी बलियो होस्। त्यसैगरी विद्युतीय उत्तेजना (electric stimulation) अर्थात् योनिमा एक किसिमको यन्त्र (probe) राखेर विद्युत्को हल्का करेन्ट प्रयोग गरी यौनांग क्षेत्र (pelvic floor) का मांसपेशीलाई खुम्चन र खुकुलो हुन उत्तेजित पारिन्छ। Neocontrol व्यापारिक नाम भएको यो साधन एउटा विशेष किसिमको कुर्सी हो। विशेष किसिमले चुम्बकीय क्षेत्रको प्रयोग गरेर यौनांग क्षेत्रको मांसपेशीलाई उत्तेजित पारिन्छ। यो उपचार सामान्यतः २० देखि ३० मिनेटका लागि साताको दुईपटक यस्तै आठ साताजति गरिन्छ। अन्त्यमा योनि खुकुलोपनको समस्या अति नै छ भने vaginoplasty (भजाइनोप्लास्टी) शल्यचिकित्सा पनि गर्नुपर्ने हुनसक्छ। यस्तो शल्यचिकित्सालाई सामान्यतया अन्तिम उपायका रूपमा लिइन्छ। अचेल यसमा लेजर प्रविधिको प्रयोग समेत सुरु भएको छ।

### भविष्यमा समस्या पर्ने कुरा

शारीरिक पक्षमा केन्द्रित भएर हेर्दा यसले तपाईंको जीवनमा खासै असर पर्ने देखिन्न। पहिलेको यौन सम्बन्धका बारेमा चर्चा गरिएन भने त्यो थाहा पाउन सजिलो छैन। महिला यौनांगको बनावटका सम्बन्धमा सामान्य जानकारी पुरुषलाई हुने भए पनि तपाईंको भगक्षेत्र तथा योनिको बनावट वा स्वरूप यस्तै थियो भन्ने कुरा थाहा हुँदैन र यौनसम्पर्क राखेको कुरा थाहा पाउन त अझ गाह्रो कुरा हो। आफ्नो यौनसाथी 'अक्षत योनि' वा 'कुमारी' हो-होइन भन्ने चासो धेरै पुरुषलाई हुन सक्छ, तर यो कुरा पत्ता लगाउन भने सजिलो छैन। योनिच्छद (hymen) भए वा नभएको कुरालाई नै मुख्य आधार बनाउन मिल्दैन।

भविष्यमा समस्या पर्ने सन्दर्भमा यसको सामाजिक पाटो हेर्न बिर्सनु हुँदैन। घर-परिवार, छर-छिमेक अनि समाजले यस्ता सम्भावित सम्बन्धलाई जहिले पनि निकै चासोका साथ नियालिरहेको हुन्छ र गोप्यता वा गोपनियताको कुरा वास्तवमा तुलनात्मक हुन सक्छ। अर्को व्यक्तिसँगको सामिप्यता कसै न कसैले देखेको हुन्छ र यस्ता कुरा सार्वजनिक हुन सक्छन् र यो कुरा भविष्यमा तपाईंको यौन साथी वा श्रीमान्ले पनि थाहा पाउने सम्भावना हुन्छ। अर्को विचार गर्नुपर्ने कुरा तपाईंको केटासाथी के-कस्तो स्वभावको हुनुहुन्छ। तपाईंको केटासाथीसँग सम्बन्ध अघि बढेन अनि उहाँको स्वभाव वा चरित्र ठीक छैन भने उहाँले पनि तपाईंहरूबीचको सम्पर्कलाई चर्चामा ल्याउने खतरा हुन्छ। यस्तो जोखिम कति छ भन्ने कुरा विचार गर्नुपर्छ। कतिपय स्थितिमा उसले भयादोहन (blackmail) गर्न पनि सक्छ, त्यसैले भयादोहन गर्न नसकोस् भनेर मन बलियो बनाउनुपर्छ। परिस्थिति खुलस्त भएको स्थितिमा जीवन अघि बढाउने अर्थात् सामना गर्ने अठोट छ भने तपाईंलाई डर-धम्की देखाउन सजिलो हुने छैन।

**सूचना**

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस्। हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं।


# लिंगको आकार कत्रो ?

लिंगको आकार कत्रो हुनुपर्छ ? यौन सन्तुष्टिका लागि लिंगको सही आकार कति हो ? यस प्रकारको सोच प्रायः सबै पुरुषको दिमागमा आइरहन्छ, तर अब यसको उत्तर पनि प्राप्त भएको छ। वैज्ञानिकहरूले यौन सन्तुष्टिका लागि लिंगको आकार कत्रो आकार हुनुपर्छ भन्ने कुरा पत्ता लगाएका छन्।

युनिभर्सिटी अफ क्यालिफोर्निया तथा युनिभर्सिटी अफ मेक्सिकोका वैज्ञानिकहरूको एक टिमले हालै एउटा सर्वेक्षण गरेका थिए, जसमा १८ देखि ६५ वर्षका ७५ जना महिला सहभागी थिए। उक्त सर्वेक्षणका क्रममा महिलाहरूलाई लिंगका फरक-फरक साइजका कृतिम लिंग देखाइएको थियो।

यो अनुसन्धानबाट आएको परिणाम देखेर वैज्ञानिकहरू पनि अचम्भित भएका छन्। परिणामअनुसार यौन सन्तुष्टिका लागि धेरै महिलाले ६ दशमलव ३ इन्चको आकारलाई सही बताए। यसैलाई आधार मानेर वैज्ञानिकहरूले ६ दशमलव ३ इन्चको लिंगलाई उपयुक्त मानेका छन्।

कसैको लिंगको आकार ६ दशमलव ३ वा ६ दशमलव ४ नभए पनि आत्तिनु भने पर्दैन। किनभने लिंगको औसत आकार ५ दशमलव २ इन्च हुन्छ। उक्त अध्ययनले के पनि देखाएको छ भने महिलाहरू यौनका लागि लिंगको आकारलाई मात्र महत्व दिँदैनन्। यद्यपि क्याजुअल सेक्सको समयमा भने उनीहरू लिंगको आकारमा पनि पर्याप्त ध्यान पुर्‍याउँछन्।



## महिला स्वास्थ्य






डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

पाठेघर झिकिएको भए पनि योनिमार्ग झिकिएको हुँदैन, तर आङ खसेर योनिमार्गबाट पाठेघर झिकिएको अवस्थामा योनिमार्ग सानो हुन सक्छ। त्यस्तो अवस्थामा यौनसम्पर्क गाह्रो वा पीडादायक हुन सक्छ। अन्य अवस्थामा शल्यक्रिया गरेर पाठेघर झिकिए पनि यौनसम्पर्क गर्न मिल्ने र सामान्य हुन्छ।

पाठेघरसँगै अण्डाशयहरू पनि झिकेको अवस्थामा वा पाठेघर झिकेको धेरै समयपछि कसै-कसैमा यौनसम्पर्क गर्दा चिप्लोपन कम भै पीडादायक हुन सक्छ, यद्यपि यसको उपचार सम्भव छ।

# फेरि खराब व्यवस्थापनकै दुखेसो


आठौं राष्ट्रिय खेलकुदको सबैभन्दा ठूलो विशेषता हो दुई वर्षको अन्तरमा निर्धारित समयमै यसको आयोजना हुनु । त्यसले समय सीमा पार गरेन । आउने दिनमा यो परम्परा कायम भए, यसले नेपाली खेलकुदका सबै क्षेत्रलाई उत्साहित बनाउनेछ, तै पनि आठौं राष्ट्रिय खेलकुद पनि आलोचनाबाट मुक्त रहन सकेको छैन र सुरुवाती दिनमा सबैभन्दा कमजोरीका रूपमा देखा परेको छ– खराब व्यवस्थापन । अधिकांश दुखेसो खराब व्यवस्थापनकै छ ।




पछिल्ला केही संस्करणका राष्ट्रिय खेलकुदलाई आधार मान्ने हो भने खराब व्यवस्थापन नै संघको सबैभन्दा ठूलो समस्या हो । राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव केशवकुमार विष्ट पनि मान्छन्, नेपालमा ठूलो खेलकुद महोत्सवको आयोजना गर्दा व्यवस्थापनमा चुस्तताको अभाव देखिन्छ । खराब व्यवस्थापनको न्यूनीकरण नै हाम्रा लागि सबैभन्दा ठूलो चुनौती हो ।

यसपटकको कपर्दी बर्दियामा भयो र खेलाडीहरू प्रतियोगितालाई लिएर निकै उत्साहित थिए । यद्यपि जति बेला खेल्ने क्रममा खेलाडी धमाधम घाइते हुन थाले, त्यो उत्साह निराशामा परिणत हुन पुग्यो । खेल स्थल मगरपुरमा थियो र त्यो कोहलपुरबाट टाढै छ, तर आयोजना स्थलमा होटलको अभावले खेलाडीहरूलाई समस्या भयो । सबैभन्दा ठूलो समस्या प्रतिस्पर्धाका लागि ओछ्याइएको म्याट रह्यो । उक्त म्याट निकै कमजोर र कम गुणस्तरको भएको खेलाडीहरूको आरोप छ । त्यसैले त उक्त म्याटमा खेल्ने खेलाडीहरू एकपछि अर्को गरी घाइते भए ।

फुटबल र एथलेटिक्सका लागि प्रयोग हुने मैदान खेल सुरु हुने समयसम्म पनि तयार हुन सकेका थिएन । राष्ट्रिय प्रतियोगिता अनौपचारिक रूपमा सही, सुरु त भैसकेको छ नै, तर त्यसका लागि खेल स्थानको निर्माण भने अझैसम्म पूरा हुन सकेको छैन, निर्माणको क्रम जारी छ । त्यसका लागि रातारात काम भैरहेको छ ।



खेलाडीले बेहोर्नुपरेको समस्या आयोजना स्थलमा प्रचण्ड गर्मी र त्यसले निम्त्याएको दुःख पनि उत्तिकै रह्यो ।

नेपालगञ्ज लगायत प्रमुख खेल स्थलमा दिउँसो प्रचण्ड गर्मी हुने गरेको छ र त्यसले खेलाडीहरूको प्रदर्शनमा प्रत्यक्ष नकारात्मक प्रभाव पारेको छ । प्रतियोगिता सुरु हुनुअघि नै बहस चलेको थियो, वैशाखको गर्मीमा नेपालगञ्ज लगायत पश्चिम नेपालका विभिन्न स्थानमा प्रतियोगिता सञ्चालन गर्नु हुन्छ कि हुँदैन भनेर । बहसबीच पनि प्रतियोगिता भने भयो नै । गर्मीले गर्दा अहिले खेलाडीहरूले आफूले सक्ने प्रदर्शन गर्न सकेका छैनन् र यसले खेलाडीहरूमा निराशा छाएको छ ।

खेलाडीहरूलाई लामखुट्टेले पनि उत्तिकै समस्यामा पारेको छ । अधिकांश खेलाडीले लामखुट्टेकै कारण पर्याप्त सुत्न नपाएको गुनासो गरेको पनि सुनियो । यस्तै अर्को गुनासो समाचार संकलनका लागि पुगेका पत्रकारहरूको पनि रह्यो । हक्कीका खेलाडीहरूले एक समान जर्सी पाएनन् । यसले कुन टिमविरुद्ध कसले खेल्दैछ भनेर छुट्याउन समेत गाह्रो भयो । गोल कसले कसका लागि गऱ्यो, छुट्याउन पनि गाह्रो थियो । त्यही कारणले खेलाडीहरू आफैं पनि अन्यौलमा परेको देखियो ।

## नबिता अहिलेसम्मकै उत्कृष्ट

अब त तयजस्तै भएको छ, नेपाली टेबल टेनिसले पाएको अहिलेसम्मकै सबैभन्दा प्रतिभाशाली स्टार खेलाडी हुन्– नबिता श्रेष्ठ । उनको प्रदर्शन र उपलब्धिलाई लिएर अब कसैले प्रश्न उठाउन सक्ने छैनन् । केही समयअघि नबितासँग सोधिएको थियो, कहिलेसम्म खेलिरहने ? अनि कहिलेसम्म जितिरहने ? त्यसमा उनको जवाफ मुस्कान मात्र थियो । उनी अझै बढी खेल्न चाहन्छिन्, अझै बढी जित्न चाहन्छिन् । आराम लिने उनको कुनै योजना छैन ।

यसकै उदाहरण हो, नबिता आठौं पटक नेपालको महिला च्याम्पियन भएकी छिन्, त्यो पनि लगातार । आठौं राष्ट्रिय खेलकुदको अवसर पारेर भएको ४० औं राष्ट्रिय टेबल टेनिसमा नबितालाई कसैले रोक्न सकेन र उनी भइन्, निर्विवाद च्याम्पियन । यसपटक पनि उनले उपाधिको होडमा आफ्नै परिवारकी सदस्य एलिना महर्जनलाई सजिलै हराइन् । नबिताको अब्बलता यहीं आएर रोकिँदैन । उनी उत्कृष्ट प्रशिक्षकसमेत भैसकेकी छिन् ।

त्यसैले त हो, उनकै चेला स्यान्टु श्रेष्ठले जिते, पुरुष सिंगल्सको उपाधि । गुरु चेलाको यस्तो प्रदर्शन वास्तवमै दुर्लभ हुन्छ । नबिता र स्यान्टुले मिक्स डबल्समा पनि स्वर्ण पदक जिते । समग्रमा राष्ट्रिय टेबल टेनिसमा पुलिसले ६ वटा स्वर्ण पदक जित्दै शीर्ष स्थान हात पाऱ्यो । पुलिसको महिलामा मात्र होइन, पुरुष सिंगल्समा पनि वर्चश्व रह्यो । एपीएफ एक स्वर्णमा सीमित भयो । नेपाली टेबल टेनिसमा पुलिसको दबदबा फेरि एकपटक सिद्ध भएको छ ।

### फेन्सिङ

नेपाली खेलकुदमा खासै लोकप्रिय छैन– फेन्सिङ । यो खेलको इतिहास पनि लामो छैन, भर्खर-भर्खर जस्तै हो, यसले नेपाली खेलकुदमा प्रवेश पाएको । त्यसैले यो खेलका धेरै खेलाडी पनि छैनन्, तर यही खेलका नियमित प्रतियोगिता भने हुन थालेका छन् र यसले आठौं राष्ट्रिय खेलकुदमा पनि प्रवेश पायो । प्रतियोगितामा अपेक्षाअनुसार नै आर्मी टिम च्याम्पियन भयो । आर्मीले ६ स्वर्ण, ४ रजत तथा ५ कांस्य



जितेर नेपाली फेन्सिङमा आफ्नो वर्चस्व सिद्ध गऱ्यो ।

### ट्रायथलन र दुवाथलन

आठौं राष्ट्रिय खेलकुदमा ट्रायथलन र दुवाथलनका खेल पोखरामा भए र त्यसमा पनि अपेक्षाअनुसार विभागीय टिमकै वर्चस्व रह्यो । ट्रायथलनमा पुरुषतर्फ आर्मीका दीपेश चौधरी पहिलो भए । ट्रायथलनमा २० किलोमिटरको साइकिलिङ, ७ सय ५० मिटर पौडी तथा ५ किलोमिटर दौड समावेश थियो । महिलातर्फ सोनी गुरुङले स्वर्ण पदक जितिन् । दुवाथलनमा भने पुरुषतर्फ एपीएफका लक्ष्मण मल्ल अनि महिलातर्फ एपीएफकै हुमी बूढामागर पहिलो भए ।

## बालबालिकाहरूलाई लनटेनिस

रुपन्देही जिल्ला खेलकुदका लागि उर्वरभूमि हो । यहाँबाट राष्ट्रिय टिमका धेरै युवा खेलाडी उत्पादन भैरहेका छन् । फुटबल, क्रिकेट, ब्याडमिन्टन, भलिबल, टेबलटेनिस, स्नुकर आदि सबै खेलमा रूपन्देही अघि छ । खेलाडी उत्पादनको आधार विद्यालयस्तरमा हुने खेलकुद गतिविधिलाई मानिन्छ । बालबालिकाहरूमा खेलको आकर्षणलाई लक्षित गरी जिल्लामा प्रशिक्षणका कार्यक्रमहरू चलिरहेका हुन्छन् । यही क्रममा लनटेनिस खेलप्रति बालबालिकाहरूको आकर्षणलाई मध्यनजर गर्दै फुटबलमा आधारभूत लनटेनिस प्रशिक्षण चलायो । बुटवल लनटेनिस क्लबको आयोजनामा देवीनगरस्थित लनटेनिस कोर्टमा उक्त पाँचदिने निःशुल्क तालिम सम्पन्न गरिएको हो । उनीहरूलाई लनटेनिस खेल्ने कला सिकाउन प्रशिक्षक जितेन्द्र परियार व्यस्त रहे ।

नेपालका रेकिङ खेलाडीसमेत रहेका परियार अहिले युवा खेलाडी उत्पादनमा लागेका छन् । लनटेनिस बुझाउन र सिकाउन उनी विभिन्न ठाउँसमेत पुग्ने गरेका छन् । ८ वर्षदेखि १४ वर्षमुनिका साना बालबालिकाहरूले परियारबाट हातमा ऱ्याकेट समातेर बल हान्ने तरिका सिके । तालिममा प्रशिक्षक विकास खड्का तथा एसिस्टेन्ड राजु टन्डनले सहजीकरण गरेका थिए । खेलमा प्रयोग हुने ऱ्याकेट, बल, कोर्ट आदिको जानकारीका साथै खेल्ने तरिका तथा नियमहरूका बारेमा व्यवहारिक ज्ञान प्रदान गरिएको थियो । बुटवल लनटेनिस क्लबका अध्यक्ष गोपाल ज्ञवालीले बालबालिकाको आकर्षणलाई मध्यनजर गरी उक्त तालिम सञ्चालन गरिएको बताए । अहिले देवीनगरस्थित चारवटा लनटेनिस कोर्टमा नियमित बिहान बेलुका बालबालिकाहरूले लनटेनिस खेल्दै आएका छन् । थप उपलब्धि हासिल गर्ने सोचका साथ प्रशिक्षण कार्यक्रम आयोजित गरिएको अध्यक्ष ज्ञवाली बताउँछन् । बुटवलमा तीन दर्जनभन्दा बढी बालबालिका नियमित रूपमा लनटेनिसको अभ्यासमा छन् ।

स्वस्तिक श्रेष्ठ






# सन्दीपलाई भोट गर्ने कि ?

इन्डियन प्रिमियर लिग (आईपीएल)-२०१९ चलिरहेका बेला नेपाली लेग स्पिनर सन्दीप लामिछाने कसरी चर्चाबाट टाढा रहन सक्छन् ? उनको टिम दिल्ली क्यापिटल्सले ठिकै खेलिरहेको छ र लिग चरणको शीर्ष दुईमा छ । दिल्लीको प्रत्येक खेलअघि नेपालीहरूमा उत्सुकता हुन्छ– के आज दिल्लीले सन्दीपलाई मैदानमा उतार्छ ?

अहिले तत्काल सन्दीपको चर्चा किन भन्दा प्रत्येक सिजनमा प्रदान गरिने इमरजिङ प्लेयर एवार्डको दावेदारमा उनी पनि छन् । आयोजकले यो एवार्डका लागि जारी गरेको सूचीमा उनको पनि नाम छ र यो सन्दीपका लागि आफैंमा उपलब्धि हो । उक्त सूचीमा रहेका अरू खेलाडीमा रोयल च्यालेन्जर्स बेंगलोरका मोहम्मद सिराज, मुम्बई इन्डियन्सका राहुल चाहर तथा राजस्थान रोयल्सका जोफ्रा आर्सर श्रेयस गोपाल छन् ।

यो एवार्ड त्यही खेलाडीले प्राप्त गर्नेछ जसले खुल्ला अनलाइन भोटिङमा सबैभन्दा बढी भोट पाउनेछ । यसका लागि प्रतियोगिताको आधिकारिक वेब साइटमा जानुपर्छ जहाँ भोटिङको अप्सन छ । अब सन्दीपका लागि भोट गर्ने कि ?

# विमललाई एउटा अर्को मौका

नेपाली फुटबलले धेरै अपेक्षा गरेका खेलाडी हुन्– विमल घर्तीमगर । उनी अब्बल दर्जाका खेलाडी हुन्, त्यसमा कुनै शंका छैन, तर उनी आफूलाई त्यसै अनुसार प्रमाणित गर्न भने प्रायः असफल भैरहेका छन् । विमलसँग संगत गरेकाहरूको कुरा सुन्ने हो भने विमल कहिलेकाहीं फुटबल प्रति त्यति गम्भीर हुँदैनन्, जति हुनुपर्ने हो ।

उनको प्रदर्शनमा पनि निकै उतारचढाव पाइन्छ । त्यसैले विमललाई मन पराउनेहरू पनि उनको व्यवहारका कारण दुःखी हुन्छन् । सायद आफ्ना सबै आलोचकलाई उत्तर दिने अवसर पाएका छन्, विमलले । उनी हालसालै माल्दिभ्सको ट्रस्ट एन्ड केयर स्पोर्टस क्लबसँग अनुबन्धित भएका छन् ।

यो त्यही क्लब हो, जसबाट नेपाली गोलरक्षक किरण चेम्जोङ खेल्छन् अनि यो क्लब माल्दिभ्सको लिगको डिफेन्डिङ च्याम्पियन पनि हो । भारतको मोहन बगानबाट पनि खेलिसकेका विमलसामु वास्तवमै एउटा अर्को मौका आएको छ, आफूलाई सिद्ध गर्ने । विमल पक्कै यसमा चुक्नेछैनन् ।




# खेल्ने शैली चेन्ज गरौं

राष्ट्रिय फुटबल टिमका पूर्व खेलाडी राजेन्द्र तामाङ अब नेपालले फुटबल खेल्ने आफ्नो शैलीमा परिवर्तन ल्याउनुपर्ने कुरा बताउँछन् । हाल फुटबल प्रशिक्षकका रूपमा क्रियाशील तामाङले आफ्नो शैली नहुँदा नेपाली फुटबल पछाडि परेको बताए । 'हामीकहाँ अपोजिसनको शैली नबुझी खेल्ने बानी छ, चेन्ज गरौं यो शैली' उनले भने ।
तामाङ नेपाली फुटबलले आफ्नो अलग शैली निर्माण गर्न नसक्नुनै सबैभन्दा ठूलो कमजोरी मान्छन् ।

पोखरा महानगरपालिका-१७ ड्यामसाइडका तामाङले २४ वर्ष फुटबलमा बिताइसकेका छन् । उनले आरसिटि, मनाङ मर्स्याङदी, थ्रीस्टार, मछेन्द्र, अन्डर १६, अन्डर १९ हुँदै नेपाली राष्ट्रिय टिमबाट समेत फुटबल खेले । हाल उनले फुटबल प्रशिक्षकका रूपमा आफ्नो करियर अघि बढाइरहेका छन् । उनले २०७२ सालबाट कोचको रुपमा आफ्ना यात्रा सुरुवात गरे । उनकै प्रशिक्षणमा थ्रीस्टार च्याम्पियन भएको थियो । उनले एपीएफ क्लबको कोचका रूपमा पनि काम गरिसकेका छन् । उनलाई कोचभन्दा खेलाडी हुँदैका दिन रमाइलो लाग्छन् । 'कोचमा दबाब हुन्छ, खेलाडीहरूको बानी व्यवहार, खेलको शैली, व्यवस्थापन आदि सबै तिर ध्यान पुऱ्याउन गाह्रो हुन्छ' तामाङले भने ।




राजाराम पौडेल




# महिलाको अर्को क्रिकेट लिग

नेपाली महिला क्रिकेटको सबैभन्दा ठूलो समस्या हो, खेलाडीले खेल्न नै पाउँदैनन् र यो किन भन्दा नेपालमा महिला क्रिकेट प्रतियोगिता नै हुँदैनन्, तर अहिले आएर एकसाथ दुई ठूला प्रतियोगिताको घोषणा भएको छ । यद्यपि दुवैको आयोजना मिति जुधेपछि शंका उत्पन्न भएको छ, कतै कुनै पनि प्रतियोगिता न नहुने हो कि ?

भर्खरै घोषणा भएको प्रतियोगिता हो– वुमेन्स च्याम्पियन्स लिग अर्थात् डब्ल्यूसीएल । यसमा पाँचवटा टिम छन् र त्यसका मार्की खेलाडीको घोषणा पनि भैसकेको छ । यो प्रतियोगिता जेठमा हुनेछ, ३ देखि ११ गतेसम्म, त्यो पनि कीर्तिपुरको मैदानमा । प्रतियोगिताको आयोजक क्विन्स इभेन्ट म्यानेजमेन्ट हो, जसले यसअघि पोखरामा पोखरा प्रिमियर लिग सञ्चालन गरेको थियो ।

यो प्रतियोगितामा सहभागी हुने टिम हुन्– पोखरा पल्टन, चितवन राइनोज, विराटनगर टाइटन्स, क्यापिटल्स रोयल्स काठमाडौं तथा ललितपुर फाल्कोन्स । केही समयअघि मात्र नेपाल क्रिकेट लिग हुने निश्चित भएको थियो र त्यसका लागि खेलाडीहरूको लिलामी समेत भैसकेको छ । अब प्रश्न उठ्छ– यी दुई मध्ये कुन प्रतियोगिता सञ्चालनमा आउनेछ ?



# फुपू परिन् प्रतिबन्धमा

आखिर जुन कुराको डर थियो त्यही भएको छ । नेपाली जुडोले पाएको अहिलेसम्मकै सबैभन्दा प्रभावशाली महिला स्टार फुपू ल्हामु खत्री प्रतिबन्धमा परेकी छिन् । उनलाई नेपाल जुडो संघले सन् २०२० सम्म कुनै पनि प्रतियोगितामा भाग लिन नपाउने गरी प्रतिबन्ध लगाएको हो । त्यसैले फुपू अहिले चलिरहेको राष्ट्रिय खेलकुदमा सहभागी हुन पाइनन् ।

त्यति मात्र होइन, तोकिएको समयमा दक्षिण एसियाली खेलकुद हुने हो भने त्यसमा पनि उनी सहभागी हुन पाउने छैनन् । ओलम्पिक्समा समेत नेपालको प्रतिनिधित्व गरिसकेकी फुपूले जापानको ओलम्पिक्स छात्रवृत्ति प्राप्त गरेकी थिइन् ।

उक्त छात्रवृत्ति आफैमा ठूलो थियो र त्यो जो-कोही खेलाडीले पाउने अवसर थिएन् । फुपू उक्त छात्रवृत्ति पूरा नहुँदै बीचमै छाडेर नेपाल फर्किएकी थिइन् । यही विषयमा रुष्ट जुडो संघले अन्ततः फुपूमाथि प्रतिबन्ध लगाएको हो र यो एक प्रकारले नेपाली जुडो इतिहासमै अहिलेसम्मको सबैभन्दा ठूलो अनुशासनको कारबाही हो । तय छ, यो प्रतिबन्धले फुपूको खेल जीवनमा ठूलो धब्बा लगाएको छ ।

जाँदा-जाँदै

## के ले चर्चित बनायो
# आफैं कन्फ्युज छु



सम्भवतः टिकटकमा सर्वाधिक फ्यान भएकी नेपाली अन्जु भण्डारी हाल अस्ट्रेलियाको सिड्नीमा छिन् । काठमाडौं, कपनकी २० वर्षीया भण्डारी एसएलसी प्रिन्सेस-२०१५ की विजेता हुन् । अध्ययनको सिलसिलामा दुई वर्षअघि अस्ट्रेलिया पुगेकी अन्जुलाई टिकटकमा झन्डै ५६ लाखले पछ्याएका छन् । ५ फिट ३ इन्च अग्ली अन्जु अस्ट्रेलियामा अध्ययनसँगै मोडलिङमा पनि सक्रिय छिन् । कुशल नृत्यांगना अन्जु बास्केटबल तथा पौडी खेल्न रुचाउँछिन् । उनले केही म्युजिक भिडियोमा समेत मोडिलिङ गरेकी छिन् । अन्जु र उनका अन्य ६ जना साथीले सिड्नीमा 'हाइफाइभ डान्स कृउ' गठन गरेका छन्, जसले अस्ट्रेलिया हुने विभिन्न इभेन्टमा प्रस्तुति दिने गरेको छ । टिकटककी सर्वाधिक हिट नेपाली अन्जुसँग बुधबार बिहान साप्ताहिकका जनक तिमिल्सिनाले अनलाइन कुराकानी गरेका थिए ।

**केमा व्यस्त हुनुहुन्छ ?**
अस्ट्रेलिया आएको दुई वर्ष भयो, स्टडी र जबमै व्यस्त छु। अर्लि चाइल्ड हुड पढिरहेकी छु। त्यसबाहेक कहिलेकाहीं टिकटक बनाउने अनि अरू विभिन्न कार्यक्रममा व्यस्त रहन्छु।

**सिड्नीको बसाइ कस्तो भैरहेको छ ?**
रमाइलै छ यताको बसाइ। सबै एकदम राम्रो चलिरहेको छ।

**नेपालमा हुँदा मोडलिङ पनि गर्नुहुन्थ्यो, अहिले पनि मोडलिङमा क्रियाशील हुनुहुन्छ ?**
नेपालमा हुँदा मैले एसएसलसी प्रिन्सेसको उपाधि जितेकी थिएँ। हल्काफुल्का मोडलिङ पनि गरें। त्यो अहिले पनि जारी छ, हाम्रो हाइफाइभ डान्स कृउ छ, यसैबाट म्युजिक भिडियो, नृत्य प्रस्तुति तथा टिकटक बनाइरहेका छौं। सोमबार सबै साथीहरू फुर्सदमा हुँदा हामी डान्सको अभ्यास गर्छौं, मंगलबार हाम्रो टिकटक डे हो। हाम्रो समूहका सबैले टिकटक बनाउँछन्।

**टिकटकमा त खुबै चर्चित हुनुहुन्छ, के ले चर्चित बनाएजस्तो लाग्छ ?**
(हा हा हा...लामो हाँसो) एक्ज्याक्टल्ली के ले चर्चित बनायो भन्नेमा म आफैं कन्फ्युज छु। मैले झन्डै एक वर्ष अघिदेखि टिकटक बनाउन थालेकी हुँ।

**यति भव्य फ्यान फ्लोइङको रहस्य के होला ?**
टिकटकमा यति धेरै प्रशंसक कमाउनुको पहिलो कारण त डान्स नै हो, अर्को कुरा एक्टिङले गर्दा पनि हो कि जस्तो लाग्छ। हप्तामा एक-दुई दिन छुट्टी हुँदा हामी दुई-तीन घण्टा त टिकटक बनाउन मै खर्च गर्छौं।

**सबैभन्दा बढी भ्युज भएको भिडियो कतिले हेरेका छन् ?**
'सिट्ठी बजाए, नखरा देखाए....' गीतको भिडियोले ७ करोड ९४ लाख भ्युज पाएको छ।

**तपाईं त सोसल मिडियामा सेलिब्रेटी, बाहिरतिर मानिसहरूले कति पछ्याउँछन् ?**
ट्रेनमा ट्राभल गर्नुपर्छ, नेपाली तथा भारतीयहरूले चिन्छन्। भारतीयहरू त सेल्फी लिन पनि आइरहेका हुन्छन्। नेपालीहरूले पनि चिनिरहेका हुन्छन्, तर आएर बोल्ने गरी खुल्दैनन्। आफैं मात्र खासखुस गर्छन्।

**तपाईंका बढी प्रशंसक कहाँका छन् ?**
मेरा सबैभन्दा बढी प्रशंसक भारतमा छन्। मेरो हिन्दी गीतमा बनाएका भिडियो नै भाइरल भएर भारतमा प्रशंसक बढेका हुन्। त्यसबाहेक फिलिपिनो, टर्किस तथा नेपाली प्रशंसकहरू समेत छन्। म हिन्दी, अंग्रेजी तथा नेपालीमा टिकटक भिडियो बनाइरहेकी हुन्छु, त्यसमा पनि सबैभन्दा बढी त हिन्दीकै हुन्छ।

**सोसल मिडियामा कस्ता-कस्ता प्रशंसक छन् ?**
इन्डियनहरूले रेस्पेक्ट गरेर राम्रो प्रतिक्रिया दिइरहेका हुन्छन्। केही-केही त नराम्रो भन्ने पनि हुन्छन्, कतिले डान्स भएन भनेर कमेन्ट गरिरहेका हुन्छन्। नेपालीहरू चाहिँ खासै प्रेज गर्दैनन्।

**टिकटकबाट कतिपयले पैसा पनि कमाइरहेका छन्, तपाईंले चाहिँ कति कमाउनुभएको छ ?**
यहाँ इभेन्टहरू भैरहेका हुन्छन्, त्यतिबेला कतिले प्रमोशन गरिदेऊ भन्नुहुन्छ। त्यसरी प्रस्तुति दिन जाँदा हामी पारिश्रमिक लिन्छौं। हामीले प्रमोसन र प्रस्तुति दुवैबाट आम्दानी गरिरहेका छौं। धेरै त छैन, अलिअलि कमाइ चाहिँ भैरहेको छ।

**सुन्दर पनि हुनुहुन्छ, प्रेम प्रस्ताव पनि आउँछन् होला नि ?**
कमेन्टमा लेखिरहेका हुन्छन्, आइ वान्ट टु मिट यू आदि। म इम्पायर कन्सल्टेन्सीमा जब गरिरहेकी छु, कतिलाई त म त्यही भेट्न आउनुहोस् पनि भनिदिन्छु।

**नृत्य र अभिनय पनि राम्रो गर्नुहुँदोरहेछ, नायिका बन्ने रहर छैन ?**
यो विषयमा केही सोचेकी छैन। पहिले पढाइ सक्ने अनि त्यसपछि के गर्ने सोचौंला भनेर बसेकी छु।

**अहिलेसम्म गर्न मन लागेको तर गर्न नसकेको काम ?**
मलाई मिस नेपालमा भाग लिन खुब मन छ। नेपालमा भएको भए, मिस नेपालमा पार्टिसिपेन्ट गर्थे कि भन्ने सोच पनि आउँछ कहिलेकाहीं। दुई तीन वर्ष भित्रमा मिस नेपालमा भाग लिने सोच छ, हेरौं के हुन्छ।

**नेपालको कुन कुरा सबैभन्दा बढी मिस हुन्छ ?**
सबैभन्दा बढी ड्याडी-मम्मी तथा बहिनीहरूलाई मिस गरिरहेकी हुन्छु। विदेशमा बस्दा फ्यामिली मिस हुँदोरहेछ। यसबीच म चाँडै नेपाल आउँछु होला।

## नेपाल भ्रमण वर्षको सफ्ट लन्चिङ




नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष सन् २०२० को शुभारम्भ पोखराबाट गरिएको छ। सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ पश्चिमाञ्चल होटल संघ पोखराले फेवाताल किनारास्थित कोमागाने पार्कमा संचालन गरेको फेवा नववर्ष महोत्सव-२०७६ का अवसरमा नेपाल भ्रमण वर्षको 'सफ्ट लन्चिङ' गरिएको हो।

पोखरालाई पर्यटकीय राजधानीका रूपमा घोषणा गर्न थप मद्दत पुग्ने गरी कार्यक्रमको शुभारम्भ गरिएको नेपाल भ्रमण वर्ष-२०२० कार्यक्रम कार्यान्वयन समितिका सदस्य एवं नेपाल पर्यटन बोर्डका सदस्य विप्लव पौडेलले बताएका छन्।

छिमेकी मुलुक चीन र भारतबाट पर्यटक भित्र्याउन २०२० मा प्रदेश सरकारले छिमेकी पर्यटन भ्रमण वर्षसमेत घोषणा गरेको बताउँदै गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले आगामी वर्ष लगानी सम्मेलन समेत गरेर अर्बौं लगानी भित्र्याउने जानकारी दिए। २०२२ मा गण्डकी प्रदेशले मात्र २० लाख पर्यटक भित्र्याउने दाबी मुख्यमन्त्री गुरुङको छ। गण्डकी प्रदेशले सन् २०१९ लाई आन्तरिक पर्यटक वर्ष समेत घोषणा गरेको छ।

नेपाल भ्रमण वर्ष २०२० का संयोजक सुरज वैद्यले नेपालमा पर्यटन प्रवर्द्धन गर्न हवाई सेवालाई व्यवस्थित तुल्याउन लागिएको बताए। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई नेपालीपन झल्कने गरी बुटिक विमान स्थलका रूपमा विकसित गर्न लागिएको उनले जानकारी दिए।

## तराईमा सिरुवा र जुडशीतल पर्व

तराईमा बसोबास गर्ने आदिवासी समुदायका राजवंशी, थारु, मेचे, उराव, किसान, धिमाल, ताजपुरिया, गनगाई तथा माझीहरूले सिरुवा पर्व मनाएका छन्। झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, उदयपुर आदि जिल्लामा सोमबार सिरुवा पर्व धूमधामका साथ मनाइएको हो।

नयाँ वर्षसँगै सुरु हुने पर्वका अवसरमा झापाका राजवंशीले काद सिरुवा मनाएका छन्। माटोको हिलो बनाएर आपसमा हिलो छ्यापा-छ्याप गर्दै 'काद सिरुवा' खेलिन्छ। माटोबिना जीवन चल्दैन भन्दै राजवंशीहरू माटोको सम्मान स्वरुप काद सिरुवा खेल्छन्।

सिरुवाको पहिलो दिन आइतबार राजवंशी समुदायका व्यक्तिहरूले हर्षोल्लासका साथ 'पानी सिरुवा' मनाउँछन्। लगातार तीन दिन मनाइने सिरुवाअन्तर्गत अन्तिम दिन रंग सिरुवा मनाइन्छ। यो पर्वका अवसरमा सरकारले ती जिल्लामा बिदा दिएको छ भने जुडशीतल पर्वका अवसरमा प्रदेश नम्बर २ सरकारले आफू मातहतका आठवटै जिल्लामा सार्वजनिक बिदा दिएको छ। सिरुवा पर्वका अवसरमा तराईका विभिन्न ठाउँमा मेला समेत आयोजित गरिन्छ।



नरेन्द्र बस्नेत

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल**।